अन्तिम लेखापरीक्षण प्रतिवेदन

छिन्नमस्ता गाउँपालिका
सप्तरी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

छिन्नमस्ता गाउँपालिका
सप्तरी

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

छिन्नमस्ता गाउँपालिका

सप्तरी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
मधेश प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ७५

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

छिन्नमस्ता गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

छिन्नमस्ता, सप्तरी ।

१. **कैफियत सहितको राय** – हामीले छिन्नमस्ता गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.७ करोड १४ लाख ७० हजार बेरुजू देखिएको छ । सो मध्ये त्यहाँबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. १ करोड ४९ लाख ९० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ करोड ३५ लाख ७४ हजार, नियमित गर्नुपर्ने रु.२ करोड २१ लाख ५० हजार र पेश्की बाँकी रु.७ लाख ५६ हजार बेरुजु कायम रहेको छ । छिन्नमस्ता गाउँपालिकाको गतवर्ष सम्म रु.२७ करोड ४५ लाख ७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ३४ करोड ५९ लाख ७७ हजार रहेको छ । छिन्नमस्ता गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति

र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ। हाम्रो लेखापरिक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने छिन्नमस्ता गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी छिन्नमस्ता गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्यामप्रसाद भण्डारी)

नायब महालेखापरीक्षक

छिन्नमस्ता गाउँपालिका,

सप्तरी जिल्ला,

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्योंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
७७	२४४	७१४७०	०	०	०	७७	२४४	७१४७०	१४९९०	२२१५०	३३५७४	०	०	५५७२४	७५६

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्योंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सप्तरी	२७४५०७	०	०	२७४५०७	०	७१४७०	३४५९७७

३. बेरुजु सम्परीक्षणको विवरण

क्र. सं	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७९।८० (चालु वर्षको)	-	-	-
२	चालु वर्षको जम्मा	-	-	-
३	गत विगत वर्षतर्फको	-	-	-
४	गत विगतको जम्मा	-	-	-
५	कुल जम्मा	-	-	-

नोटः गत विगतको सम्परीक्षणको सन्दर्भमा आवश्यकता अनुसार आर्थिक वर्ष थप गर्न सकिनेछ ।

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

परिचय

२ **कार्यालयको परिचय -**स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा रहेको छ भने क्षेत्रफल ३८.७२ वर्ग किलोमिटर तथा २८३७० जनसंख्या रहेको छ ।

३ **लेखापरीक्षणको उद्देश्य -** स्थानीय तहको वित्तीय विवरण तथा कारोबारको नियमितता तथा औचित्यको आधारमा परीक्षण गरी वित्तीय प्रतिवेदन उपर उचित आश्वस्तता प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य रहेको छ। वित्तीय लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण लेखापरीक्षण नीति मानदण्ड व्यवस्थापन प्रतिनिधित्व लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षणसम्पन्न गरिएको छ ।

४ **संवैधानिक तथा कानूनी व्यवस्था -** नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानूनको अधिनमा रही गाउँपालिकामा निहित हुने र धारा २२९ मा व्यवस्थापकीय अधिकार गाउँसभामा रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा पालिकाको हुने उल्लेख छ। सोही अधिकार बमोजिम गाउँपालिकाले कार्य गर्दै आएको छ ।

५ **आर्थिक कारोवारको स्थिती -** आर्थिक कारोवारको स्थिती स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायतता समेत स्थानीय संचित कोष व्यवस्थापन प्रणाली **(SuTRA)** बाट तयार भएको आर्थिक वर्ष २०७९।८० को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ ।

प्राप्ती भुक्तानी हिसाव								
विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत /सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		९२,२१,१२,२९६.६९	३५,०४,१४,४७६.५३		३५,०४,१४,४७६.५३	३८,०७,५५,३०८.६३		३८,०७,५५,३०८.६३
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		९२,२१,१२,२९६.६९	३५,०४,१४,४७६.५३	०.००	३५,०४,१४,४७६.५३	३८,००,९२,०५८.६३	०.००	३८,००,९२,०५८.६३
११००० कर	११	२१,२९,५९,२८३.४७	७,२१,३१,०७८.१५	०.००	७,२१,३१,०७८.१५	७,९८,४५,०५८.६३	०.००	७,९८,४५,०५८.६३
१३००० अनुदान		२८,८१,४९,०००.००	२७,७४,४१,५००.००	०.००	२७,७४,४१,५००.००	३०,०२,४७,०००.००	०.००	३०,०२,४७,०००.००
संघीय सरकार	१२	२६,९८,३४,०००.००	२६,११,२६,५००.००	०.००	२६,११,२६,५००.००	२७,७७,४६,०००.००	०.००	२७,७७,४६,०००.००
प्रदेश सरकार	१२	१,८३,१५,०००.००	१,६३,१५,०००.००	०.००	१,६३,१५,०००.००	२,२५,०१,०००.००	०.००	२,२५,०१,०००.००
१४००० अन्य राजस्व		१४,८५,०००.००	८,४१,८९८.३८	०.००	८,४१,८९८.३८	०.००	०.००	०.००
१५००० विविध प्राप्ति		८५,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००
३२००० वित्तीय सम्पत्ति		४१,९४,३४,०१३.२२	०.००	०.००	०.००	०.००	०.००	०.००

ख. अन्य प्राप्ति						६,६३,२५०.००		६,६३,२५०.००
वितरण गर्न बाकी राजस्व		०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
कोषहरु		०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
धरौटी		०.००	०.००	०.००	०.००	६,६३,२५०.००	०.००	६,६३,२५०.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
भुक्तानी (ग+घ)		९२,२१,१२,२९६.६९	६१,५३,३८,९५७.१९		६१,५३,३८,९५७.१९	३६,८८,३०,१२५.९९		३६,८८,३०,१२५.९९
ग. भुक्तानी (सञ्चित कोषबाट)		९२,२१,१२,२९६.६९	६१,४७,२९,९१२.१९		६१,४७,२९,९१२.१९	३६,८८,३०,१२५.९९		३६,८८,३०,१२५.९९
२१००० पारिश्रमिक / सुविधा	१८	१२,४८,१३,०००.००	११,३५,७४,७१५.९२	०.००	११,३५,७४,७१५.९२	१०,७७,६८,३२३.५१	०.००	१०,७७,६८,३२३.५१
२२००० मालसामान तथा सेवाको उपयोग	१८	२९,४८,७९,२९६.६९	२२,२४,९३,६७७.४२	०.००	२२,२४,९३,६७७.४२	५,२८,६६,०४५.०२	०.००	५,२८,६६,०४५.०२
२५००० सहायता (Subsidy)	१८	६९,९९,०००.००	४०,१७,६८८.८५	०.००	४०,१७,६८८.८५	८१,०१,४२५.००	०.००	८१,०१,४२५.००
२६००० अनुदान	१८	११,५०,०००.००	१०,००,०००.००	०.००	१०,००,०००.००	०.००	०.००	०.००
२७००० सामाजिक सुरक्षा	१८	९९,२०,०००.००	४८,६७,२६०.००	०.००	४८,६७,२६०.००	४५,८३,९४६.००	०.००	४५,८३,९४६.००
२८००० अन्य खर्च	१८	६०,५०,०००.००	४७,९९,१२०.००	०.००	४७,९९,१२०.००	९,९५,२४,२७५.८९	०.००	९,९५,२४,२७५.८९
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	४७,७८,०१,०००.००	२६,३४,९९,८७२.००	०.००	२६,३४,९९,८७२.००	९,५९,८६,११०.५७	०.००	९,५९,८६,११०.५७
३२००० वित्तीय सम्पत्ति	१८	५,००,०००.००	४,७७,५७८.००	०.००	४,७७,५७८.००	०.००	०.००	०.००
घ. अन्य भूक्तानी			६,०९,०४५.००		६,०९,०४५.००	३६,८८,३०,१२५.९९		३६,८८,३०,१२५.९९
कोषहरु		०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
धरौटी		०.००	६,६३,२५०.००	०.००	६,६३,२५०.००	०.००	०.००	०.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			(५४,२०५.००)		(५४,२०५.००)			
ङ. यो वर्षको बचत (न्युन)			(२६,४९,२४,४८०.६६)		(२६,४९,२४,४८०.६६)	१,१९,२५,१८२.६४		१,१९,२५,१८२.६४
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			४२,०२,७८,५००.२२		४२,०२,७८,५००.२२	४०,२४,३३,०६०.५५		४०,२४,३३,०६०.५५
वर्षान्तको बाकी रकम (ङ + च)			१५,५३,५४,०१९.५६		१५,५३,५४,०१९.५६	४१,४३,५८,२४३.१९		४१,४३,५८,२४३.१९
बैंक तथा नगद बाकी	२४		१५,५३,५४,०१९.५६		१५,५३,५४,०१९.५६	४१,७४,७९,९६२.९३		४१,७४,७९,९६२.९

६ **लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु.६१७७७८ असुली भई आन्तरिक राजस्व र सञ्चित कोष दाखिला भएको छ ।

कार्यक्रम/ब.उ.शी.नं.	वापत	रकम	मिति	दाखिला भएको बैङ्क
आन्तरिक आय	आन्तरिक राजस्व	३४०८७०	२०८०।०५।१७/१८/१९	ग्लोबल आई एम ई बैङ्क
समाजिक सुरक्षा	बैङ्कले फिर्ता गर्नुपर्ने रकम	२७६२०८	२०८०।०५।१८	राष्ट्रिय वाणिज्य बैङ्क

७ **लेखापरीक्षण -** यस पालिकाको आर्थिक वर्ष २०७९।०८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ। लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्ः

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

७ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	हिसाब मिलान गरेको रकम	फरक
	संचित कोष	११९५६०४१५.६२	११९६६५०६६.५१	नगरेको	१०४६५०.८९
	विविध कोष खाता	-	५७९९४२.५०	नगरेको	५७९९४२.५०
	आकस्मिक कोष खाता	०	०		०
	पूँजीगत खाता	०	०		०
	धरौटी खाता	६९१२३७	६९१२३७		०
	चालू खाता	०	०		०
	विपद व्यवस्थापन कोभिड	०	०		०
जम्मा		१२०२५१६५२.६२	१२०९३६२४६.०१		६८४५९३.३९

सैद्धान्तिक बेरुजु

९ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.८४४४८७ , यस वर्षको प्राप्ति रु.(२०३९०८०.३५),यस वर्षको भुक्तानी रु.(३५६०२३६६.९०)र बैङ्क मौज्दात रु.२४४१७७७३.५५ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यस वर्षको प्राप्ति	यस वर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	४२०२७८५००.२२	३५०४१४४७६.५३	६१५३३८९५७.१९	१५५३५४०१९.५६
एकीकृत आर्थिक विवरणअनुसार	४१९४३४०१३.२२	३५२४५३५५६.८८	६५०९४१३२४.०९	१२०९३६२४६.०१
फरक	८४४४८७	(२०३९०८०.३५)	(३५६०२३६६.९)	३४४१७७७३.५५

सैद्धान्तिक बेरुजु

१० **ससर्त अनुदान फिर्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) को अनुसूची २१ मा फिर्ता गर्न बाँकी अनुदान रु.३५५५८१६१ देखाएकोमा पालिकाको बैङ्क खाता परीक्षण गर्दा पालिकाले राजस्व पोर्टलको माध्यमबाट संघीय सरकारलाई रु.३४९५०१८९.९४ र मशेश प्रदेश सरकारलाई रु.६०७९७२ गरी कुल रु.३५५५८१६१.९४ फिर्ता गरेको छ । पालिकाले सूत्रमा पनि बाँकी फिर्ताको रकम हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **सञ्चित कोषमा स्थानान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.५८५५६४५५.६२ पुँजीगत खातामा रु.६११०८६१०.८९, गरी कुल रु.११९६६५०६६.५१ मौज्दात रहेकोमा पालिकाले मिति २०८० असोज १७ गते मात्र सञ्चितकोषमा सथानान्तरण गरेको छ। पालिकाले नियमानुसार तोकिएको समयमा नै रकम स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ।पालिकाको बैङ्क खाता र स्रेस्ता परीक्षण गर्दा विविध खर्च खातामा रु.५७९९४२.५ बैङ्क मौज्दात रहेको तर पालिकाले सूत्रमा आम्दानी बाँधेको देखिएन । उक्त रकम विविध खर्च खातामा कुन स्रोतबाट के प्रायोजनको लागि आएको हो भन्ने सम्बन्धमा सपष्ट नभएको जानकारी पालिकाले गराएको छ ।पालिकाले उक्त रकम सूत्रमा आम्दानी बाँधी हिसाब मिलान गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १६ (१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्च वार्षिक रु.२६ करोड ३४ लाख ९९ हजार ८७२ खर्च भएकोमा प्रथम त्रैमासिकमा ४ करोड ४५ लाख ५६ हजार ४४ अर्थात १६.९० प्रतिशत, दोस्रो त्रैमासिकमा रु.२ करोड १ लाख ९२ हजार ६७० अर्थात ७.६६ प्रतिशत तेस्रो त्रैमासिकमा रु.७७ लाख ५० हजार ६१६ अर्थात २.९४ प्रतिशत र चौथो त्रैमासिकमा रु.१९ करोड १० लाख ५४१ अर्थात ७२.४८६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु.१३ करोड ९० लाख ७९ हजार १३१ अर्थात ५२.७८ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।

क्र.स.	**बजेट उपशिर्षक**	**कुल खर्च**		**त्रैमासिक खर्च**			
			प्रथम त्रैमासिक	**दोस्रो त्रैमासिक**	**तेश्रो त्रैमासिक**	**चौथो त्रैमासिक**	**असार महिना**
१	पूँजिगत खर्चतर्फ	२६३४९९८७२	४४५५६०४४	२०१९२६७०	७७५०६१६	१९१०००५४१	१३९०७९१३१
	प्रतिशत	१००	१६.९०	७.६६	२.९४	७२.४८६	५२.७८

सैद्धान्तिक बेरुजु

१३ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल बमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।

• पालिकाले एक आर्थिक वर्ष मित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा पालिकाले २०८० असोज १७ गते मात्र ट्रान्सफर गरेको छ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाइयो ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।

• साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।

• कतिपय सड्क तथा कुलो/नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ ।

• जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ ।

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टिडिएस नगरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय |प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता |समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन | लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन ।

• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको ।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।

• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ।

• पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक गरेको छैन ।

• पालिकाले चल अचल सम्पति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था अनुसार पालिकाले सम्पतिको अभिलेख तथा जिन्सी लगत तयार गर्नु पर्ने भनी गत विगतको प्रतिवेदनमा उल्लेख भए पनि सो व्यवस्थाको कार्यान्वयन भएको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१४ **खरिद आदेश र जिन्सी दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ९५ अनुसार कार्यालयले खरिद गरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएका सम्पत्ती तथा जिन्सी मालसामानको विवरण मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँधी लगत अधाविधक गर्नुपर्ने र कार्यालयले सामाग्री खरिद गर्नु पूर्व खरिद आदेश जारी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले देहाय अनुसारको समानहरु खरिद आदेश वेगर खरिद भएको र कार्यालयमा जिन्सी दाखिला नगरेकोले उक्त समानहरु खरिद आदेश र दाखिला प्रमाण पेश हुनुपर्ने रू

गो.भौ.नं. मिति	आपुर्तिकर्ता	विवरण	रकम
३१८-०७९।१२।१५	संतोष कुमार राय	होडिङ वोर्ड २ थान	४९४९४
१८७-०७९।०९।२१	प्रदिप कुमार यादव	पोशाक, साबुन, सेनिटईजर, डस्टविन, कुदाली आदी	२१२४७६
३९४-०८०।०१।११	गजेन्द्र प्रसाद मण्डल	स्टेशनरी समाग्री	४९६०५
३९७-०८०।०१।१२	रमेश प्रसाद यादव	डस्टविन, झारु, कोदाली, भ्याकसिन, निडल, डिसपोजल, सिरिंच, जिष्ट	२०२३००
४४६-०८०।०२।०२	संतोष कुमार राय	कापी ५३४ थान, पेन ५३४ थान, मारकर ,डस्टर	९६८४१
५९०-०८०।०३।१३	माधव खाद विज भण्डार	सुपर ग्रिन ब्याग ३५८ थान	१५००००

९०/५२८-०८०।०२।२४	संतोष कुमार राय	पेन डाईभ ८० थान, ब्याग ८० थान, डायरी ८० थान, पाइलट पेन ८० थान आदी	५५५८८१
३०१-०७९।१२।१०	घनेन्द्र कुमार यादव	भ्याकसिन, निडल, डिसपोजल, सिरिंच, जिष्ट	१९९९७५
३९२-०८०।०१।०८	घनेन्द्र कुमार यादव	भ्याकसिन, निडल, डिसपोजल, सिरिंच, जिष्ट	३०००००
३९६-०८०।०१।११	रमेश प्रसाद यादव	भ्याकसिन, निडल, डिसपोजल, सिरिंच, जिष्ट	२०००००
२९४-०७९।११।२९	रमेश प्रसाद यादव	भ्याकसिन, निडल, डिसपोजल, सिरिंच, जिष्ट	२०००००
जम्मा			२२१६५७२

प्रमाण पेश नगरेको	२२,१६,५७२

१५ **सेवा प्रवाह सम्बन्धी विवरण -** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयहरुको काम,कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रका जनताहरुलाई छिटो, छरितो तथा मितव्ययि तवरले सेवा प्रवाह गरी स्थानिय स्तरमा सुशासनको प्रत्याभूति हुने गरी सेवा प्रवाह गर्नुपर्दछ ।उपलब्ध विवरण अनुसार पालिकाले यस आ.व मा प्रदान गरेको सेवा प्रवाहको स्थिती देहायबमोजिम रहेको छ ।

विवरण	**जम्मा**
स्वीकृत घरनक्सा दर्ता पास	००
पञ्जिकरणतर्फ	
जन्मदर्ता	१२३६
मृत्युदर्ता	१४८
बसाईसराई दर्ता	७२
विवाह दर्ता	३४८
सम्बन्धविच्छेद दर्ता	१
पूर्वाधार विकास सडक निर्माण	

पोल तार खरिद तथा जडान	१.१ km
आर सि सि ढलान	३ km
पि सि सि ढलान	४४० m
ग्राभेल सडक निर्माण तथा मर्मत	२१ km
लाइट जडान कार्य	१५ km
प्रतिक्षालय निर्माण	२
शौचालय निर्माण	२
भवन निर्माण	१०
मन्दिर निर्माण	१०
कल्भर्ट निर्माण	२

सैद्धान्तिक बेरुजु

१६ **खर्च बिश्लेषण -** पालिकाले यस बर्ष कुल आन्तरिक आयबाट रु.६६७६४०८।५८ राजस्व बाँडफाँड र अनुदानबाट रु.३४३७३८०६७।९५ समेत रु.३५०४१४४७६।५३ आम्दानी भएकोमा चालु तर्फ रु.३५०७५२४६२।१९ र पूँजिगत तर्फ रु २६३४९९८७२ र बित्तिय ब्यबस्था तर्फ रु.४७७५७८ समेत रु.६१४७२९९१२।१९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०८ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु.८३०६००० खर्च भएको छ जुन आन्तरिक आयको १२४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट १०२ प्रतिशत चालु र ७७ प्रतिशतमात्र पूँजिगत खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१७ **क्षेत्रगत बजेट र खर्च सम्बन्धी विवरण -** स्थानिय तहले एकीकृत,समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको आ.व २०७९।०८० मा क्षेत्रगत बजेट र खर्चको स्थिती देहाय अनुसार रहेको छ ।

मुख्य क्षेत्र	**वार्षिक वजेट**	**खर्च रकम**	**कुल खर्च मध्ये प्रतिशत**
आर्थिक विकास	३७४१४०००।००	१७४११३७३.००	२.८३
सामाजिक विकास	२०३०३००००।००	१६५४१५२०२.००	२६.९१

पूर्वाधार विकास	४८२४६०२३०।००	२७८५३७७५१.००	४५.३१
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	७६९११०६६।६९	७१०४८८१२.००	११.५६
कार्यालय सञ्चालन तथा प्रशासनिक	१२०५३८०००।००	८२३१६७७३.००	१३.३९
जम्मा	**९२०३५३२९६।६९**	**६१४७२९९१२.७३**	१००

माथि प्रस्तुत तालिका अनुसार पालिकाले पूर्वाधारको क्षेत्रमा सबैभन्दा बढी अर्थात रु.४८२४६०२३० र सबैभन्दा कम आर्थिक विकास क्षेत्रमा अर्थात रु.३७४१४००० विनियोजन गरेको छ ।कुल खर्चमा खर्च प्रतिशत विश्लेषण गर्दा पूर्वाधार विकास क्षेत्रमा नै सबैभन्दा बढी ४५.३१% तथा सबैभन्दा कम आर्थिक विकासको क्षेत्रमा अर्थात २.८३% खर्च प्रगति भएको छ ।लक्ष्यनुसार खर्च प्रगति हासिल गरी नगरपालिका तथा नगरवासीको सुशासन तथा संस्थागत विकासमा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९-०३-१० मा रु.९१ करोड ७३ लाख ५३ हजार २९६ पैसा ९६ को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९-०३-१० मा पारित भएको छ।यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९-०६-०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।समयमानै बजेट पेश,स्वीकृत र अख्तियारी प्रत्यायोजन गरी बजेट कार्यान्वयनमा प्रभावकारी ल्याउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२० **योजनाको प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नाअनुसारका कुल ३९३ योजनामा वजेट विनियोजन गरेको छ।

विवरण	रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
योजना संख्या	१५	१९	१३८	१४१	८०	३९३

उपर्युक्त विवरणअनुसार नगरपालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । पालिकाले यस वर्ष जम्मा ३९३ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका १७२ वटा योजना छन् जुन कुल योजना संख्याको ४४ प्रतिशत हुन आउँछ ।जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने हुँदा पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **वार्षिक लक्ष्य तथा प्रगति -** कार्यालयले चौमासिक र बार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम/योजना	**कुल कार्यक्रम**	**वार्षिक प्रगति स्थिति**				
		शून्य प्रगती	**२५% सम्म प्रगति**	**५० % सम्म प्रगति**	**७५% सम्म प्रगति**	*७५ प्रतिशत भन्दा माथि*
कार्यक्रम संख्या	७५६	२८२	१०	६	२१	४३७

सैद्धान्तिक बेरुजु

२२ **गत वर्षको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा गाउँसभा आइटम वाइज पारित गरी खर्च लेख्नुपर्नेमा विभिन्न फर्मको मागदावी भए अनुसार खर्च भएको भन्ने जवाफ पेश भएकोले पारित रकमभन्दा बढी रकमको आइटमवाइज र शिर्षकगत तवरले एकिन गरी पुनःनगरसभाबाट अनुमोदन गर्नुपर्ने रु.९६५१८११९ देखियो। अतः शिर्षकगत

रकम एकिन गरेर आधार,कारण र प्रमाणको आधारमा मात्रै दायित्व सिर्जना गर्नुपर्नेमा निरन्तर गत आ.व को भुक्तानी बाकीमा खर्च लेखेकोले यस्तो स्थितिमा नियन्त्रण गर्नुपर्दछ। पालिकाबाट हुने खर्च र कार्यक्रमको पारदर्शिता र जवाफदेहिता कायम गरी जनतालाई खर्च हुने रकमको थाहा पाउने किसिमले खर्च गर्ने प्रणाली अवलम्बन हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २६ र यो बर्ष थप भएको ३० गरी कुल ५६ विवाद तथा उजुरी दर्ता भएकोमा २३ वटा मात्र फछ्र्यौट भई ३३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३ वटा ऐन, २ वटा नियमावली, १० कार्यविधि तथा मापदण्ड गरी जम्मा १५ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

सैद्धान्तिक बेरुजु

२५ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २२ जना पदपूर्ती भएको देखिन्छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार सहायक पाचौ, सहायक चौथो तथा आन्तरिक लेखापरीक्षक सहित १७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरुको पदपूर्तिको लागि लोक सेवा आयोगमा रिक्त पदको विवरण पठाइ यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई रु.२२५१००० अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने

अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **आयोजना बैंकः** स्थानिय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानिय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनितिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने, त्यस्ता योजना संघिय सरकार र प्रदेश सरकारका योजना अनुकूल हुनुपर्ने विभिन्न अन्तरसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ ।योजना बनाउँदा आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादन मूलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानिय स्तरका जनताको सहभागिता जुट्ने, स्वयंम परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानिय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना सञ्चालन गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले आवधिक योजना बनाई कार्यान्वयनमा ल्याएको पाइएन । स्थानिय आवधिक योजना र आयोजना बैकको अवधारणा कार्यान्वयन गरी आयोजना छनौट र आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **खरिद योजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने र नियम ८ अनुसार वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ ।तर पालिकाले वार्षिक खरिद योजना तयार नगरी खरिद कार्य गर्ने गरेको छ । जसले गर्दा ठेक्का व्यवस्थापन नहुने, उपयुक्त समयमा गुणस्तरीय वस्तु तथा सेवा प्राप्ति नहुने, समयमा नै निर्माण कार्य सम्पन्न नहुने र पूँजीगत खर्च पनि वर्षान्तमा अत्याधिक पुगेको देखिन्छ । अतः वार्षिक खरिद योजना तयार गरी खरिद कार्य गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२९ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ।

सैद्धान्तिक बेरुजु

३० **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था

देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **धरौटी फिर्ता -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ को उपनियम २ मा निर्माण व्यवसायीले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश भएपछि रिटेन्सन मनि फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले कर चुक्ता प्रमाण संलग्न नगरी देहायको निर्माण व्यवसायी र सप्लायर्सको धरौटी रकम फिर्ता गरेकोले भुक्तानी भएको वर्षको कर चुक्ता प्रमाण र भुक्तानी भएको रकमको मल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश हुनुपर्ने रु.

गो.भौ.नं. /मिति	व्यवसायीको नाम	धरौटी फिर्ता रु
६-०७९।०८।०९	आयुष ट्रेडस एण्ड सप्लायर्स	३३५००
६-०७९।०८।०९	जय माँ काली ट्रेडर्स एण्ड सप्लायर्स	१०३५००
६-०७९।०८।०९	ललिता इलेक्ट्रोनिक्स ट्रेडर्स एण्ड सप्लायर्स	९९५००
६-०७९।०८।०९	निकिता ट्रेडर्स एण्ड सप्लायर्स	३३५००
६-०७९।०८।०९	मेघा इमफोसिस	३३५००
६-०७९।०८।०९	ऊँ साई जेनेरल स्टोर एण्ड सप्लायर्स	३३५००
७-०७९।०८।२५	लक्ष्मी निर्माण सेवा	४३५००
७-०७९।०८।२५	माँ कुन्ती निर्माण सेवा	२१७५०
७-०७९।०८।२५	निकिता ट्रेडर्स एण्ड सप्लायर्स	४३५००
७-०७९।०८।२५	ऊँ साई जेनेरल स्टोर एण्ड सप्लायर्स	४३५००
७-०७९।०८।२५	शान्ति माँ निमार्ण सेवा	६२२५०
७-०७९।०८।२५	नेहारानी ट्रेडर्स एण्ड सप्लायर्स	४३५००
७-०७९।०८।२५	सक्षम राज कन्स्ट्रक्सन	६५२५०
जम्मा		६६०२५०

प्रमाण पेश नगरेको	६,६०,२५०

३२ **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने साथै सबै तहको सरकारी निकायको लागि अर्थ मन्त्रालयबाट जारी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक संयन्त्रबाट सम्पादन हुन सक्ने सम्भाव्यता अध्ययन जस्ता कार्यमा परामर्श सेवा खरिद गर्न नहुने व्यवस्था छ ।बजेट व्यवस्था भइ कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ ।यस स्थानिय तहले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराएको छ ।यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिइ स्वीकृत बजेट बमोजिम कै हाराहारीमा हुने गरी रु.१६४३०२० खर्च गरेको छ । यसरी डीपीआर तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट नगरेको तथा परामर्शदाताबाट पेश भएका प्रतिवेदनहरु कार्यालयको जिन्सी खातामा दाखिला हुनुपर्नेमा दाखिला नभएको साथै अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

क.सं.	कार्यक्रमको नाम	परामर्शदाता	स्वीकृत बजेट	खर्च रकम
१	वडा नं १ बरही थान पोखरी क्रिकेट मैदानको लागी डीपीआर	ए वन इन्जिनियरिङ्ग डिजाइन एण्ड कन्सट्रक्सन प्रा. लि.	११५००००	११४८०८०
२	बाबा डिहबार बाबाको सौन्दर्यकरणका लागि डी पी आर	कोशी इन्जिनियरीङ्ग कन्सल्टेण्ट	५०००००	४९४९४०

सैद्धान्तिक बेरुजु

३३ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (१) अनुसार पेश्की फस्यौट हुनुपर्दछ । पालिकाबाट देहाय अनुसार म्याद समाप्त भएको व्यक्तिगत पेश्की बाँकी रु.७५५५१५ लेखापरीक्षणको अवाधि सम्म पनि फस्यौट नभएकोले नियमानुसार फछ्यौट हुनु पर्ने रु.

भौ.नं.	**मिति**	**कार्यक्रम**	**पेश्की लिनेको नाम**	**पेश्की रकम**
१	२०७९।०८।१६	वडा नं ३ को जनप्रतिनिधि तथा कर्मचारी समेतको भ्रमण कार्यक्रम	जितेन्द्र कुमार झा	१८००००
२	२०८०।०३।२४	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	पिङकी कुमारी राय	५७५५१५

पेश्की	७,५५,५१५

३४ **आन्तरिक आय**

३४.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ। पालिकाले राजस्व

आम्दानीतर्फ म.ले.प.फा.नं. १०५ र १०८ नराखेकोले प्रयोग भएका सबै नगदी रसिद पोष्टिङ्ग भएको र कुन कुन समयमा बैंक दाखिला भएको हो यकिन गर्न सकिएन।

सैद्धान्तिक बेरुजु

३४.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
१२६१७५८३८	६६७६४०८	५.२९

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.३५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३५ **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	**अनुमान**	**असुली**	**असुली प्रतिशत**
परीक्षा शुल्क	३०,०००.००	१,३५,२००.००	४५१
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	२,५९,३९,२८३.४७	०	०
घरजग्गा वहाल कर	८,००,०००.००	८५,९७५.२०	१०.७४
नहर तथा कुलो उपयोग वापतको शुल्क	४०,०००.००	०	०
वहाल विरौटी शुल्क	१,२०,०००.००	०	०
अन्य दस्तुर	१,५०,०००.००	७,०६,६९८.३८	४७१
अन्य मनोरञ्जन कर	२५,०००.००	०	०

सैद्धान्तिक बेरुजु

३६ **पोखरी आय** - गाउँपालिका संग लेखापरीक्षणको क्रममा पोखरीको लगत प्रमाण माग्दा लगत नरहेको जवाफ प्राप्त भयो। तर लेखापरीक्षण स्थलगत अनुगमनका क्रममा वडा नं. १,४,३,२ र ७ मा सम्बन्धित वडाका जनता र वडाअध्यक्ष लगायतको जवाफ बाट वडामा १५ देखि १८ सम्म सार्वजनिक एलानी जग्गामा पोखरी रहेको र ती पोखरी स्थानीय जनताले गत विगतबाट उपयोग गरेको भनाइ रहेको छ। यसरी मौखिक जानकारीको अधारमा ७ वटा वडामा न्युनतम ११९ वटा पोखरी रहेको स्थिति छ। तर पालिकाले ती पोखरी ठेक्का नलगाए आयआर्जन तर्फ कुनै क्रियाशीलता देखाएका छैन। आन्तरिक राजस्व क दायरा बढाउन नापी कार्यालयवाट प्राविधिक सहयोगमा सार्वजनिक जग्गाका पोखरीका तत्कालीन तथ्याङ्क लिई ठेक्का गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३७ **हाटबजार** - गाउँपालिका संग लेखापरीक्षणको क्रममा हाटबजारको लगत प्रमाण माग्दा लगत नरहेको जवाफ प्राप्त भयो। तर लेखापरीक्षण स्थलगत अनुगमनका क्रममा सखडा बजार लगायत पालिका अन्तर्गत ५/६ वटा रहेको जानकारी प्राप्त भयो। पालिकाले हाटबजार व्यवस्थापन नगरेकोले ठेक्का प्रकृया अगाडि नबढाएको देखियो। पालिकाले हाटबजार व्यवस्थापन गरी आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

३८ **समयमा दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानून बमोजिम प्राप्त हुने राजश्व सोही दिन र सोदिन सम्भव नभए सोको भोलिपल्ट बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । श्रेस्ता परीक्षणको क्रममा पालिका अन्तर्गत सञ्चालित वडा कार्यालय लगायतबाट प्रप्त राजस्व समयमा बैङ्क दाखिला भएको पाइएन । कार्यालयमा प्राप्त राजस्व समयमा दाखिला नभएमा पालिकाले वार्षिक राजस्व प्राप्तिको लागि लिएको लक्ष्य पुरा गर्नमा समस्या आउनुका साथै यसको हिनामिना हुने सम्भावनालाई समेत नजरअन्दज गर्न सकिदैन् । तसर्थ प्रचलित कानून बमोजिम पालिकालाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **समाजिक सुरक्षा**

३९.१ **भत्ता वितरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ बमोजिम सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा आर्थिक बर्षको अन्त्यमा रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । यो वर्ष सामाजिक सुरक्षा भत्ता वडा नं.१ देखि ७ सम्मको लागि ग्लोबल आई एम ई बैंक मार्फत भत्ता वितरण गर्न रु. १३४४१०५६० निकासा भएको छ ।

सैद्धान्तिक बेरुजु

३९.२ **सामाजिक सुरक्षा कार्यक्रम संचालनः** समाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को अनुसूची ८ मा स्थानीय तह र बैंक बिच हुने सम्झौताको दफा ६ मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरणसहित बाँकी रकम भए पालिकालाई उपलब्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगतकट्टा भएमा लगतकट्टा

भएको मिति र पाउने रकम समेतको जानकारी पालिकाले तत्काल बैंकलाई उपलब्ध गराउनुपर्ने र सोको जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको उक्त मिति पछि रकम पालिकामा फिर्ता पठाउने तथा बैंकले निष्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने व्यवस्था छ। पालिकाबाट विभिन्न त्रैमासिकमा बैंकलाई रकम जम्मा गर्न पठाएको रकम मध्ये भुक्तानी नभई निष्क्रिय खातामा रहेको रकम रु. २७६२०८ संघीय सञ्चित कोषमा दाखिला भएको छ। लगत अद्यावधिक गरी रकम निष्क्रिय नहुने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३९.३ **लाभग्राहीको खातामा रकम जम्माः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा २५ मा बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्बर र जम्मा भएको रकम सहितको विवरण अनुसूची १३ बमोजिम त्रैमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई विधुतीय माध्यमबाट अनिवार्य रुपमा पठाउनु पर्नेछ र यसै विवरणलाई रकम वितरण भएको भरपाई मानिने व्यवस्था छ। पालिकाले सामाजिक सुरक्षा शीर्षकबाट जम्मा ५५४९ लाभग्राहीको खातामा रकम भुक्तानी गर्न बैंकलाई प्रत्येक वडाको विवरण सहित रु १३४४१०५६०.०० निकासा दिएकोमा बैंकबाट निम्नानुसार रु २७६२०८ फिर्ता गरेको छ। बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको विस्तृत विवरण पालिकामा पठाएको छैन । पालिकाले लाभग्राहीको खातामा रकम जम्मा गरेको विस्तृत विवरण माग गरी फिर्ता रकम एकीन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३९.४ **लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्नेमा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिकाको उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगातार १ बर्ष सम्म खाता निष्क्रीय भएमा, सामाजिक सुरक्षा भत्ता पाउने ब्यक्ति बसाई सरी अन्यत्र गएमा र अयोग्य ब्यक्ति भत्ता प्राप्त गरेको प्रमाणित भएमा स्थानीय तहको वडा कार्यालयमा ३५ दिनभित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राहीले घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जनकारी पाएमा सत्य तथ्य बुझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा लाभग्राहीको लगत कट्टा गरेको विवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले वास्तविक संख्या एकिन गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

३९.५ **पारदर्शिता र अनुगमन तथा निरीक्षणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने ब्यक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाग्राहीको नाम, दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना

स्थानीय एफ. एम. लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीयतहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ । यसवर्ष पालिकाले सो बमोजिम कार्य गरेको देखिएन ।

सैद्धान्तिक बेरुजु

४० **पोषण संवेदनशील कार्यक्रम** - महिला सहकारी तथा समूहमा बहुक्षेत्रीय पोषण सम्बन्धी आयमूलक कार्यक्रम सञ्चालन कार्यविधि,२०७७ मा स्थानीय तहमा महिला सहकारी तथा समूहमा आयमुलक कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था छ। यसको दफा ४ मा बहुक्षेत्रीय पोषण कार्यक्रमको सञ्चालन अन्तर्गत महिला सहकारी वा महिला समूह छनौट गरी व्यवसाय सञ्चालन मार्फत आय आर्जन बढाउने उद्देश्य रहेको प्रष्ट छ । यस कार्यक्रम अन्तर्गत पालिकाले विपन्न सदस्यको पोषणको अवस्था सुधार गर्न आय आर्जन कार्यक्रम सञ्चालन गरि माँ काली बहुउद्देशीय सहकारी लि.(६१०५८४९७०) सँग मिति २०८०।३।१३ मा सम्झौताम गरी सहकारीका २५ जना सदस्यलाई जनही रु.२५००० का दरले भौ.नं. १९५-०८०।३।८ बाट रु.६२५००० भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायनुसार छन्-

- कार्यविधिको दफा ५ मा अनुदान वित्तरण कार्यक्रमको लागि सम्बन्धित स्थानीय तहले पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नुपर्नेमा सो नगरेको ।
- दफा ७(२) अनुसार महिला लाभग्राही समुह वा सहकारी छनौट गर्दा सरकारी निकायबाट हालसम्म अनुदान प्राप्त नभएको सहकारी तथा समुहलाई प्राथमिकता दिनुपर्ने भनिएकोमा पालिकाद्वारा छनौट गरिएको माँ काली बहुउद्देशीय सहकारी लि. ले हालसम्म सरकारी अनुदान प्राप्त गरेको वा नगरेको कुनै जाँचबिना नै अनुदान दिएको ।
- दफा १० बमोजिम अनुदानका लागि छनौट भएका महिला सहकारी वा समूहले अनुसूची-३ बमोजिमका विषयमा बहुक्षेत्रीय पोषण योजना दोश्रो अन्तर्गतका स्वयमसेवक वा सम्बन्धित विज्ञ मार्फत तालिम दिनुपर्नेमा सो नभएको साथै अनुसूची ४ बमोजिमको व्यवसायीक योजना बनाउनुपर्नेमा सो नबनाएको ।
- दफा १५ अनुसार स्थानीय तहले अनुदान प्राप्त सहकारी वा समूहको अनुगमन गर्नुपर्ने र दफा १६ अनुसार सहकारीले अनुदान परिचालनको अवस्थाको बारेमा अर्धबार्षिक र वार्षिक रुपमा अनुसूची ५ बामोजिमको ढाँचामा स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्नेमा कुनै प्रतिवेदन पेश नभएकोले उक्त कार्यक्रम भए नभएको सम्बन्धमा शंका उत्पन्न भएकोले पालिकाले यस कार्यक्रमको स्थलगत अनुगमन गरी नियमानुसार कार्यक्रम भए नभएको यकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **उन्नत बीउमा कृषकहरूलाई अनुदान कार्यक्रम** - उन्नत बीउमा कृषकहरूलाई अनुदान कार्यक्रमको सञ्चालन प्रक्रिया,२०७७ को बूँदा नं. २.२ मा यस कार्यक्रम अन्तर्गत कृषकहरूलाई उपलब्ध गराउने उन्नत बीउको प्रतिस्पर्धात्मक बिक्री मूल्यको बढीमा ५०% अनुदान उपलब्ध गराउने व्यवस्था छ । गाउँपालिकाले उन्नत बीउमा कृषकहरूलाई अनुदान कार्यक्रमको सञ्चालन अन्तर्गत ५० प्रतिशत अनुदानमा डाक्नेश्वरी खाद्य बीज भण्डार (६०३८६९३४७) सँग मिति २०८०।१।२६ मा सम्झौता गरी भौ.नं.२२१-०८०।३।२४ बाट रु.१० लाख भुक्तानी दिएको छ । यसको श्रेस्ता परीक्षण गर्दा डाक्नेश्वरी खाद्य बीज भण्डारले सोना मन्सुली प्रति के.जी. रु.९० का दरले ६६६६ किलोग्राम, राधा-१२ धानको बीउ प्रति के.जी. रु.७५ का दरले ४००० किलोग्राम र भुट्टि कान्छि (BB११) प्रति के.जी. रु.९० का दरले ६६६६ किलोग्राम गरी कुल रु.१४९९८८० को धान बीउ

खरिद गरी वित्तरण गरेको देखिन्छ ।उपरोक्त नियमानुसार वित्तरण अनुदानको बढीमा ५० प्रतिशतका दरले रु.७४९९४० स्थानीय तहले व्यहोर्नुपर्नेमा पालिकाले रु.१० लाख भुक्तानी दिएकोले बढी भुक्तानी रकम डाक्नेश्वरी खाद्य बीज भण्डारसँग असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२,५०,०६०

४२ **दिवा खाजा -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को क्रियाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयका तोकिएका विद्यार्थीको लागि दिवा खाजा अन्तर्गत बालबिकास देखि कक्षा ६ सम्मको विद्यार्थीलाई प्रति विद्यार्थी प्रति दिन रु १५ का दरले खाजा खुवाएको दिनको आधारमा १८० दिनका लागि अनुदानको व्यवस्था गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली २०७७ को नियम ३९ को ५ मा सरकारी रकम खर्च गर्द त्यस्तो खर्च पुष्टि गर्न बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत संचालित १९ वटा विद्यालयलाई पालिकाले भौ. नं. ८४-०७९।८।२५ बाट रु.३१७२५००, भौ. नं. १३५- ०७९।१२।२२ बाट रु.२५८१८७५ र भौ. नं. १९८-०८०।३।१९ बाट रु.२४४०७२५ गरी जम्मा रु.८१९५१०० निकासा दिएको छ । यस सन्दर्भमा निम्नलिखित व्यहोरा देखियोः

४२.१ दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापन सम्बन्धि कार्य कार्यान्वयन पुस्तिको अनुसूची ४, दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका,२०७६ र विद्यालय दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका २०७७ अनुसार प्रत्येक विद्यालयले दैनिक आवश्यकताको ३०% पोषण दिवा खाजाबाट प्राप्त हुने गरी विद्यालयले खाजा खुवाउनुपर्ने व्यवस्थाको पूर्ण परिपालान नभएकोले पालिकाद्धारा उक्त कार्यको अनुगमन गरी खाजाको गुण्स्तरीयता लगायतका मापदण्डको पूर्ण पालन गराउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४२.२ आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली २०७७ को नियम ३९ को ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्न बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत संचालित १९ वटा विद्यालययहरुमध्ये नमुना छनौटको आधारमा श्रेस्ता परीक्षण गर्दा देहायका विद्यालयहरूको दिवा खाजा खुवाएको बिल भरपाई तथ कार्यान्वयन पुस्तिका अनुसार वि.व्य.स. र प्र.अ. द्धारा प्रमाणित सक्कल विद्यार्थी हाजिरीको प्रतिलिपि पेश नभएकोले ती विद्यालयहरूले दिवा खाजा खुवाएको प्रमाण पेश गर्नुपर्ने अन्थ्या असुल गर्नुपर्ने रू.

क.सं.	विद्यालयको नाम	निकासा रकम
१	छि.भू. संस्कृत मा.वि. सखडा	६७३८७५
२	रा.प्रा.वि. भटोतर	९४५००
३	दलित रा.वि. मुसहरी टोल	७४६०२५
जम्मा रकम		१५१४४००

साथै पालिकाद्वारा अन्य विद्यालयको दिवा खाजाको श्रेस्ता परीक्षण तथा विद्यालयहरुको स्थलगत अनुगमन गरी दिवा खाजा कार्यक्रम सञ्चालन गरे नगरेको बारे यकिन गर्नुपर्दछ ।

प्रमाण पेश नगरेको	१५,१४,४००

४३ **विद्यालयमा इन्टरनेट व्यवस्थापन अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानको बूँदा नं. ५.५ मा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ व्यवस्थापन गर्ने सबै सामुदायिक विद्यालयहरूमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्न प्रयोजनले प्रति विद्यालय वार्षिक रू.१२ हजारका दरले अनुदान उपलब्ध गराउने व्यवस्था छ र विद्यालयमा इन्टरनेट सुविधाको व्यवस्था तथा प्रयोगको पालिकाद्वारा नियमित अनुगमन गर्ने व्यवस्था भएकोमा गाउँपालिकाले भौ.नं. १३८-०८०।१।११ बाट रू.२२८००० देहायका १९ वटा विद्यालयहरुलाई इन्टरनेट जडानको लागि दिएको अनुदानबाट कुनै पनि विद्यालयले इन्टरनेट जडान गरेको पाइएन । तसर्थ, विद्यालयहरूले इन्टरनेट जडान गरेको बिल भरपाई लगायतका प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

क्र.सं.	**विद्यालयको नाम**	**निकासा रकम**
१	छि.भू. संस्कृत मा.वि. सखडा	१२०००
२	रा.प्रा.वि. रामपूरा, मोहनपुर	१२०००
३	रा.प्रा.वि. भटोतर	१२०००
४	रा.प्रा.वि. हाटी	१२०००
५	दलित रा.वि. मुसहरी टोल	१२०००
६	महन्थ रा.प्रा.वि. बरहीविरपुर	१२०००
७	बि.पि. रा.प्रा.वि. महुवा	१२०००
८	आधारभुत विद्यालय बरहीविरपुर	१२०००
९	मा.वि. लालपट्टी	१२०००
१०	रा.प्रा.वि. बरही विरपुर	१२०००
११	जरा प्रा.वि. मोहनपुर	१२०००
१२	जनता रा.प्रा.वि. बरही	१२०००
१३	जनता रा.प्रा.वि. खुदिबखारी	१२०००
१४	रा.प्रा.वि. लोखरम	१२०००

१५	बाबा डिहिबार रा.प्रा.वि. लालपट्टी	१२०००
१६	माँ भगवती रा.प्रा.वि. लालापट्टी	१२०००
१७	रा.प्रा.वि. गोविन्दपुर	१२०००
१८	जनता रा.प्रा.वि. कोचाबखारी	१२०००
१९	जनता मा.वि. खुदिबखारी,कुपही	१२०००
	जम्मा रकम	**२२८०००**

प्रमाण पेश नगरेको	२,२८,०००

४४ **प्रधानमन्त्री रोजगार कार्यक्रम नगरेको -** गाउँपलिकाले आ.व. २०७९।८० मा प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि आएको बजेट रु.३८८६००० खर्च नगरी फिर्ता गरेको छ ।प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि एक जना रोजगार संयोजक र एक जना रोजगार सहायकलाई बर्षभरी कामनै नगरी रु.५७७९५७ तलब भता भुक्तानी दिएको छ । जुन कामको लागि कर्मचारी नियुक्त गरेको हो त्यो काम नै नगरी बर्षभरी तलब भता भुक्ती दिएकोले राज्यको लगानी खेर जानुको साथै उक्त कार्यक्रम मार्फत राज्यले लिएको अल्पकालिन बेरोजगारी समस्या समाधानको नीतिलाई पालिकाले बेवास्ता गरेको देखिन्छ ।तर्सथ पालिकाले यस्तो कार्यक्रमको योजना बनाई पालिकाभित्र अल्पकालिन रोजगारी सृजना गरी पालिकावासीहरुको बेरोजगारी समस्या समाधानतर्फ ध्यान दिनुपर्दछ । गाउँपकालिकाको यस्तो कदमले केन्द्र सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत लिएको अल्पकालिन बेरोजगारी समस्या समाधानमा समेत सहयोग पुग्दछ ।

सैद्धान्तिक बेरुजु

४५ **विद्यालय सुधार योजना तथा अतिरिक्त क्रियाकलाप -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.१० मा विद्यलय सञ्चालन तथा व्यवस्थापन अनुदानको बूँदा नं. ५.३ मा आधारभूत तथा माध्यमिक विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, अभिभावक शिक्षा अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदान शिर्षक अन्तर्गत आधारभुत विद्यालयलाई १५ हजार र माध्यमिक विद्यालयलाई २० हजार एकमुष्ट अनुदान उपलब्ध गराउने व्यवस्था छ । विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका, २०७४ बमोजिम विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गरेका विद्यालयहरूलाई मात्र उपलब्ध गराउने। विद्यालय सुधार योजना निर्माण/ अद्यावधिक गर्दा अनिवार्य रूपमा विद्यालयस्तरीय कार्यशाला सञ्चालन गरी प्राप्त सुझाव अनुसार निर्माण/अद्यावधिक गर्नुपर्नेमा पालिका अन्तर्गत सञ्चालित कुनै पनि विद्यालयले विद्यालय सुधार योजना बनाएको पाइएन । पालिकाले भौ.नं. १३८-०८०।१।११ बाट १९ वटा विद्यालयलाई रु.३००००० निकासा दिएको छ ।तर देहायका विद्यालयहरूले उल्लेनित योजना वेगर अनुदान प्राप्त गरेको र सम्बन्धित कार्यमा अनुदान खर्च भएको नदेखिएकोले देहायका विद्यालयहरुबाट उक्त अनुदान रकम असुल गरी दाखिला गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	३,००,०००

४६ **विद्यालयको लेखापरीक्षण प्रतिवेदन** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालया सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको आर्थिक लेखापरीक्षण गराउनको लागि आधारभुत तह सञ्चालित विद्यालयलाई रु १०००० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रु १५००० अनुदान दिने व्यवस्था छ पालिका अन्तर्गत सञ्चालित ३४ वटा सामुदायिक विद्यालयहरुलाई लेखापरीक्षण बापतको अनुदान रकम भुक्तानी दिए पनि कुनै पनि विद्यालयले अन्तिम लेखापरीक्षणको दिनसम्म पनि आर्थिक लेखापरीक्षण गराएको पाइएन । विद्यालयहरुको आय व्ययको आन्तरिक लेखापरीक्षण समयमै गराएर गाउँपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **मुसहर बस्तीलाई जस्तापाता वित्तरण** - मुसहर बस्तीमा बाटो बनाउने क्रममा भत्केका घरहरूमा जस्तापाता वित्तरणको लागि पालिकाले भौ.नं. ७२३-०८०।३।२४ बाट ओ.ई.सि. कन्सट्रक्सन एण्ड सप्लायर्स (६१०१५०८१६) बाट जस्तापाता खरिद गरी रु.९३६८६० भुक्तानी दिएको छ। श्रेस्ता परीक्षणको क्रममा पालिकाले २८ गजको जम्मा ५७.५ बण्डल जस्तापाता खरिद गरी २.५ बण्डलका दरले २३ जना परिवारलाई वित्तरण गरेको देखिन्छ । आ.व. २०७९।८० सप्तरी जिल्लाको दररेट २८ गजको प्रति बण्डल रु.९०९५.८६ रहेको र मू.अ. कर तथा १५ प्रतिशत ओभरहेड समेत ५७.५ बण्डल जस्तापाताको रु.६७९४५५ भुक्तानी दिनुपर्नेमा रु.९३६८६० भुक्तानी दिएको पाइयो । यस सम्बन्धमा पालिकाले २८ गज जस्तापाताको जिल्ला दर रेट भन्दा बजार मूल्य अधिक भएकोले बढी भुक्तानी भएको जानकारी गराएको छ । तसर्थ, नियम विपरित जिल्ला दररेट भन्दा अधिक भुक्तानीलाई पालिकाले नियमित गर्नुपर्ने रु

अनियमित भएको	२,५७,४०५

४८ **विपन्न तथा दलित परिवारलाई घरको छाना वित्तरण** - गाउँपालिकाले विपन्न तथा दिलित २५ परिवारका लागि घरको छाना वित्तरण गर्न गहिल विल्डर्स एण्ड सप्लायर्स प्रा.लि. (६०६५९५३४४) सँग २४ गज (०.४५ मिमि) को ४९.३ बण्डल जस्तापाता खरिद गरी भौ.नं. १८२-०८०।३।२० बाट रु.९३४२८५ भुक्तानी दिएको छ ।श्रेस्ता परीक्षण गर्दा पालिकाले २९ जना घर परिवारलाई आवश्यकताको आधारमा ४९.३ बण्डल जस्तापाता वित्तरण गरेको छ । सप्तरी जिल्लाको २०७९।८० को जिल्ला दररेट अनुसार २४ गज (०.४५ मिमि) को प्रति बण्डल रु.१३१५८.४३ रहेको छ। मू.अ. कर र १५ प्रतिशत ओभरहेड समेत गरी कुल रु.८४३००० भुक्तानी दिनुपर्नेमा पालिकाले रु.९३४२८५ भुक्तानी दिएको छ ।यसरी बढी भुक्तानी रकम गहिल विल्डर्स एण्ड सप्लायर्स प्रा.लि. सँग असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	९१,२८५

४९ **कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.४९ मा कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताको लागि कार्यक्रम अन्तर्गत विद्यार्थी सिकाइमा भएको क्षतिको पहिचान गर्न शिक्षकहरूलाई कार्यमूलक अनुसन्धान गर्न लगाई प्रासिका आधारमा सिकाईको प्रवन्ध गर्ने, गृह विद्यालय सञ्चालन तथा घरदैलो कार्यक्रम सञ्चालन गर्ने र स्वीकृत श्रव्यदृष्यपाठ प्रसारणका लागि स्थानीय टेलिभिजन च्यानल तथा एफ.एम. रेडियोमार्फत प्रसारण लगायतको व्यवस्था मिलाई शैक्षिक क्षतिको पूर्ति गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले भौ.नं. १८३-०८०।३।१४ बाट सुजल बुक डिपो (३०२९११५९०) सँग कक्षा १-५ सम्मका मैथली किताब खरिद गरी रु.४००००० भुक्तानी दिएको छ । कोभिडको समयमा पठनपाठनमा भएको क्षतिलाई वैकल्पिक माध्यमबाट परिपुरण गर्न श्रव्यदृष्य अनलाईन कक्षा सञ्चालन गर्नुपर्ने कार्यक्रममा स्वीकृत भएको रकम त्यस विपरित

सुजल बुक डिपो (३०२९११५९०) सँग कक्षा १-५ सम्मका मैथली किताब खरिद गरी रु ४००००० खर्च लेखेको नियमसम्मत नभएको रु

अनियमित भएको	४,००,०००

५० **पाठ्यपुस्तक अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को क्रियाकलाप नं २.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदानको बूँदा नं.३.१ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १-१२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदानको व्यवस्था छ ।पालिकाले उक्त कार्यको लागि भौ. नं. १३९-०८०।१।११ बाट रू.२१३४२८० र भौ.नं. १९८-०८०।३।१९ बाट रु.४०६१६६ गरी कुल रु.२५४०४४६ भुक्तानी दिएकोमा देहायका व्यहोरा देखियोः

५०.१ IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्ययपुस्तकको सङ्ख्या यकिन गर्नुपर्नेमा पालिकाद्वारा सो नगरिएको।

सैद्धान्तिक बेरुजु

५०.२ विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक बर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो त्रैमासिकभित्र अनुदान दिने व्यवस्था भए पनि पाठ्यपुस्तकको लागि अनुदान रकम चौथो त्रैमासिकमा मात्र आउने गरेकोले सम्बन्धित निकाय मन्त्रलायले पाठ्यपुस्तक अनुदानको रकम कार्यान्वयन पुस्तिकाको निर्देशन बमोजिम स्थानीय तहमा समयमै निकासा दिई विद्यार्थीलाई समयमै पाठ्यपुस्क उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५०.३

- विद्यार्थीले शैक्षिक सत्रको सुरूवात मै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तहको हुने भनिएकोमा स्थानीय तहबाट सो अनुगमन नभएको।
- स्थानीय तहले शैक्षिक सत्रको सुरूमै पाठ्यपुस्तकको उपलब्धता र वितरणको सम्बन्धमा विक्रेता र विद्यालयबिच समन्वय गरी सोको प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाइमार्फत शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा जेठको पहिलो हप्ताभित्र अनिवार्य रूपमा पठाउनुपर्नेमा पालिकाद्वारा पाठ्यपुस्तक वितरण व्यवस्थापन सम्बन्धमा पठाएको पाइएन ।
- जिल्ला तथा स्थानीय तहले पाठ्यपुस्तक समयमा उपलब्धता, अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउनुपर्नेमा सो नभएकोले यथार्थमा विद्यार्थीले नयाँ पाठ्यपुस्तक पाए नपाएको यकिन नभएको ।

सैद्धान्तिक बेरुजु

५०.४ आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली २०७७ को नियम ३९ को ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्न बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत संचालित १९ वटा विद्यालययहरुमध्ये नमुना छनौटको आधारमा पाठ्यपुस्तक अनुदान र पुस्तक वित्तरणको श्रेस्ता परीक्षण गर्दा देहायका विद्यालयहरूको पाठ्यपुस्तक वापतको निकासा रकम वित्तरण भन्दा बढी भएकोले बढी निकासा रकम देहायका विद्यालयहरूबाट असुल गर्नुपर्ने रू.

क्र.सं.	विद्यालयको नाम	निकासा भएको	खर्च भएको	बढी निकासा
१	छि.भु.संस्कृत मा.वि. सखडा	३७७०५९	३४१५४४	३५५१५
२	माध्यमिक विद्यालय लालपट्टी	४०९०३९	३६९७५१	३९२८८
३	जनता मा.वि. खुदिबखारि	४१४१५०	३७२०५७	४२०९३
	जम्मा			११६८९६

साथै पालिकाद्वारा अन्य विद्यालयको पाठ्यपुस्तक वित्तरणको श्रेस्ता परीक्षण तथा विद्यालयहरुको स्थलगत अनुगमन गरी विद्यार्थिहरूलाई निशुल्क नयाँ पाठ्यपुस्तक वित्तरण गरे नगरेको बारे यकिन गर्नुपर्दछ ।

असुल गर्नुपर्ने	१,१६,८९६

५१ **छात्रवृत्ति वित्तरण -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ७.२.१.१ अनुसार सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृतीको व्यवस्था छ ।पालिकाले भौ. नं. १९८-०८०।३।१९ बाट रु.११५६३००, निकासा दिएकोमा देहायका विद्यालयहरूलाई छात्रृती वित्तरण भन्दा निकासा बढी भएकोले बढी निकासा रकम असुल गर्नुपर्ने रु.

क्र.सं.	विद्यालयको नाम	निकासा रू.	वित्तरण रू.	बढी निकास
१.	छि.भू. संस्कृत मा.वि. सखडा	२०६५००	०	२०६५००
२.	रा.प्रा.वि. भटोतर	१०८००	०	१०८००
३.	रा.प्रा.वि. हाटी	९१६००	८४०००	७६००
४.	महन्थ रा.प्रा.वि. बरहीविरपुर	२५६००	१३२००	१२४००
५.	आधारभुत विद्यालय बरहीविरपुर	९१२००	८८४००	२८००
६.	माध्यमिक विद्यालय लालपट्टी	१०७६००	०	१०७६००
७.	जनता मा.वि. कोचाबखारी	१०४५००	०	१०४५००

८.	जनता मा.वि. खुदिबखारी, कुपही	१२०४००	९७६००	२२८००
	जम्मा रकम	७५८२००	२८३२००	४७५०००

असुल गर्नुपर्ने	४,७५,०००

५२ **बढी तलब भुक्तानी** - श्री माध्यमिक विद्यालय लालपट्टीमा कार्यरत प्रा.वि. शिक्षक विजय कुमार मण्डल (संकेत नं. २३९३८) लाई शिक्षा विकास तथा समन्वय इकाईको प.सं. २०७९।८०, च.नं.७१८ बाट मिति २०७९।१०।२५ को निर्णय अनुसार निज विजय कुमार मण्डल आफ्नो ६० वर्ष शिक्षा सेवा पुरा गरी मिति २०७८।११।४ बाट अनिवार्य अवकास भएको छ । स्रेस्ता परीक्षण गर्दा विजय कुमार मण्डललाई मिति २०७९।९।३० सम्मको तलब भता भुक्तानी भएको पाइयो ।निज अनिवार्य अवकास हुँदा पनि तलब भता भुक्तानी भएकोले वियज कुमार मण्डलसँग अवकास पछिको भुक्तानी रकम असुल गरी राजस्व दाखिला गर्नुपर्ने रू.७१९७४४.५४

आ.व. २०७८।७९ २०७८।११।४ देखि २०७९।३।३० सम्मको (४ महिना २६ दिन र पोसाक समेत)	
४ महिनाको भुक्तानी रकम	२२२६३८.६०
२६ दिनको भुक्तानी रकम	५०३४४.७४
पोसाक बापत भुक्तानी	१००००
आ.व. २०७९।८० २०७९।४।१ देखि २०७९।९।३० सम्मको (६ महिना र दशैं खर्च समेत)	
६ महिना र दशैं खर्च बापत भुक्तानी	४३६७६१.२०
जम्मा असुल गर्नुपर्ने रकम	**७१९७४४.५४**

असुल गर्नुपर्ने	७,१९,७४५

५३ **मोबाइल खरिद** - गाउँपालिको पदाधिकारीहरुको सेवा, सुविधा सम्बन्धमा सम्बन्धित प्रदेश सभाले बनाएको कानुन बमोजिम हुने व्यवस्था रहेको छ । सो अनुसार मधेश प्रदेश सभाले बनाएको ऐन, सुविधा सम्बन्धि कानुनमा गाउँपालिकाका पदाधिकारीहरु तथा कर्मचारीलाई मोबाइल उपलब्ध गराउने व्यवस्था रहेको देखिएन । साथै गाउँ कार्यपालिकाले समेत पदाधिकारी तथा कर्मचारीहरूको यस्तो सुविधा सम्बन्धी मापदण्ड र निर्णय गरेको छैन । गाउँपालिकाको जिन्सि शाखाले उपलब्ध गराएको विवरण अनुसार पालिकाले आ.व. २०७९।८० भन्दा अगाडि २५ थान खरिद भएको र उक्त मोबाईल कसले बुझेको यथार्थ विवरण पालिकासँग नभएकोले पालिकाले यसको उचित छानबिन गरी बरबुझारत गराउने तथा उक्त मोबाइलको परलमूल्य सम्बन्धितसँग असुल गर्नुपर्दछ ।आ.व. २०७९।८० मा मात्र ९ थान नयाँ मोबाईल खरिद गरी देहायका पदाधिकारी तथा कर्मचारीहरुलाई उपलब्ध गराएको छ। यस्तो खर्च नियन्त्रण हुनुपर्दछ।

क्र.सं.	नाम	पद	मोबाइल स्पेशिफिकेशन	मूल्य	संख्या
आर्थिक वर्ष २०७९।८० मा खरिद भएको मोबाइलको विवरण					
१.	विद्यानन्द चौधरी	गाउँपालिका अध्यक्ष	One plus nord२ १२/२५६gb	६४१५९	१
२.	राजु देवी यादव	गाउँपालिका उपाध्यक्ष	Samsung galaxy A७९ ८/३५६gb	७६०००	१
३.	पिंकी राय	पोषण स्वंसेवक	Samsung galaxy tab	४८०००	१
४.	सूर्यनारायण यादव	अध्यक्ष वडा नं.४	One plus nord२ ८/१२८gb	४५५७५	१
५.	राज किशोर गुप्ता	सि.अ.हे.ब.	One plus nord२ ८/२५६gb	४०७०८	१
६.	दिपक मेहता	सूचना प्रविधि अधिकृत	One plus nord२ १२/२५६gb	६४१५९	१
७.	दिपेन्द्र प्रसाद यादव	प्रशासन प्रमुख	Redmi११ pro,८/१२८gb	४३७००	१
८.	अरुण कुमार यादव	जिन्सी शाखा प्रमुख	One plus nord२	६३०००	१
९.	संजय कुमार मेहता	लेखा प्रमुख	Samsung galaxy, S२१FE ८/२५६gb	७९७००	१

सैद्धान्तिक बेरुजु

५४ खेलकुद सामग्री वित्तरण

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली,२०७७ को नियम ३९ को ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्न बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले भौ.नं. ७-०७९।११।७ बाट सामुदायिक विद्यार्थीहरूलाई खेलकुद सामग्री वित्तरण गर्न लक्की ट्रेडर्स (६०८२९५२९३) बाट मिति २०७९।९।६ मा विभिन्न खेलकुद सामग्री खरिद वापत मू.अ. कर समेत रु.५४०००० भुक्तानी गरेको छ। गाउँपालिकाद्वारा खरिद गरिएको उक्त सामग्री लक्षित विद्यालय/विद्यार्थीलाई वित्तरणको प्रमाण पेश नभएको रु.

प्रमाण पेश नगरेको	५,४०,०००

५५ विभिन्न कार्यक्रममा नर्म्सभन्दा बढी भुक्तानी

मधेश प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयद्वारा जारी प्रदेश खर्च मापदण्ड निर्देशिका,२०७७ को नियम १५ सँग सम्बन्धित अनुसूची २ अनुसार देहायका गैरसरकारी संस्थाद्वरा गरिएको कार्यक्रममा यातायात, प्रशिक्षण, प्रतिवेदन तथा खाजा भता बढी भुक्तानी भएकोले सम्बन्धित कार्यक्रमको स्रोत व्यक्ति/संस्थाबाट उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

शिर्षक	भुक्तानी दिनुपर्ने	भुक्तानी दिएको	बढि भुक्तानी	कैफियत
भौ.न. ७२९-०८०।३।२४ कार्यक्रमः लागु औषध दुर्व्यसन नियन्त्रण तालिम संस्थाः शहिद दशन मेमोरियल प्रतिष्ठान(३०३६३५५८९) यस कार्यक्रमको लागि रु.२९९६०० भुक्तानी भएको मध्ये				
प्रशिक्षण भता				
-शिवजी यादव	४*६००	४*१५००	३६००	
-श्याम प्रकाश यादव	४*६००	४*१५००	३६००	
प्रतिवेदन				
सन्तोष राय	१०००	३०००	२०००	
जम्मा बढी भुक्तानी			९२००	
भौ.नं.७२६-०८०।३।२४ कार्यक्रमः विपद व्यवस्थापन सम्बन्धी जनचेतनामूलक कार्यक्रम संस्थाः शहिद दशन समृति प्रतिष्ठान (६१३२१००७०) यस कार्यक्रमको लागि रु.४४२०७९ भुक्तानी भएको मध्ये				
प्रशिक्षण भता				
-शिवजी यादव	६*६००	६*१८००	७२००	
-श्याम प्रकाश यादव	६*६००	६*१८००	७२००	
सहयोगी भता				
-रामलखन यादव	६*२५०	६*८००	३३००	
-हरि नारायण साह	६*२५०	६*८००	३३००	
सहजकर्ता भता				

-रमेश यादव	६*४००	६*१२००	४८००	
-राम केवल यादव	६*४००	६*१२००	४८००	
प्रतिवेदन भता	१०००	३०००	२०००	
यातायात भता	६*६०जना*४००	६*६०*५००	३६००	
खाजा खर्च	६*६०*२५०	२२८१५०	१३८१५०	
जम्मा बढी भुक्तानी			**१७४३५०**	

भौ.नं.७०८-०८०।३।२४
कार्यक्रमः वडा नं.७, बालबिवाह सम्बन्धी सचेतनामूलक कार्यक्रम (माइन्युटको आधारमा सहभागी ५२ जना)
संस्थाः मानव कल्याण तथा सामुदायीक विकास केन्द्र (३०३७९४१४३)
यस कार्यक्रमको लागि रु.२९८५४६ भुक्तानी भएको मध्ये

खाना खर्च	४दिन*५२*२५०	१११२००	५९२००	
संचार वापत	-	९०००	९०००	यसको व्यवस्था नभएको
जम्मा बढी भुक्तानी			**१४९२००**	

भौ.नं.७११-०८०।३।२४
कार्यक्रमः पापड बनाउने तालिम (६५ जना सहभागी)
संस्थाः यूनाइटेड फर वर्क (६१६७८४६५९)
यस कार्यक्रमको लागि रु.२९६२२९ भुक्तानी भएको मध्ये

यातायता भता	३*६५*४००	३*६५*५००	१९५००	

भौ.नं.७१७-०८०।३।२४
कार्यक्रमः विपद व्यवस्थापन सम्बन्धी कार्यक्रम (५० जना सहभागी)
संस्थाः शहिद दशन समृती प्रतिष्ठान (६१३२१००७०)
यस कार्यक्रमको लागि रु.४९९५०० भुक्तानी भएको मध्ये

यातायात भता	६*५०*४००	६*५०*५००	३००००	
खाजा खर्च	६*५०*२५०	१७६५५०	१०१५५०	
जम्मा बढी भुक्तानी			**१३१५५०**	

भौ.नं.७०१-०८०।३।२४
कार्यक्रमः वडा नं.४- युवा स्वरोजगार कार्यक्रम अन्तर्गत सरफ बनाउने सिपमुलक तालिम (४५ जना सहभागी)
संस्थाः द ग्रेट नेपाल (६०८९६४२९२)

यस कार्यक्रमको लागि रु.९९२३३६ भुक्तानी भएको मध्ये				
खाजा खर्च	४५*७*२५०	३२११४६	२४२३९६	
यातायात भता	४५*७*४००	२७६८५०	१५०८५०	
सञ्चार खर्च	-	१५८२०	१५८२०	दिने व्यवस्था नभएको
जम्मा बढी भुक्तानी			४०९०६६	
कुल बढी भुक्तानी			८९२८६६	

असुल गर्नुपर्ने	८,९२,८६६

५६ **सिलाई कटाई तालिम कार्यक्रम**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को प्रकरण नं. ४१ (२) मा प्रविधिको कुल लागतको कम्तिमा २०% रकम उद्यमी स्वयमले व्यहोर्नुपर्ने व्यवस्था छ। गाउँपालिका चालु शिर्षकबाट पालिकाले भौ. नं. ७०६- २०८०।३।२४ बाट वडा नं. १ मा महिलाहरूलाई सिलाई कटाई तालिमको लागि अपाङ्ग पुर्नस्थापन केन्द्र (६०९१२५९४८) लाई रु. २००००० भुक्तानी दिएको छ । मिति २०८०।३।१ गते देखि सञ्चालित ९ दिने कार्यक्रमको लागि पालिकाले ८ वटा सिलाई मेसिन रु.१६००० का दरले रु.१२८००० मा खरिद गरी ८ जना उद्यमीहरुलाई तालिम पश्चात २०% नलिई हस्तान्तरण गरेको पाइयो । कार्यक्रम संचालन निर्देशिकामा व्यवस्था भए बमोजिम ती ८ जनाहरुबाट २०% का दरले हुन आउने रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२५,६००

५७ **शिक्षकलाई बढी तलब भक्तानी** - शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ ।गाउँपालिका अन्तर्गत सञ्चालित माध्यमिक विद्यालय लालापट्टी कार्यरत प्रा.शि. द्धितीय जय पुकार मण्डलको मिति ०८०।३।२१ मा अनिवार्य अवकास भएकोमा निजलाई भौ.नं. १७३-०८०।३।११ बाट असार महिनाभरिको तलब भुक्तानी भएकोले बढी भुक्तानी रकम जय पुकार मण्डलसँग असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१६,९३१

५८ **नन्फाइलर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रू.५५९६१७ समेत रू.४८६४३९० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रू.

भौ.नं.।मिति	भुक्तानी पाउनेको नाम	पान नम्बर	नन्फनइलर रहेको मिति	भुक्तनी रकम	मू.अ. कर रकम
७२६-०८०।३।२४	शहिद दशन स्मृती प्रतिष्ठान	६१३२१००७०	०७९।M।१०	४९९५००	५७४६४
७१७-०८०।३।२४				४९९५५४	५७४७०
८-०७९।११।८	मोमस आर्ट्स एण्ड मिडिया सर्भिस	६०६१८७७१८	०७९।M।१०	१०००२१९	११५०६९
७२९-०८०।३।२४	शहिद दशन मेमोरियल प्रतिष्ठान	३०३६३५५८९	०७९।M।१०	२९९६००	३४४६७
७२३-०८०।३।२४	ओ.ई.सि. कन्सट्रक्सन एण्ड सप्लायर्स	६१०१५०८१६	०७९।M।४	९३६८६०	१०७७८०
१८-०७९।६।२५	एस.के. फर्निसिङ्ग फ्लोरिङ्ग एण्ड इलेक्ट्रोनिक जेनरल	३०२१९१८०२	०७९।M।१	९४६७७०	१०८९२०
१४०-०८०।१।२३	मुकेश ट्रेडर्स एण्ड सप्लायर्स	६०८८७७३६५	०७९।M।९	६८१८८७	७८४४७
जम्मा रकम				४८६४३९०	५५९६१७

प्रमाण पेश नगरेको	५,५९,६१७

५९ **सोधभर्ना गर्नुपर्ने** - गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालय अन्तर्गत कार्यरत बालबिकास शिक्षक, लेखा सहायक र कार्यालय सहयोगीलाई मासिक तलब क्रमशः रु.१७०००, २०५०० र १५००० दिनुपर्ने र सो मध्ये संघीय सरकार सशर्तबाट क्रमशः रु.१००००, १३५०० र ८००० निकासा दिने र बाँकी रु.७००० का दरले पालिकाको समानिकारण अनुदानबाट दिने व्यवस्था छ । गाउँपालिकाले ती विद्यालय कर्मचारीहरुको शत प्रतिशत तलब संघीय सशर्त चालुबाट भुक्तानी दिएकोले नियमानुसार रु.७००० का दरले गएको बढी भुक्तानी पालिकाले संघीय सरकारलाई फिर्त गर्नुपर्ने रु

क्र.सं.	विद्यालयको नाम	निकासा रकम
१	माध्यमिक विद्यालय लालापट्टी	४५५०००
२	छि.भू. संस्कृत मा.वि. सखडा	३६४०००
३	जनता माध्यमिक विद्यालय	२७३०००
	जम्मा रकम	१०९२०००

प्रमाण पेश नगरेको	१०,९२,०००

६० **अङ्ग्रेजी भाषामा छापामय कक्षाकोठा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुसार सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसमानको स्पेशिफिकेशनको अधीनमा रही तयार गर्नु पर्दछ ।सोही नियमावलीको नियम ८५ (१ ख) मा सार्वजनिक निकायले एक आर्थिक वर्षमा एकै पटक वा पटक- पटक गरी दश लाख रुपैयाँ भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ ।पालिकाले प्रतिस्पर्धालाई सीमित गर्ने उद्देश्यले भौ.नं. ८-०७९।११।८ बाट कक्षा १ र बालबिकास कक्षालाई अङ्ग्रेजी भाषमा छापामय बनाउने कार्यको लगत अनुमान नबनाई मेमस आर्ट एण्ड डि. मिडिया सर्भिसेज (६०६१८७७१८)सँग प्रति वर्गफिट मू.अ. कर बाहेक रु.३५० मा कुल २५२९ वर्गफिटको लागि सम्झौता गरी रु.१० लाख भुक्तानी दिएको छ । यसले गर्दा खरिद कार्य प्रतिस्पर्धात्मक नभई सीमित सप्लायर्सले उपलब्ध गराउने न्यून गुणस्तरीय वस्तु तथा सेवा खरिद हुने सम्भवना भएकोले गाउँपालिकाले वस्तु तथा सेवा खरिद कार्य गर्दा पूर्ण प्रतिस्पर्धात्मक रुपले खरिद कार्यलाई अगाडि बढानुपर्छ ।

सैद्धान्तिक बेरुजु

६१ **स्यानेटरी प्याड खरिद -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.२३ मा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राहरुका लागि निशुल्क स्यानेटरी प्याड वितरणको व्यवस्था छ । गाउँपालिकाले यस वर्ष भौ.नं. १४०-२०८०/१/२३ बाट रु. ८५.८८ प्रति प्याकेट (मू.अ. कर समेत) का दरले ७९४० प्याकेट स्यानेटरी प्याड रु.६८१८८७ मा कोटेशन मार्फत मुकेश ट्रेडर्स एण्ड सप्लायर्स (६०८८७७३६५)सँग खरिद गरेको छ ।यस सम्बन्धमा देखिएका व्यहोराहरु यस प्रकार रहेका छन्ः

६१.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम (११) अनुसार कुनै पनि सार्वजनिक निकायले मालसामान खरिद गर्नु पूर्व नियम (११) मा उल्लेख भाए अनुसार गत वर्ष यस्तै सामान खरिद गरेको भए त्यसको वास्तविक लागत, स्थानिय बजार दर, अन्य बजारको दर, उद्योग वाणिज्य संघले जारी गरेको दरको आधारमा लागत अनुमान तयार नगरी पालिकाले बजेटालाई नै आधार मानी स्यानेटरी प्याड खरिद गरेको छ। नियमावलीको व्यवस्था अनुसार स्पेशिफेकेशन सहितको लागत अनुमान स्वीकृत नगराई स्यानेटरी प्याड खरिद गर्नु नियमावलीको व्यवस्था बमोजिम नदेखिएकोले खरिद सम्बन्धी कानून पालन तर्फ पालिकाले ध्यान पुर्याउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६१.२ स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ । साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । मुकेश ट्रेडर्स एण्ड सप्लायर्स (६०८८७७३६५)सँग ७९४० थान स्यानिटरी प्याड रु. ६८१८८७ (मु.अ. कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ सथै खरिद गरेको प्याडको गुणस्तर परीक्षण

नगरी भण्डारण राखेकोले प्याडको गुणस्तरप्रति गाउँपालिकाले आश्वस्त गर्नुपर्दछ । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा गुणस्तरीय प्याड मात्र खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६१.३ गाउँपालिकाको स्टोररुम तथा जिन्सी खाता परीक्षण गर्दा खरिद गरेको सबै स्यानेटरी प्याड अन्तिम लेखापरीक्षण सम्म पनि वितरण नगरी पालिकाको स्टोरमा मौज्दात रहेको देखियो । तर्सथ पालिकद्वारा रु.६८१८८७ मा खरिद गरिएको ७९४० प्याकेट स्यानेटरी प्याड समयमै खर्च गरी सम्बन्धित विद्यालयहरुले आफ्नो जिन्सी खातामा आम्दानी बाँधेको र विद्यार्थीहरुलाई वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	६,८१,८७७

६२ **शिक्षक विद्यार्थी अनुपात -** शिक्षा नियमावली,२०५९ परिच्छेद १५, दफा ७७ (१) अनुसार तराईका जिल्लामा ५० विद्यार्थीमा १ शिक्षक हुने व्यवस्था छ ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार ३६ वटा विद्यालयहरुमध्ये श्री बौकु रा.प्रा.बि करमनियामा सबैभन्दा कम प्रति शिक्षक विद्यार्थी संख्या १५ जना र श्री रा.प्रा.वि.हाटी र श्री महन्त रा.प्रा.वि. बरही तथा सबैभन्दा बढी प्रति शिक्षक विद्यार्थी संख्या ६० जना श्री ज.रा.प्रा.वि. मोहरनपुर रहेको छ ।तर्सथ, पालिकाले यस्ता न्यून र अधिक फरक भएको विद्यार्थी अनुपात विद्यालयको पहिचान गरी यस्ता विद्यालयमा शिक्षक विद्यार्थी अनुपात मिलान गर्नु पर्दछ।

सि.नं.	विधालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विधार्थी संख्या	प्रति शिक्षक वि.अ.
१	श्री महन्त रा.प्रा.बि. बरही	७	७	४	१०५	१५
२	श्री जनता रा.प्रा.बि.बरही	९	९	०	२२६	२५
३	श्री रा.प्रा.बि.बरही	२	२	०	७४	३७
४	श्री आधारभूत बि. बरहीविरपुर	१०	७	३	३२५	४६
५	श्री रा.प्रा.बि.रामपुरा मोहनपुर	७	५	२	१९८	४०
६	श्री ज.रा.प्रा.बि.मोहनपुर	२	२	०	१२०	६०
७	श्री बि.पी.रा.प्रा.बि.महुवा	६	५	२	१८९	३८
८	श्री रा.प्रा.बि.गोबिन्दपुर्	६	६	०	१२५	२१
९	श्री छिन्नमस्ता भु.मा,बि.सखडा	२०	१८	७	६२९	३५
१०	श्री मा.बि.लालापट्टी	१८	१७	७	५२३	३१

११	श्री माँ भगवती रा.प्रा.बि	४	३	१	१४५	४८
१२	श्री बाबा दिह्बार रा.प्रा.बि	४	४	१	१३८	३५
१३	श्री रा.प्रा.बि. लोखरम	७	७	०	२२६	३२
१४	श्री दलित रा.प्रा.बि.लोखरम	३	३	१	७२	२४
१५	श्री रा.प्रा.बि.भटोतर	५	२	०	६५	३३
१६	श्री जनता आ.बि.कोचाबखारी	५	४	२	२२२	५६
१७	श्री ज.रा.प्रा.खुदिबखारी	४	३	१	६३	२१
१८	श्री जनता मा.बि.कुपही	१५	१५	६	४९९	३३
१९	श्री रा.प्रा.बि.हाटी	९	९	३	२९८	१५
जम्मा		**१४३**	**१२८**	**४०**	**४२४२**	

सैद्धान्तिक बेरुजु

६३ **तलवी प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गत कर्मचारीहरुको वार्षिक तलवी प्रतिवेदन आन्तरिक लेखापरीक्षकबाट र निजामती कर्मचारीको तलवी प्रतिवेदन निजामती सेवा ऐन, २०४९ को दफा ७ ख (२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेखनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष तलवी प्रतिवेदन पारित नगरी तलव भत्तामा शिक्षा तर्फ रु.५२४६७००० स्वास्थ्य तर्फ रु.१८३९९९९ खर्च गरेको छ । यसरी तलवी प्रतिवेदन पारित नगराई खर्च गर्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धम एकिन गर्न सकिएन। कानुन अनुकुल तलवी प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नुर्दछ।

सैद्धान्तिक बेरुजु

६४ **शिर्षक फरक पारी खर्च -** तोकिएको विद्यार्थीको दिवा खाजाकाल लागि विद्यालयलाई अनुदान भन्ने शिर्षकबाट स्वास्थ्य तर्फका २८ जना कर्मचारीहरुलाई भौ.नं. १९९-०८०।३।१९ बाट जेठ महिनाको तलब रु.१५२६१३३ र भौ.नं. २१७-०८०।३।२४ बाट असार महिनाको तलब रु.१५२८६८२ गरी कुल रु.३०५४८१५ खर्च लेखेको छ ।उपरोक्त सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयको प.सं. २०७९।८० ब.का. तथा शो.भ., च.नं.१७१ को मिति २०८०।१।२४ मा जारी भएको परिपत्रमा पनि अपूग तलब भता दिने सम्बन्धमा पिहलाको परिपत्रलाई स्पष्ट पार्दै अपुग तलब भता सम्बन्धित शिर्षकको उपशिर्षकमा मात्र शोधभर्ना दिन मिल्ने भनिएकोमा पालिकाले विद्यालय दिवा खाजाको अनुदानबाट स्वास्थ्य कर्मचारीहरूको तलब भता भुक्तानी दिनु नियमसम्मत नभएको रु.

अनियमित भएको	१५,२८,६८२

६५ **आयुर्वेद औषधि खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुसार सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसमानको स्पेशिफिकेशनको अधीनमा रही तयार गर्नु पर्दछ ।पालिकाले आयुर्वेद शाखाका लागि १९ प्रकारका रु.८००००० का औषधि खरिद गर्दा लागत अनुमान तयार गरेको छैन ।आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली,२०७७ को नियम ३९ को ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्न बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले भौ.नं. ११२-०७९।११।१७ बाट मिति २०७९।११।१२ मा सुजल आयुर्वेद मेडिकल हल (३०४५३२३७१) सँग १९ प्रकारको औषधि खरिद गरी रु. ८००००० भुक्तानी दिएकोमा देहायका व्यहोरा देखियो-

- औषधी खरिद गर्दा आवश्यकता विश्लेषण गरेको र खरिद योजना बनाएको देखिएन। आवश्यकताको आधारमा परिमाण एकिन नगरी खरिद गर्दा अनावश्यक रुपमा खरिद भई मौज्दात रहने तथा सही समयमा उपयोग नहुने स्थिति तर्फ पालिकाको ध्यान जानु पर्दछ ।
- खरिद औषधिको गुणस्तरको प्रमाणपत्र पेश नभकएको । गाउँपालिकाले स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने औषधिजन्य वस्तुहरुको खरिद गर्दा गुणस्तरीयतालाई विशेष ध्यान दिनुपर्नेमा सोको यकिन नभएको ।
- औषधि निःशुल्क वितरण (NOT FOR SALE) को लागि भनी उल्लेख गर्नुपर्नेमा सो उल्लेख नभएको पाइयो ।
- आपूर्ति भएका आयुर्वेद औषधी स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।

सैद्धान्तिक बेरुजु

६६ **औषधि खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ (क) मा बिस लाख रुपैयाँ सम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। गाउँपालिकाले ३६ प्रकारको औषधिद खरिको लागि मिति २०७९।४।२४ मा जनसवाल दैनिकमा Curex फार्मेसीले दररेट उपलब्ध गराएको आधारमा औषधि तथा सर्जिकल सामानहरुको लागि सूचना आह्वान नगरी एम.स्क्वायर मल्टिपर्पोज प्रा.लि. (६१०३१८५९९) सँग सोझौ खरिद गरी भौ.न. ८१-०७९।८।२२ बाट रु.१९१९९९८ भुक्तानी दिएको देखिन्छ । यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार छनः

- औषधी खरिद गर्दा आवश्यकता विश्लेषण गरेको र खरिद योजना बनाएको देखिएन। आवश्यकताको आधारमा परिमाण एकिन नगरी खरिद गर्दा अनावश्यक रुपमा खरिद भई मौज्दात रहने तथा सही समयमा उपयोग नहुने स्थिति तर्फ पालिकाको ध्यान जानु पर्दछ ।
- आपूर्ति हुने औषधि WHO GMP सर्टिफाइड हुनुपर्ने व्यवस्था रहेकोमा Curex Pharmaceuticals pvt. ltd. बाट खरिद भएको औषधिको गुणस्तर प्रमाण पेश नभएको ।
- औषधिको म्याद समाप्त मिति खुलाई उल्लेख गर्नुपर्ने र न्युनतम १८ महिना म्याद अवधि बाँकी रहनुपर्ने व्यवस्था रहेकामा सो विषय सम्झौतामा उवल्लेख नगरेको,

- औषधीको आपूर्ति गरी भुक्तानी अघि गुणस्तर र स्पेशिफिकेसन अनुसारको सामान भए नभएको मूल्याङ्कन समितको प्रतिवेदनको आधारमा यकिन गरी भुक्तानी दिनुपर्नेमा खरिद सम्झौतामै गुणस्तर र स्पेशिफिकेसन नतोकिएकोले गुणस्तर परीक्षण सम्बन्धी कार्य भएको देखिएन । मानवजन्य स्वावस्थयसँग गम्भीर सरोकार राख्ने औषधी खरिद आपूर्ती जस्तो विषयलाई गौण ठानी खरिद कार्य गर्नु उचित देखिएन । यस्तो खरिद कार्यमा सुधार हुनुपर्दछ ।
- औषधि निःशुल्क वितरणको लागि भनी उल्लेख गर्नुपर्नेमा सो उल्लेख नभएको समेत पाइयो ।
- आपूर्ति भएका औषधी एवम सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।
- खरिद गरेको उक्त औषधी ELMBIS मा प्रविष्ट गरी माग र हस्तान्तरण स्पष्ट गर्नुपर्नमा सो सम्बनधी प्रणालीमा पालिकाले प्रविष्ट गरेको छैन ।
- औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको छ । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुनेगरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी मागको आधारमा स्वास्थ्य चौकीहरुमा हस्तान्तरण भएको फारम समेत नभएको पाइयो ।

सैद्धान्तिक बेरुजु

६७ **व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा **५८** मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत मात्र राखेको कर रकम संकलन गरेको पाईएन । पालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६८ **रसीद नियन्त्रण खाता -** स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरुको नगदी रसिद नियन्त्रण खाता राख्नुपर्दछ। पालिकाले राजस्व असुलीमा प्रयोग हुने रसिद के कति छपाई गर्यो, गत विगतका कति रसिद बाँकी थिए र यो वर्ष कति खर्च भई के-कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा वडा र कार्यालयमा के-कति रसिद पठाएको हो सो खुल्ने रसिद नियन्त्रण खाता राख्ने नगरेको अर्थात समान्य अभिलेख राखेकोले राजश्व असुलीमा प्रयोग हुने रसिद उपयुक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन। रसिदको प्रयोगलाई व्यवस्थित बनाउनु पर्दछ।

रसीद ठेली पेश नभएको :- लेखापरीक्षण क्रममा आन्तरिक राजश्व नगदी र मालपोत रसीदहरुको परीक्षण गर्दा वार्ड नं. ६ का वडा सचिव सिताराम रायले ५ वटा ठेली प्रयोग गरेको देखियो र लेखापरीक्षण क्रममा पेश नभएकोले पालिकाले जिम्मेवार बनाई गरी यकिन गर्नुपर्ने।

रसिद बुझेको नाम र पद	मालपोत तर्फ रसिद नं.	नगदी तर्फ रसिद नं.
वडा सचिव सिताराम राय	३५५१ देखि ३६००, १०१ देखि १५०, १५१ देखि २००, ४०१ देखि ४५०,	२३०१ देखि २३५०

सैद्धान्तिक बेरुजु

६९ **सिफारिस संख्या र नगदी रसिद संख्या बिच फरक** - पालिकाको आर्थिक ऐन २०७९ अनुसार सिफारिस प्रकृतिअनुसार विभिन्न दरमा सिफारिस दस्तुर लिने व्यवस्था छ। यो वर्ष कार्यालयबाट प्राप्त विवरण अनुसार वडा तर्फ रु.७,९०,९७० र पालिका तर्फ रु.५,०७,४५९ गरी जम्मा रु.१२,९८,४२९ राजश्व असुल गरेको छ । लेखापरीक्षणको क्रममा वडाहरुले राखेको चलानी किताबमा सिफारिसको संख्या र नगदि रसिद काटेको संख्यामा ठूलो परिमाणमा फरक देखिएकोले पालिकाले थप बिश्लेषण गरी यकिन गर्नुपर्ने अवस्था रहेको छ।

वडा नं	चलानी किताबमा सिफारिसको संख्या	नगदी रसिदको संख्या	फरक संख्या
१	१३२४	१५०	११७४
२	८५२	२५४	५९८
३	१४४६	४९३	९५३
४	१२४९	४५०	७९९
५	८४५	२००	६४५
६	९९०	२२९	७६१
७	७३४	२००	५३४
जम्मा			५४६४

सैद्धान्तिक बेरुजु

७० **घर जग्गा बहाल कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ मा गाउँपालिका वा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, ठहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बाहलमा दिएकोमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो बाहल रकममा बाहल कर लगाउने व्यवस्था छ । आर्थिक बर्ष २०७९।८० मा पालिकाले रु १२०९५९ घर जग्गा बाहल कर संकलन गरेको पाइयो । यस पालिकाको क्षेत्रभित्र उठ्नु पर्ने घर जग्गा बाहल कर एकिन गरी असुल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७१ **प्रमाण पेश नगरेको** - आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार प्रमाण कागजात, बील तथा भर्पाइको आधारमा मात्रै सरकारी रकम कलमको खर्च लेखुपर्ने व्यवस्था छ । यस पालिकाले खरिद तथा भुक्तानी गरेका निम्नानुसारका मालसामान तथा खरिद कार्यहरुमा भुक्तानी अघि सम्बन्धितले बुझेको भरपाइ पेश नभएकोले प्रमाण पेश गरी नियमित गर्नुपर्ने देखिएको रु.

गो.भौ.नं मिति	भुक्तानी फर्म	रकम	कैफियत
२६६-२०८०।०३।२४	ललिता इलेक्ट्रोनिक्स एण्ड सप्लायर्स	२५८९९६	वितरण भरपाइ नभएको
२६८-२०८०।०३।२४	सखडा फोहोर व्यवस्थापन गर्न कन्टनेर डस्टबीन ७३ थान मनिष स्टेशनरी एण्ड सप्लायर्स	१६७९७२	हस्तान्तरण तथा वितरण प्रमाण पेश नभएको ।
४०-२०८०।०१।०८	वडा नं ५ मा किसानहरुलाई सिचाइका लागि मोटर खरिद २६ थान दत्त कम्युनिकेशन	९४९८३३	वितरण प्रमाण पेश नभएको
१८१-२०८०।०३।२०	श्री नेरा प्रावी गोविन्दपुरमा फर्निचर खरिद ट्रेड कम्युनिकेशन एण्ड सप्लायर्स	९९९३७२	हस्तान्तरण प्रतिवेदन नभएको
१८०-२०८०।०३।२०	छिन्नमस्ता मावी सखडामा फर्निचर खरिद माँ कालि ट्रेडर्स	९९९५४१	हस्तान्तरण प्रतिवेदन नभएको
१९२-२०८०।०३।२१	वडा नं २ सिचाइ मोटर माँ काली जनरल स्टोर एण्ड सप्लायर्स ११ थान	४८५३९१	हस्तान्तरण प्रतिवेदन नभएको
१९३-२०८०।०३।२१	वडा नं १ मा मोटर खरिद ५ थान माँ कालि जनरल स्टोर एण्ड सप्लायर्स	९८८७५	हस्तान्तरण प्रतिवेदन नभएको
१९४-२०८०।०३।२१	वडा नं ७ मा सिचाइ मोटर खरिद ३ थान माँ काली जेनरल स्टोर	९८८७५	हस्तान्तरण प्रतिवेदन नभएको
२४७-२०८०।०३।२४	ट्युवेल खरिद तथा जडान १५ वटा मध्ये १० जनाको मात्रै नागरिकता सहितको भरपाइ पेश	२६७२७५	हस्तान्तरण प्रतिवेदन नभएको

जम्मा	४२२६१३०

प्रमाण पेश नगरेको	४३,२६,१३०

७२ **वडा नं ५ को लागि तारपोलः** वडा नं ५ अन्तर्गत सडकमा तारपोल खरिद गरी जडान गर्न आर्दश विल्डर्सलाई ७ लाख ६२ हजार ७ सय ३० भुक्तानी भएकोमा २८ वटा पोल जडान नै नगरी सडक छेउमा राखेको पाइयो ।यसै गरी २८ वटा पोलमा लाग्ने तार लगायतको सामानको भुक्तानी रु.४७२९३०। भएकोमा सामान नै सप्लाइ भएको छैन ।तसर्थ २८ वटा पोलको जडान गरी जडान सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने र खरिद नभएको तार लगाएको सामानको रकम असूल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	४,७२,९३०

७३ **फरक शिर्षकवाट भुक्तानी** - आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ अनुसार विनियोजन भएको खर्च शिर्षक र उपशिर्षक फरक नपारी खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा निम्न गो.भौ.न र मितिमा कार्यालय शिर्षक फरक पारी खर्च लेखेको रकम नियमित नभएको रु.

गो.भौ.नं मिति	शिर्षक विनियोजन	खर्च शिर्षक	रकम
२७-२०७९।१२।१४	कम्प्युटर सफ्टवेयर	कार्यालय सामान	८७६३१
२६-२०७९।१२।१४	कम्प्युटर सफ्टवेयर	ल्यापटप, A/C, MCB	६१९८३०
२८-२०७९।१२।१४	कम्प्युटर सफ्टवेयर	क्यामेरा,मेमोरी कार्ड	७८३८९
२९-२०७९।१२।१५	कम्प्युटर सफ्टवेयर	कम्प्युटर प्रिन्टर	४६८९५०
२७-२०७९।१२।१४	कम्प्युटर सफ्टवेयर	इलेक्ट्रोनिकल सामान	८७९१३
५१-२०८०।०२।०२	कम्प्युटर सफ्टवेयर	Dell laptop,कार्टिज, प्रिन्टर	९९६५४७
७५-२०८०।०२।२७	कम्प्युटर सफ्टवेयर	मोबाइल २ थान	१२८३१८
१७७-२०८०।०३।१९	मेशिन औजार	कार्यालय सामान	४९७७६५
१७६-२०८०।०३।०२	मेशिन औजार	कार्यालय सामान	५९३१५
जम्मा			३०२४६५८

अनियमित भएको	३०,२४,६५८

७४ **सखडा बजार व्यवस्थापन** - सखडा बजार व्यवस्थापन गर्न डस्टबीन २२५ थान, झाडु ५०० थान, फुलझाडु ५०० थान, बाल्टिन १७५ थान, प्लाष्टिक कुर्चि २० थान, अफिस टेबल १ र दराज १ थानको आर एण्ड ए ट्रेडर्स राजविराजलाइ रु.९९९९०८। खर्च लेखेको छ ।बजार व्यवस्थापन गर्न व्यवस्थापन समिती वा सम्बन्धित वडा कार्यालय वा सोझै गाँउपालिका कार्यालय मध्ये कसले जिम्मेवारी लिने भन्ने एकिन नगरी सामाग्री खर्च लेखेको छ ।खर्च भएर जाने प्रकृतिका ति सामाग्रीहरुको संरक्षण व्यवस्थापन र जिम्मा लिने संस्थागत किटानी नहुँदा ती सामान हराउने, दुरुपयोग हुने र वर्षेनी यी सामानमा खर्च लगानी गर्दा खर्चको उपादेयता कायम गर्न समेत कठिनाइ हुने देखिन्छ ।संस्थागत किटानी बेगर यस्ता प्रकृतिका सामाग्रीमा खर्च गर्नुको सट्टा बजार व्यवस्थापनको बैकल्पिक उपाय अपनाउन सकिन्छ। बजार व्यवस्थापनको लागि खरिद भएका सामानको हस्तान्तरण गरी जिम्मेवार तुल्याउन आवश्यक प्रक्रिया नगरेकोले उक्त खर्च नियमित हुन नसकेको रु.

अनियमित भएको	९,९९,९०८

७५ **जीम सेन्टर तथा योगालयः** गाउँपालिकाले गाउँपालिका स्तरीय कार्यक्रमबाट योगालय तथा जिम सेन्टर र वडा नं १ को कार्यक्रमबाट जीम सेन्टर स्थापना गर्न क्रमश भौ. नं ६५६।२०८०।३।२० बाट ८०००००। तथा ५३५।२०८०।०२।२५ बाट रु.५०००००।खर्च लेखेको छ ।जीम सेन्टर स्थापना गाउँपालिकामा कहाँ भएको छ देखिएन साथै जीम सेन्टरको लागि पालिका केन्द्र भित्रको सार्वजनिक भवन वा अन्य नवनिर्मित भवन कुन ठाउँमा राख्ने भन्ने निर्णय बेगर जीम सामाग्री बापत खर्च लेखेको उपयुक्त देखिएन ।युवाको लागि जीम सेन्टर राख्दा सार्वजनिक स्थल र सबैको पहुँचयोग्य स्थानमा व्यवस्थापनको उचित प्रवन्ध गरी गर्नुपर्नेमा सामानको उचित प्रवन्ध गरी गर्नु पर्नेमा सामानको खरिदबापत मात्रै भुक्तानी गरेकोले ति सामानको दुरुपयोग हुने संभावना रहेकोले खरिद भएका सामानको उपयुक्त तवरले सदुपयोग हुने गरी सार्वजनिक पहुँचको स्थलमा जीम सेन्टर कायम गरी प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु.

अनियमित भएको	१३,००,०००

७६ **चापाकलः** स्वच्छ खानेपानीको पहुँच भन्दा बाहिरका जनतालाई खानेपानी सुविधा उपलब्ध गराउन नगरपालिकाले चापाकल जडान तथा वितरण शिर्षकमा यो वर्ष रु.३५ लाख खर्च लेखेको छ ।सार्वजनिक खरिद नियमावली २०६४ को अनुसार पालिकास्तरीय र वडास्तरीय मागलाई एकिकृत गरी ठेक्का व्यवस्थापनको माध्यमबाट खरिद कार्य गर्नुपर्नेमा सो प्रक्रिया पुरा गरेको छैन ।मापदण्ड तयार गरी विपन्न र सीमान्तकृत वस्तीमा खानेपानी चापाकल वितरण गर्नुपर्नेमा लाभग्राही छनौटको प्रक्रिया पूरा गरेको पाइएन ।खानेपानी चापाकल जडान गरेपछि सबै जडान कार्यमा स्थलगत अनुगमन गरी प्राविधिक प्रतिवेदनको आधारमा खर्च लेख्नुपर्नेमा स्थलगत अनुगमन प्रतिवेदन बेगर कार्य गरेको छ ।चापाकल जडान गर्न संघिय,प्रदेश र स्थानिय तह र पूर्वाधार विकास कार्यालयबाट समेत प्रत्येक वर्ष सोही कार्यक्रम लागू हुने देखिन्छ ।तर यस पालिकाले जडान र वितरण गरेको चापाकल कुन हो भनी एकीन गर्न GPS एकिन नगरी कार्य गरेकोले कार्यमा दोहोरोपना हुने सम्भावना समेत देखिन्छ ।कानूनी प्रक्रियाको पालना गरी खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७७ **वृक्षारोपणः** गाउँपालिकाको वडा नं १ अन्तर्गत सार्वजनिक जग्गा बाटोहरुमा वृक्षारोपण गर्न बोटबिरुवा खरिद तथा घेराबार व्यवस्थापनमा पालिकाले ७ फिट उचाइ र १.५ फिट व्यासको ५९९ वटा घेराबार भित्र अमला,अम्वा,बेल,फूल,बर पिपल

लगायताका ५९९ वटा विरुवा रोपेवापत लक्ष्मी निर्माण सेवालाई ६ लाख ८५ हजार १०२ को बील भुक्तानी गरेकोमा स्थलगत लेखापरीक्षणको क्रममा बृक्षारोपण घेराबार सहित थान गन्ती गर्दा ४७ वटा मात्रै कार्यालयले रोपेको पाइयो । ४७ वटा मात्रै घेराबार र विरुवा रोपेकोमा पुरै रकम भुक्तानी खर्च लेखेकोले असूल उपर हुनुपर्ने रु.

असुल गर्नुपर्ने	६,८५,१०२

७८ **सी.सी क्यामरा -** कार्यालयले गाउँपालिकाभरी सरकारी संस्था तथा बजार क्षेत्र र वडाहरुमा रु.३६ लाख ०७ हजार २२० को सी.सी.टि.भी जडान था मेशिन औजार खरिद गर्न बजेट व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ अनुसार खरिद कार्यलाइ एकिकृत गरी वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा सो प्रक्रिया पूरा नगरी खरिद गरेको छ । सी.सी क्यामराको खरिद गर्न सामानको प्राविधिक स्पेशिफिकेशन तयार गरी सो बमोजिम खरिद गरी गुणस्तर र स्पेशिफिकेशन अनुसार भए नभएको एकिन गरी भुक्तानी गर्नुपर्नेमा सो प्रक्रिया पूरा नगरी भुक्तानी गरेको छ । निम्नानुसार भएको सी.सी क्यामेराको खरिद कार्यमा पालिका तर्फबाट तथा वडाबाट समेत गरी चालु र पुँजीगत गरी दुवै खर्च शिर्षकबाट खर्च गरेकोमा काममा दोहोरोपना भइ बढी भुक्तानी भएको छ वा छैन भन्ने आश्वस्तत हुने आधार देखिएन । तसर्थ निम्न भौ.नं र मितिमा भुक्तानी खर्च लेखेको सामानको नदोहोरिएको र जडान भएको तथा स्पेशिफिकेशन अनुसार भएको एकिन गरी प्रमाण पेश गर्नुपर्ने रु

गो.भौ नं र मिति	फर्म	खर्च रकम
१४५-२०८०।०३।१८	स्कोडस इनोभेसन्स प्रा.लि	४९७२००
१४६-२०८०।०३।१८	स्मार्ट ट्रेडर्स नेपाल प्रा.लि	४९७२००
१३१-२०८०।०३।१३	माँ छिन्नमस्ता सप्लायर्स	९९६०९५
२४०-२०८०।०३।२३	शर्मा ग्रुप एण्ड सप्लायर्स	९२०३८५
६५७-२०८०।०३।२२ (चालुतर्फ वडा नं ५ मा सी.सी क्यामरा जडान)	साह टेक्नोलोजी प्रा.लि	२४६३४०
७२७-२०८०।०३।२४ (चालुतर्फ वडा नं ७यि मा सी.सी क्यामरा जडान)	माँ दुर्गा सप्लायर्स एण्ड ट्रेडर्स	४५००००
जम्मा		३६०७२२०

प्रमाण पेश नगरेको	३६,०७,२२०

७९ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुनेगरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटकपटक गरी सो उपनियमहरुमा उल्लेखित सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नसक्ने व्यवस्था छ।कार्यालयले यो बर्ष निम्नानुसारको खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ समान्य ३ वटा फर्मबाट कोटेशन माग गरी १६० वटा निर्माण व्यवसायीसंग रु ९११९३६६३ को सोझै खरिद गरेको देखियो। यसरी खरिद कार्यमा पेकेज बनाई खरिद प्रतिस्पर्धी तवरले गर्नुपर्ने देखिन्छ।

क्रस	गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	जम्मा VAT सहित रकम
१.	२५४	सोनाक्षी कन्स्ट्रक्सन	८८११८७
२.	२५५	कृष्णा कन्सल्टेन्सी एण्ड निर्माण सेवा प्रा.लि	८७१२७२
३.	२५६	प्रयाग कन्स्ट्रक्सन	८६४५८२
४.	२५८	मा सिता ट्रेडर्स एण्ड बिल्डर्स कम्पनि प्रा.लि	९८२९४०
५.	२५९	आरभ ग्रुप अफ कम्पनि एण्ड कन्स्ट्रक्सन	७०७०१७
६.	२४६	गणेश निर्माण सेवा	४८९३९७
७.	२४७	कृष्णा निर्माण सेवा	२६३७२७
८.	२४८	देवराज कन्स्ट्रक्सन	८७५९८६
९.	२४९	ममता उपेन्द्र कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि	६७४४५८
१०.	२५०	ट्रस्टनेस्ट बंगालामुखी कम्पनी प्रा.लि	४५५८९४
११.	२५१	मा कुन्ती निर्माण सेवा	४६२२५३
१२.	२५२	मा चण्डी निर्माण सेवा	६८७७५९
१३.	२५३	इमरन एण्ड नसिम कन्स्ट्रक्सन सप्लायर्स प्रा.लि	५८५५७०
१४.	२६१	कमला भगवती निर्माण सेवा	९४३८७३
१५.	२६४	इमरान कन्स्ट्रक्सन	५८५०३६
१६.	२६५	मनिष स्टेशनरी एण्ड सप्लायर्स	१९७२७०
१७.	२६६	ललिता इलेक्ट्रोनिक्स ट्रेडर्स एण्ड सप्लायर्स	२५५१०७
१८.	२६७	आदर्श विल्डर्स	७५२६०५
१९.	२६८	मनिष स्टेशनरी एण्ड सप्लायर्स	१९५३४८
२०.	२६९	राधिका एण्ड कन्स्ट्रक्सन	८८२४१५
२१.	२२१	हँस कन्स्ट्रक्सन	३४७६६१
२२.	२२२	नविन कन्स्ट्रक्सन	३९२७५८
२३.	२२३	मारुती कन्स्ट्रक्सन	८२५९९८

२४.	२२५	राजदेवी इन्जिनियरिङ्ग एण्ड विल्डर्स प्रा.लि	९४९२५९
२५.	२२८	अरमान निर्माण सेवा	९२५२३४
२६.	२२९	श्री जय चन्द्रा निर्माण सेवा	४६२२११
२७.	२०१	मा छिन्नमस्ता निर्माण सेवा	८९२६२१
२८.	२०५	महबुब कन्स्ट्रक्सन	५८८८५२
२९.	२०७	सक्षम निर्माण सेवा	१९३१२८
३०.	१९०	सुभारम्भ सोलुसन प्रा.लि	४७४५१६
३१.	१९२	मा काली जेनरल स्टोर एण्ड सप्लायर्स	४७८९४७
३२.	१९३	मा काली जेनरल स्टोर एण्ड सप्लायर्स	९७५६२
३३.	१९४	मा काली जेनरल स्टोर एण्ड सप्लायर्स	९७५६२
३४.	१९९	कोमेन्दो निर्माण सेवा	३८५१५३
३५.	७५	नेन्सी इन्टरप्राइजेज	१४३०७५
३६.	७९	सफ्टेक इन्फर्मेसन प्रा.लि	३३५६१५
३७.	८३	श्री बैजनाथ निर्माण सेवा	९८१३०७
३८.	८५	ट्रस्टनेस्ट बंगालामुखी कम्पनी प्रा.लि	४८९६१०
३९.	१४१	आर एन आर्टश एण्ड मिडिया	३८४६७५
४०.	१४३	नरसिह गैया माता निर्माण सेवा प्रा.लि	९७०८०५
४१.	१४४	कृति विल्डर्स	८६२६४५
४२.	१४५	स्कोडस इनोभेसन्स प्रा.लि	४९०६००
४३.	१४६	स्मार्ट ट्रेडर्स नेपाल प्रा.लि	४९०६००
४४.	१४७	एस डी कन्स्ट्रक्सन	८६५४४२
४५.	१२९	सखादेश्वरी शक्ति पीठ कन्स्ट्रक्सन	६७१३४२
४६.	१३१	मा छिन्नमस्ता सप्लायर्स	९८२८७२
४७.	१३४	मा गहिल निर्माण सेवा	९४५६१४

४८.	१३८	एमी बिल्डर्स एण्ड सप्लायर्स	२८५३७७
४९.	१३९	जानकी कन्स्ट्रक्सन	९८२०६२
५०.	१७०	नरसिह बाबा कन्स्ट्रक्सन	४८४४४६
५१.	१७१	सुभानी एडभरटाइजिङ्ग प्रा.लि	१९१५८३
५२.	१७५	मा काली जेनरल स्टोर एण्ड सप्लायर्स	४९११५७
५३.	१७९	कबिर ट्रेडर्स एण्ड जेनरल सप्लायर्स	९८६४८४
५४.	११५	मृगा कन्स्ट्रक्सन	१९६५१७
५५.	११६	साधना कन्स्ट्रक्सन	४८२४२७
५६.	११९	नरसिह बाबा कन्स्ट्रक्सन	३७७४५६
५७.	१२१	श्री छिन्नमस्ता निर्माण सेवा	८२६४२८
५८.	१२२	रिषीत बिल्डर्स एण्ड कन्स्ट्रक्सन	९१९८९०
५९.	१२३	ग्लोबल कन्स्ट्रक्सन	६७६१८५
६०.	१२५	सम्राट कन्स्ट्रक्सन	८८१९८९
६१.	१२६	सक्षम निर्माण सेवा	३७८३४५
६२.	१२८	आर्दश नेपाल विल्डर्स	५८४०१०
६३.	१०१	एस के कन्स्ट्रक्सन	११५१९३
६४.	१०२	ए वन इन्जिनियरिङ्ग डिजाइन एण्ड कन्स्ट्रक्सन प्रा.लि	१०९३२१६
६५.	१०३	निखिल निर्माण सेवा	६८२९७७
६६.	१०६	खान अटोमोबाइल एण्ड इलेक्ट्रोनिक्स ससरी प्रा.लि	३०४८००
६७.	१०८	खान अटोमोबाइल एण्ड इलेक्ट्रोनिक्स ससरी प्रा.लि	३०४८००
६८.	१०९	दिपान्सु सप्लायर्स	९८४८४६
६९.	११०	खुश्बु सप्लायर्स	७८९३६३

७०.	१११	काली मा इन्टरप्राइजेज	९६१६७
७१.	११३	गणेश निर्माण सेवा	३०६२२३
७२.	११४	गणेश निर्माण सेवा	४८०४२३
७३.	१५७	श्री जय चन्द्रा निर्माण सेवा	१७०९१६
७४.	१५८	हिमाल कन्स्ट्रक्सन	४८६४२२
७५.	१५९	हिना कन्स्ट्रक्सन	७८४३९६
७६.	१६०	हिमाल कन्स्ट्रक्सन	४८१०६६
७७.	१६१	संजित निर्माण सेवा	९५४८७९
७८.	१६६	कंचन निर्माण सेवा	९३४१४७
७९.	१६७	विवेक निर सेवा	८७६७२३
८०.	१४९	लक्ष्मी निर्माण सेवा	१९७१८७
८१.	१५०	बाबु अमन निर्माण सेवा	६५९००९
८२.	१५१	दुर्गा कन्स्ट्रक्सन	४७११३४
८३.	१५२	रुपकला कन्स्ट्रक्सन	८८१३०५
८४.	१५३	शुभ प्रभात एण्ड प्रतिभा निर्माण सेवा	८८०७८३
८५.	१५४	दुर्गा कन्स्ट्रक्सन	३८३५८७
८६.	१५५	नीति निर्माण सेवा	८८०७८३
८७.	१५६	रोशन कन्स्ट्रक्सन	९०२२७१
८८.	२०९	आरती निर्माण सेवा	९८३०४४
८९.	२११	भिम निर्माण सेवा प्रा.लि	८८८१४५
९०.	२१२	अनमोल विल्डर्स	४९९६७२
९१.	२१४	सगरमाथा रेफ्रिजेसन एण्ड सप्लायर्स	४९२७१५
९२.	२१५	एस सी एस निर्माण सेवा	८७७५२०
९३.	२१७	कालिबंदी कन्स्ट्रक्सन प्रा.लि	९६८५५९

९४.	२१८	मोहमद कन्स्ट्रक्सन	४८४२०१
९५.	२१९	महेन्द्र निर्माण सेवा	४२५१७६
९६.	१८०	जय मा काली ट्रेडर्स एण्ड सप्लायर्स	९८६२७२
९७.	१८१	कृष्ण ट्रेडर्स एण्ड सप्लायर्स प्रा.लि	९८६१०६
९८.	१८२	गहिल बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि	९२१७१७
९९.	१८३	मा धमिनी काष्ठ फर्निचर उद्योग	९७९६३९
१००.	१८४	प्रशान्त जेनरल स्टोर	९७११६४
१०१.	१८५	सुमन जेनरल स्टोर	९८२७६१
१०२.	१८६	संकल्प टेक एण्ड मिडिया प्रा.लि	४७३२४९
१०३.	१८७	प्रेप्राइटि आइटि सोलुसन प्रा.लि	४७२२९६
१०४.	१८८	तेकनेब्लस आइटि सोलुसन प्रा.लि	४७३२४९
१०५.	१८९	सुभारम्भ सोलुसन प्रा.लि	४७१२७७
१०६.	८७	हिमांसु कन्स्ट्रक्सन	८८३८९५
१०७.	८८	मृगा कन्स्ट्रक्सन	६८७६९२
१०८.	९४	एन सी कन्स्ट्रक्सन	९५६५०३
१०९.	९९	लक्ष्मी निर्माण सेवा	२९२०३३
११०.	१००	सक्षम राज कन्स्ट्रक्सन	९७८९३७
१११.	६२	बन्धन एडभरटाइजिङ प्रा.लि	१२७७२४
११२.	६७	भिम बिल्डर्स प्रा.लि	८८१५३२
११३.	६८	यूवराज निर्माण सेवा प्रा.लि	८८२९०१
११४.	६९	विश्व लक्ष्मी कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि	७८१८४०
११५.	२७५	कृष्णा निर्माण सेवा	३८४०२२
११६.	४०	दता कम्युनिकेशन	९०४४४२
११७.	४१	एम टेक मोबाइल एण्ड जेनरल स्टोर	५०८१६

११८.	४२	साझा कम्युनिकेशन	५४९७५
११९.	४७	एस आर मोबाइल	४५३८९
१२०.	४७	मा काली जेनरल स्टोर एण्ड सप्लायर्स	७०२४५
१२१.	५०	नित्यलक्ष्मी कन्स्ट्रक्सन एण्ड सप्लायर्स	९४२८४८
१२२.	५१	पी सी कम्प्युटर एण्ड सप्लायर्स	९८३३१९
१२३.	२४०	शर्मा ग्रुप एण्ड सप्लायर्स	९०८१६७
१२४.	२४२	भिकेश निर्माण सेवा	९८१०४६
१२५.	२४५	सुन्दर कन्स्ट्रक्सन	५५१४३०
१२६.	२३२	मसानी कन्स्ट्रक्सन	७८५७८२
१२७.	२३३	लक्ष्मी निर्माण सेवा	६७६००७
१२८.	२३४	रश्मी ट्रेडर्स एण्ड सप्लायर्स	१९४५४५
१२९.	२३५	देवदास निर्माण सेवा	९१९५५६
१३०.	२३८	राइजिङ्ग मिडिया नेटवर्क नेपाल प्रा.लि	४८८४२९
१३१.	३	नेन्सी इन्टरप्राइजेज	९६१६८
१३२.	२३९	राइजिङ्ग प्रोडक्सन हाउस प्रा.लि	१९०४३८
१३३.	६	एम टेक मोबाइल एण्ड जेनरल स्टोर	६२४४०
१३४.	१०	तिरुपति अटो प्यालेस प्रा.लि	४६८४९७
१३५.	१२	शिवम ट्रेडर्स एण्ड फर्निसिङ्ग हाउस	१३८३४५
१३६.	१३	आरोही क्रिएसन	९६८०९८
१३७.	१४	हुमा स्टोर एण्ड सप्लायर्स	१६५२९८
१३८.	१५	नेन्सी इन्टरप्राइजेज	९८४३५
१३९.	१८	उ ट्रेडर्स	८८८६५
१४०.	२१	फुलवारी इन्जिनियरिङ्ग प्रा.लि	९४०७८५
१४१.	२२	मुन इलेक्ट्रोनिक्स एण्ड इलेक्ट्रिकल पसल	४७११०७

१४२.	२३	सम्झना ट्रेडर्स एण्ड जेनरल सप्लायर्स	४९२८३
१४३.	२६	न्यू माइक्रोल्याण्ड कम्प्युटर एण्ड सप्लायर्स	३१५५८६
१४४.	२७	ललित इलेक्ट्रोनिक्स ट्रेडर्स एण्ड सप्लायर्स	८६४६७
१४५.	२८	ललित इलेक्ट्रोनिक्स ट्रेडर्स एण्ड सप्लायर्स	९२७५५
१४६.	२९	काली मा इन्टरप्राइजेज	४६२७२५
१४७.	३१	शिव ट्रेडिङ्ग एण्ड बिजनेश हाउस	१७११९०
१४८.	३२	देव एण्ड सन्स बिजनेश सेन्टर	९६५९५०
१४९.	३४	सामिक रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि	४७३४४०
१५०.	३५	ललिता इलेक्ट्रोनिक्स ट्रेडर्स एण्ड सप्लायर्स	८७५२७
१५१.	३७	बन्डी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि	९२२५४३
१५२.	३८	निखिल निर्माण सेवा	२९२२८५
१५३.	३३	भुमीपुत्र कन्स्ट्रक्सन	२४१५३७
१५४.	३२	हंस कन्स्ट्रक्सन	१९८२५८
१५५.	२७	ए.सी.एस निर्माण सेवा प्रा.लि	४८२३८३
१५६.	२६	भीम बिल्डर्स प्रा.लि	४७९०७४
१५७.	२४	डानपा निर्माण सेवा	२९४०६३
१५८.	२३	संजु बाबा कन्स्ट्रक्सन	२९३५९०
१५९.	२५	सोनाक्षी कन्स्ट्रक्सन	४७९९२७
१६०.	२१	श्री जय चन्द्रा निर्माण सेवा	१७९४३५
		जम्मा	९११९३६६३

सैद्धान्तिक बेरुजु

८० **सडक ढलान फर्मा -** कार्यालयले सडक ढलानको लागि प्रयोग गरेको दर विश्लेषणअनुसार फर्मा (form work) कार्यको लागि मेसिन र समाग्रीको ४ प्रतिशत कायम गरी भुक्तानी गरेको छ। फर्माको ४% को प्रयोग सडकको दुवै साईड र बीचमा Expansion joint समेतको कार्यको लागि भएकोले निम्नानुसारको निर्माण कार्यमा दुबै साईडमा फर्मा प्रयोग नभएको र पेश भएको फोटोमा बीचमा समेत Expansion joint प्रयोग नभएको देखिएकोले नर्म्समा ४% पाउनेमा कार्य अनुसार २ प्रतिशत मात्रै

पाउने देखिएकोले र भुक्तानी गर्दा रनिङ्ग बिलमा पुणः थप गरी फर्माको खर्च लेखेकोले बढी लेखेको रकम असुल उपर गर्नुपर्ने रु

गो.भौ.नं मिति	फर्मामा २% को मात्रै काम गरेको	बील थप गरी फर्मा भुक्तानी	भ्याट रकम	भुक्तानी जम्मा
२२९-२०८०।०३।२३	५२८६	११८९४	२२३३	१९५१३
२३०-२०८०।०३।२३	८४४८	११८९९		२०३४७
२१९-२०८०।०३।२२	४३७७	१०१५८	१८८९	१६४२५
६५-२०८०।०२।२२	११९७९	१७७४८		२९७२७
६७-२०८०।०२।२२	८९६९	१४१५२	३००८	२६१३८
२७६-२०८०।०३।२४	५२८००	८९६६४		१४२४६४
२६१-२०८०।०३।२४	९३००	२४६२४	४४२१	३८४३५
४६-२०८०।०२।०१	१५१०८	२४५५०		३९६९५
७-२०७९।०९।१२	५१३००	७०८७४		१२१३००
८-२०७९।०६।१२	१३३२०	१७१८५		३०५०५
९-२०७९।०६।१२	१०६८८	५६२९६		६६९०४
३८-२०७९।०३।१४	१६६५०	१२४८१		३२९१८
४०-२०७९।०६।१४	१३३०५	३८६२७		५१९३२
२३-२०७९।०६।१४	१८६४५	४८७०८		६७३५३
५६-२०७९।०७।०२	१४९१०	४५८५७		६०७६७
५७-२०७९।०७।०२	२९७९०	३०१०३		५९८९३
५८-२०७९।०७।०२	२४३०९	३४६०७		५८९१६
५९-२०७९।०७।०१	७९८००	६३१९४		१४२९२
६०-२०७९।०७।०४	२२७८०	३३१६०		५५९४८
६३-२०७९।०७।०५	५९२२	१३८८६		१९८०८
७०-२०७९।०७।०५	६७६८	७८८०		१४६४८

८१-२०८०।०३।२४	११७९	२५८९७		३७६२७
४८-२०७९।०६।२३	२२५७५	१००००		३२५७५
५४-२०७९।०६।२४	१८०००	२४०००		४२०००
२५-२०७९।०६।१४	३८४००	२६४४०		६४८४०
२७-२०७९।०६।१४	५१९००	३५७३५		८७६३५
३२-२०७९।०६।१४	१०६६२	२६०७४		३६७७६
जम्मा रु.				१४१८०११।

असुल गर्नुपर्ने	१४,१८,०११

८१ **इन्फ्रारेड चुल्हो -** इन्फ्रारेड चुल्हो १३३ थान खरिद गरी अमित ट्रेडर्स सप्लायर्स मोरङलाई रु ७९८०३९ भुक्तानी खर्च लेखेकोमा सामान खरिदको आवश्यकता पहिचान नभएको, वितरण गरिने लक्षित वर्ग एकिन नगरेको र चुल्हो वितरण भरपाई पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु ७९८०३९

प्रमाण पेश नगरेको	७,९८,०३९

८२ **डिपीआर -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६९ अनुसार परामर्श सेवा सम्बन्धी कार्य गर्दा क्षेत्रगत कार्यशर्त तयार गर्नुपर्ने व्यवस्था छ ।सो व्यवस्था अनुरुप कामको उद्धेश्य,कार्यक्षेत्र,सम्पादन गर्ने कार्य,कामको योग्यता लगायतको उल्लेख गर्नुपर्दछ ।यस गाउँपालिका अन्तर्गत निम्न कार्यको डिपीआर हुँदा मिल्दोजुल्दो देखिने कार्यहरुमा पालिकाले कार्यप्रकृती अनुसार एउटै प्याकेज गरी प्रतिस्पर्धात्मक तवरले कार्य गराउनु पर्नेमा छुट्टा छुट्टै टुक्रा गरी पटक पटक कार्य गराएकोले खरिद कार्य अनियमित देखिएको रु.

गो.भौ.नं मिति	कार्य	भुक्तानी फर्म	रकम
१०२-२०८०।०२।३२	वडा नं १ वरही पोखरी क्रिकेट मैदान	ए वन इन्जिनियरिङ्ग	११४८०८०
२४४-२०८०।०३।२४	डिहीवार मन्दिर डिपीआर	कोशी इन्जिनियरिङ्ग कन्सल्ट	४९४९४०
२३८-२०८०।०३।२३	छिन्नमस्ता मन्दीर वृतचित्र	राइजिङ्ग मिडिया	४९५०००
२३९-२०८०।०३।२३	गाउँपालिका एन्थेम निर्माण र छायांकन	राइजिङ्ग मिडिया नेटवर्क प्रा.लि	१९३०००

२१-२०७९।११।१७	विद्यालय अनुगमन प्रणाली	फुलवारी इन्जिनियरिङ्ग प्रा.लि	९८८०००
१९०-२०८०।०३।२१	इ.सिफारिस व्यवस्थापन प्रणाली	शुभारम्भ सोलुसन	४९८३३०
१८६-२०८०।०३।३०	अनलाइन सूचि प्रणाली	संकल्प ट्रेड एण्ड मिडिया	४९७०००
१८७-२०८०।०३।२०	व्यवसाय दर्ता व्यवस्थापन प्रणाली	प्रोवराहरी आइ.टि सोलुसन	४९६०००
१८८-२०८०।०३।२०	अपाङ्ग परिचयपत्र तथा ज्येष्ठ नागरिक व्यवस्थापन प्रणाली	टेकु नेब्लस आइ टि सोलुसन	४९७०००
१८९-२०८०।०३।२१	दर्ता चलानी व्यवस्थापन प्रणाली सफ्टवेयर निर्माण	शुभारम्भ सोलुसन प्रा.लि	४९४९४०
जम्मा रु			५८०२२९०

अनियमित भएको	५८,०२,२९०

८३ **समुदायिक भवन** (१८-२०८०-३-२४): विपन तथा दलित सामुहिक आवासीय भवन निर्माण कार्यको लागी रु ५२ लाख सम्झौता भएकोमा प्रथम र दोस्रो रनिङ बिलबाट भएको भुक्तानी रकम रु ४७२१८०४ मा १.५ प्रतिशत रु ७०८२७ अग्रिम कर कट्टी गर्नुपर्नेमा अन्तिम बिलबाट रु २८५९४ मात्र कट्टी गरेकोले नपुग कर असुल गर्नुपर्ने रु ४२२३३

असुल गर्नुपर्ने	४२,२२३

८४ **वृत्तचित्रः** (२३८-२०८०-३-२३): छिन्नमस्ता भगवती मन्दीर प्रचार गर्न राइजिङ्ग नेपाल मिडियासँग कार्यालयले सम्झौता गरी रु.४९५०००। भुक्तानी खर्च लेखेकोमा सम्झौता बमोजिम समयावधि ६० मिनेट हुनुपर्नेमा २० मिनेट मात्रै रहेको, स्क्रिप्ट लेखनको हार्डकपी पेश नभएको, छायाँकंन गरेको फोटो प्रमाण पेश नभएकोले वृत्तचित्र बनाइ पेश गर्न सम्झौताको ३३ प्रतिशत मात्रै कार्यसम्पन्न भएको देखिएकोले पुरा पैसा भुक्तानी भएको हुँदा नियमानुसार ६७ प्रतिशत रकम असूल दाखिला गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	३,३१,६५०

८५ **मुल्य अभिवृद्धि कर** (१०६-२०७९-११-८): उपभोक्ता समिति मार्फत गत आ.व.को भुक्तानी गर्दा वडा नम्बर २ राम किसुन सतहीको खेत देखि वडा नम्बर ३ को बरगाछी सम्म ग्रावेल कार्यको लागि रु ११ लाख १४ हजार ६०५ भुक्तानी भएकोमा माटोको कामको लागि ८५९९ घ. मी. कार्य गरेकोमा चेनेज मात्र खुलाई कार्य गरेकोमा प्रत्येक चेनेजमा क्रस सेक्सन कायम गरी कार्य नगर्दा खास कति परिमाणमा माटो प्रयोग भएको हो भने एकीन गर्न नसकिएको, माटो र ग्राभेल कार्यक्रम सम्पन

भएको सिफारिस सम्बन्धित वडा कार्यालयबाट पेश भएपनि अनुगमन समितिको सिफारिस नभएको, माटो र ग्रावेल कार्यको बिल मुल्य अभिवृद्धि कर समेत १३२२१०० पेश गरेकोमा माटो र ग्राभेल कार्य मुल्य अभिवृद्धि कर जन्य कारोबार नभएकोले आर. पी.कन्स्ट्रक्सनको बिलमा मुल्य अभिवृद्धि कर समावेश गरी दिएको रकम असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१,५२,१००

८६ **नर्म्सको प्रयोग -** गाउँपालिकाले निश्चित उपयुक्त र अनुकूल नर्म्सको प्रयोग गरी कार्य प्रवृत्ति अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्दछ। सडक ढलान कार्यमा पालिका अन्तर्गत यो वर्ष उपभोक्ता तर्फ कुल १६९६ घनमिटर र ठेक्का तर्फ १५५५ को कार्य सम्पादन भएको छ। पालिकाले सडक कार्यमा सडक विभागको नर्म्सको प्रयोग नगरी डोलिडारको नर्म्सको प्रयोग गर्दा खरिद कार्य मितव्ययी नभई बढी व्ययभार परेको छ। निम्नानुसार बढी व्ययभार परेको रकम असुल उपर गर्नुपर्ने देखिएको रु

मार्फत	जम्मा कार्य (घ. मी.)	भुक्तानी दर	सडक विभाग अनुसार दर	बढी दर	असुल गर्नुपर्ने
उपभोक्ता तर्फ	१६९६	१३४००	११९७०	१४४०	२४२५२८०
कोटेशन तर्फ	१५५५	१४३००	१३६९१	६०९	९४६९९५
जम्मा					३३७२९७५

असुल गर्नुपर्ने	३३,७२,२७५

८७ **गुणस्तर** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ अनुसार सार्वजनिक निकायले आपूर्ति गरिएका माससामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण र परीक्षण गराउनुपर्ने व्यवस्था छ ।कार्यालयले खरिद प्रक्रियामा संलग्न सबै मालसामान र निर्मित संरचनाको गुणस्तर परीक्षण गराउनु पर्नेमा आंशिक रुपमा मात्रै गुणस्तर परीक्षण गरेकोले भए गरेका कार्यहरु गुणस्तरमा आश्वस्त हुने आधार देखिएन । साथै सम्झौता बमोजिम गुणस्तर परीक्षण गर्न बजेट व्यवस्था भई भुक्तानी भएका निम्न योजनाहरुमा गुणस्तर समेत परीक्षण नगरी भुक्तानी गरेकोले उक्त रकम असूल उपर हुनुपर्ने देखिएको रु.

गो.भौ.नं मिति	योजना	भुक्तानी रकम
७०-२०७९।०७।०५	छिन्नमस्ता गा.पा ४ लालपट्टी महेन्द्रको घरदेखि लवकी पोखरी बाटा RCC	४०००
४८-२०७९।०६।२३	सिकेत यादवको घरदेखि मेनरोड RCC	२०००

२७-२०७९।०६।१४	इनर यादवको घरदेखि भोला यादव घर RCC	२०००
२२९-२०८०।०३।२३	वडा नं २ मोहनपुरको रामनारायण यादवको घर देखि विजया यादवको घरसम्म RCC	३५००
		११५००

असुल गर्नुपर्ने	११,५००

८८ **हाडमास्टर लाईट** -

८८.१ सखडा बजार देखि विभिन्न सडकमा विधुतीय अटोमेटिक सडकबत्ती तथा मन्दिर देखि विभिन्न स्थानमा हाडमास्टर ९ स्थानमा जडान गर्न कार्यालयले उपभोक्ता मार्फत कार्य गर्ने गरी मूल्य अभिवृद्धि कर समेत ४५ लाख १७ हजार ८० मा लागत अनुमान तयार गरी सप्लायर्स श्रेय ट्रेड एण्ड सप्लायर्स काठमाण्डौलाई भुक्तानीको गरेको छ। यस सम्बन्धमा देखिएका थप व्यहोराहरू निम्न अनुसार रहेका छन्।

(क) **लागत अनुमानः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा खरिद कार्य गर्नु पूर्व लागत अनुमान तयार गर्नुपर्ने ,कम्तिमा ३ वटा फर्मको सन्दर्भ रकम, बजारमा प्रचलित दर अन्य सरकारी कार्यालयले प्रयोग गरेको दर, उद्योग वाणिज्य संघले जारी गरेको मूल्य समेतलाई आधार मानी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ। तर यस गाउँपालिकाले हाडमास्टर लाईटको लागत अनुमान तयार गर्दा उल्लेखित विपरणलाई आधार नबनाई सोझै सप्लायर्सको लागत रकमको हाराहारीमा तयार गरेकोले यसरी गरेको खरिद कार्य नियम सम्मत देखिएन।

(ख) **गुणस्तरः** खरिद कार्यको प्राविधिक स्पेशिफिकेशन छुट्टै तयार गरको छैन ।लागत अनुमानमै १३ मिटर अग्लो लाइट पोल, त्यसको गोलाई र त्यसमा प्रयोग हुने फ्रेम,तार,एकंर बोल्ट,४०० Watt Led Light र आकार प्रकार बारेमात्रै उल्लेख गरी खरिद कार्य गरेको देखियो ।बत्तीको गुणस्तर र त्यसमा प्रयोग हुने सामानको टिकाउको बारेमा कुनै उल्लेख नगरेकोले प्राविधिक स्पेशिफिकेशन र गुणस्तर परीक्षणको कार्य बेगर कार्य गराएको छ ।

(ग) नेपाल विधुत प्राधिकरणको प्राविधिक सहयोगमा जडित हाईमास्टर लाइटको जडान कार्यको लागि न्यूनतम ५ वर्षको वारेण्टी पिरियड कायम गरी कार्य गराउने अभ्यास रहेको छ ।हाइमास्ट लाइटको लागि प्राविधिक स्पेशिफिकेशन र प्रचलित मान्यता अनुसार बत्ती, ब्याट्री,प्यानल,LED चीम, कन्ट्रोल प्यानल, अटो कन्ट्रोल लगायतको इक्युमेण्टको गुणस्तर NASLP In USA वा NABL टेण्टिङ्ग एण्ड क्यालिविरेशन हुने गरी मान्यता पाप्त फर्मबाट सो सामानको उत्पादन र आपूर्ति भएको हुनुपर्दछ । यस

पालिकाले उपरोक्त गुणस्तर र स्पेशिफिकेशन अनुसार मान्यता प्राप्त फर्मबाट सामान खरिद गरी जडान गरेकोमा स्पष्ट हुन सकिएन ।

(घ) मास्टर लाइटको आपूर्ति बिजक अनुसार SHREY TRADE AND SUPPLIES काठमाण्डौबाट खरिद गरेकोमा उक्त फर्मले NABL,NVLSP बमोजिम उत्पादन र आपूर्ति गर्ने फर्मको आधिकारिक बिक्रेताको प्रमाणपत्र (Letter of Authorization) लिएको छैन ।

(ङ) **मर्मत सम्भार:** जटिल र प्राविधिक विषयमा ठेक्का नगरी उपभोक्ता मार्फत कार्य गराउँदा मर्मत संभार र गुणस्तर को अवधि तोकि सामान बिग्रिएमा त्यसको जिम्मेवार पक्षलाई जवाफदेहि गराउन सकेको देखिएन ।

सैद्धान्तिक बेरुजु

८८.२ उपभोक्ता मार्फत कार्य गराएको: टावरलाइट जडान कार्य उपभोक्ता मार्फत जडान गराएको छ। सार्वजनिक खरिद नियमावली २०६४ अनुसार विशेष किसिमको प्राविधिक सीप र दक्षता आवश्यक पर्ने कार्य उपभोक्ता मार्फत गराउन मिल्दैन। खरिद कार्यको लागि कार्यालयले तयार गरेको लागत अनुमानमा टावरलाईटको लागि पोलगाड्ने खाल्डो खन्ने कार्यमा मात्रै रु १०७०० को कार्य मात्रै उपभोक्ताले श्रम प्रयोग गरी खर्च गर्न सकिने देखियो। मास्टर लाईटको लागि मात्रै तयार गरेको लागतमा मू.अ.कर समेत ४५ लाख १७ हजार ८० को नियमानुसार उपभोक्ताले १० प्रतिशतले हुने ४ लाख ५१ हजार ७८० को श्रम सहभागिता वा लागत सहभागिता हुने देखिन्छ । तर उपभोक्ताले १०७००। को मात्रै श्रम सहभागिता गरेको देखिन्छ भने लागत सहभागिता मार्फत लागत साझेदारी समेत गरेको नदेखिदा उपभोक्ताको १० प्रतिशतको योगदान हुने रु ४ लाख ५१ हजार ७८० मा श्रम सहभागिताको अंश रु १०७००। कटाउँदा आउने रु.४४१०८० को सन्दर्भमा कार्यालयले प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	४,४१,०८०

८९ **अग्रिम कर** (१०६-२०७९-११-८): वडा नम्बर २ राम किसुन सतहीको खेत देखि वडा नम्बर ३ को बरगाछी सम्म ग्रावेल गर्ने गत आ.व.को भुक्तानी रु ११ लाख १४ हजार ६०५ रहेकोमा उपभोक्ता सँग सम्झौता गर्दा उक्त योजनाको रकम ८५ लाख रहेकोमा यो वर्ष भुक्तानी गर्दा ५० लाख भन्दा माथिको कार्यमा अग्रिम कर १.५ प्रतिशत कट्टा गर्नुपर्नेमा गरेको नदेखिएको रु १६७१९

असुल गर्नुपर्ने	१६,७१९

९० **इट्टा** - कार्यालय भवन, स्वास्थ्य चौकी, बाउण्ड्री वाल लगायतका संरचना निर्माण लगायतका निर्माण कार्यमा शहरी विकास तथा भवन निर्माण विभागले निर्धारण गरेको नम्सको प्रयोग गर्नपर्ने र सो बमोजिम सामान्यतया इट्टाको प्रयोग प्रति घनमिटर ४६० हुनुपर्ने उल्लेख छ ।यस गाउँपालिकाले यो वर्ष भवन संरचना निर्माणमा प्रति घनमिटर ४७६ इट्टा प्रयोग गरेको छ । नर्म्स अनुसार इट्टाको प्रयोग स्थान अनुसार हुने उल्लेख छ ।तर फिल्ड निरीक्षणको क्रममा ३ वटा फरक फरक उद्योगको नमूना नाप लिदा औषतमा प्रति घनमिटर ४०७ रहेको पाइएकोले प्रतिघनमिटर ६९ इट्टा बढी प्रयोग भएको देखिन्छ ।तसर्थ कार्यालयले

पेश गरेको विवरण अनुसार यो वर्ष निर्माणमा कुल इट्टा प्रयोग ७९६.९६ घनमिटर रहेकोमा जम्मा ५४९९०.२४ इट्टा बढी प्रयोग भएकोले प्रति इट्टा मू.अ.कर समेत रु १९.२१ भएकोले बढी भएको इट्टाको रकम असुल उपर गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	१०,५६,३६२

९१ **ग्राबेल** - सार्वजनिक आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार नियम ,कानुन, प्रमाणको आधारमा खर्च लेख्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाका अन्तर्गत विभिन्न स्थानमा ग्राबेल कार्य गर्दा बाटो ग्राबेल गरेको निश्चित स्थान (chainage) र बाटोको उचाइको अधारमा भुक्तानी भएपनि सडकमा उक्त प्रत्येक चेनेज भित्र कति कति उचाइमा ग्राबेल गरेको भनी विस्तृत रूपमा क्रस सेक्सन तयार गरी कार्य को पुष्ट्याईं गर्नुपर्नेमा निश्चित चेनेजमा निश्चित उचाइमा ग्राबेल गरेको मात्रै प्रमाण पेश गरेको छ। तर क्रस सेक्सन तयार नगरी चेनेज मात्रै एकीन गरेर कार्य गर्दा गरेको कार्य परिमाण सहि हो भन्ने आधार पुष्टि हुन सकेन। तसर्थ चेनेज भित्रको क्रस सेक्सनको आधारमा परिमाण एकिन गरी कार्य गराउनु पर्दछ। यसरी क्रस सेक्सन वेगर गरेको कार्य निम्नानुसार रहेको छ।

गोभौनं	कार्य	परिमाण	रकम
२०	वरगछिया देखि जयलाल घरसम्म बाटो ग्राबेल	४७१ घ मी	२२०४२३१
२	वडा नं २ महुवा स्थित र प्रा वि महुवा देखि भारतीय सिमा सम्म		३४१८३९
६२	वडाको विभिन्न सडकमा ग्राबेल गर्ने कार्य		१६२४८६
३७	महुवाको दिपेन्द्र साहको घरदेखि गोहदाह नदीसम्म माटो ग्राबेल		२७६४५६
३९	मोहनपुरको गोहदेखि नदी पुलदेखि मुतनी नातीसम्म माटो ग्राबेल		५६२५९४
३१	वडा नं २ मोहनपुरको भुतनी नदीदेखि देव नारायण यादवको घर सम्म		५८१९९
३७	महुवाको दिपेन्द्र साहको घरदेखि गोहदह नदोसम्म माटो ग्राबेल		२७६४५३
३०	महुवारको डिहिवार जग्गामा माटो		१०७७४६६
३५	विभिन्न सडकहरुको मर्मत ग्राबेल माटो		४७०९२५
३७	महुवाको दिपेन्द्र साहको घरदेखि घारोदह सम्म माटो ग्राबेल		३२८२६९
७०	वडाको विभिन्न सडकमा ग्राबेल		१८९८७६

७८	७ वटै वडाको मर्मत माटो र ग्राबेल		१७३५३३६
९३	७ वटै वडाको मर्मत माटो ग्राबेल		१४३३४५७
१६०	वडा नं २ बवुल झाको घरदेखि घारेदह नदीसम्म माटो ग्राबेल		१४२८१४६
१८४	वडा नं ६ अन्तर्गत विभिन्न रमानमा माटो र ग्राबेल		४७९०३९
२१५	वडा नं ६ स्थित डिहिवार बाबाको भन्दीर उत्तर गदराही पोखरीसम्म माटो ग्राबेल		१४४४८३८
२३३	वडा नं ५ रामेश्वर महतोको घर देखि शिवश्री साहको घर हुदै दुखी महतोको घर हुदै पश्चिम माटो तथा ग्राबेल		२८०६१९
२३९	वडा नं २ महुवाया दिनेश्वर साहको घर देखि शिव मन्दिर माटो ग्राबेल		३१३७३७
२४६	सखडा स्वास्थ्य चौकी देखि भोमराही सम्मको बाटोमा माटो तथा ग्राबेल		८७७०८५
२४९	झुमेली साहको घरदेखि हनुमानमन्दिर माटो ग्राबेल		६६७८७५
२६४	अशोक चौधरीको घरदेखि विरेन्द्र रामको घरसम्म माटो ग्राबेल		१९१४०८
२६८	बढकी खरियानी देखि दशगज्जा ग्राबेल		४५८७६१
३२४	चोरकी खरियानी देखि प्रनघा सडक माटो पुर्ने		६०४८३५
३६८	विभिन्न सडकमा मर्मत माटो र ग्राबेल		२२८९१६२
३२४	छोटकी खरियानी देखि परन्ध सडक सीमासम्म माटो पुर्ने कार्य		५८१४०६

सैद्धान्तिक बेरुजु

९२ **अनुगमन प्रतिवेदनः** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(४)ख अनुसार गाउँपालिका भित्र सञ्चालन हुने योजना तथा कार्यक्रमको सुपरीवेक्षण तथा अनुगमन गरी प्रतिवेदन जारी गर्ने व्यवस्था उप-प्रमुखको हुन्छ यो वर्ष यस गाउँपालिकाले निम्न योजनामा अन्तिम भुक्तानी गरेकोमा उक्त कानूनी व्यवस्था अनुसार उप-प्रमुखले अनुगमन गरी प्रतिवेदन दिएको नदेखिएकोले कानूनी व्यवस्थाको पालना गर्नेतर्फ जोड दिनुपर्छ ।

गो.भौ.नं मिति	योजना तथा कार्यक्रम	रकम
३७-२०७९।१२।३०	जगरनाथ दासको घरदेखि उत्तर गुलाव सुतीहारको घरसम्म ग्रावेल तयार RCC	९७०६००
३८-२०८०।०१।०७	वडा नं ४ स्थित लालस्वरनाथ मन्दीरको प्राङ्गणमा पार्वती मन्दीर प्लाष्टर र रङ्गरोगन	२९६२१७
७६-२०८०।०२।२७	वडा नं २ को ललित ठाकुरको घरदेखि हस्न्त ठाकुर घरसम्म RCC	३६६५४०
८५-२०८०।०२।२९	वडा नं २ विभिन्न सडक मर्मत	४९४६७७
२६८-२०८०।०२।०२	वढ्की खरियानी देखि दसगज्जा माटो पुर्ने	४५८७६०

सैद्धान्तिक बेरुजु

९३ **कंक्रिट नर्म्स** - कार्यालयले सडक ढलान कार्यको लागि सडक विभागको नर्म्स अनुशरण गरी कार्य गर्नुपर्दछ। यस गाउँपालिकाले PCC for RCC M१५ को लागि सडक विभागको नर्म्स अनुसार उपभोक्ताको लागि प्रति घनमिटर ११९६०.८१ र ठेक्का १३६९१.४४ बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ। तर यस पालिकाले प्रयोग गरेको दर रेट उक्त सडक विभागको भन्दा निम्नानुसार बढी हुनेगरी दर तय गरेकोले सो अनुसार गरेको खर्च नियमसम्मत नभएको रु

कार्य	परिमाण (घ.मी.मा)	दिनुपर्ने दर (प्रति घ.मी.)	दिएको दर (प्रति घ.मी.)	बढी दर (प्रति घ.मी.)	रकम
कंक्रिट M१५ उपभोक्ता	१०९६	११९७०	१३२१७.७४	१२४७	१३६६७१२

कंक्रिट कार्य ठेक्का/कोटेशन	७४३	१३६९१	१४३४०	६४९	४८२२०७
जम्मा					१८४८९१९

असुल गर्नुपर्ने	१८,४८,९१९

९४ **सडक बत्तीको कार्य उपभोक्ताबाट गराएको**

९४.१ यस गाउँ कार्यपालिका कार्यालयले मास्टर लाईटको खरिद कार्यमै लागत अनुमान खण्ड (B) कायम गरी सडक बत्ती २१२ थानको जडान बापत रु. ४३ लाख २५ हजार आपूर्तिकर्ता SHREY TRADE AND SUPPLIES काठमाण्डौलाई भुक्तानी गरेको छ । यस सन्दर्भमा देखिएका थप व्यहोराहरु निम्न रहेका छन् ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ अनुसार मालसामानको लागत अनुमान गर्न दरभाउपत्र लिई तयार गर्नुपर्नेमा सप्लायर्सलाई भुक्तानी गर्ने रकमकै हाराहारीमा तयार गरेकोले खरिद प्रक्रिया नियम सम्मत नदेखिएको ।

• १०० Watt Light with Auto-on-off and Dimming Operation भनी उल्लेख गरेको छ । सामानको गुणस्तर र टिकाउपना कति हुने बारे उल्लेख गरेको छैन ।

• वारेण्टी खरिद कार्यमा सप्लायर्सबाट वारेण्टी र ग्यारेण्टी सहित न्यूनतम ३ वर्ष मर्मत संभारको दायित्वमा जवाफदेहि गराउन प्रावधान राखेको छैन ।

• भुक्तानी पूर्व गुणस्तर र स्पेशिफिकेशन बमोजिम भए नभएको भनी विश्लेषण गरी भुक्तानी गरेको छैन ।

सैद्धान्तिक बेरुजु

९४.२ सडक बत्ती लागि मात्रै ४३ लाख २५ हजार को लागत अनुमान तयार गर्दा १० प्रतिशत उपभोक्ताले व्यहोर्ने उल्लेख भएकोमा सो अनुसार श्रम र लागत सहभागिता भएको नदेखिएको असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	४,३२,५००

९५ **पदाधिकारी सुविधा** - मधेश प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७७ अनुसार पदाधिकारी तथा सदस्यले पाउने सुबिधाको ब्यबस्था गरेको छ । पालिकाले पदाधिकारीको बार्षिक पारिश्रमिक सुविधामा रु ८१,८८,००० खर्च लेखेको देखिन्छ।

पदाधिकारी सुविधा— मधेस प्रदेशले बनाएको स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ को दफा ३ मा स्थानिय तहको आन्तरिक स्रोत समेतको आधारमा सम्बन्धीत सभाले पारित गरेको सुविधा तथा भत्ता पाउने व्यवस्था छ ।पालिकाले यो बर्ष पदाधिकारीको बार्षिक पारिश्रमिक सुविधामा रु. ८१,८८,००० खर्च लेखेको देखिन्छ। उक्त खर्च नगरपालिकाको यो बर्षको आन्तरिक आय रु १२,९८,४२९ को तुलनामा ६३०.९९ प्रतिशत रहेको देखिन्छ । उक्त कानूनले आन्तरिक स्रोत समेतको आधारमा सुविधा पाउने व्यवस्था गरेतापनि पालिकाले राजस्व बाँडफाँडबाट मात्र खर्च व्यहोरेको देखिन्छ । तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सिमाभित्र राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९६ **दोहोरो सुविधा** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७७ संशोधन सहितको दफा नं. ३ अनुसार पदाधिकारी तथा सदस्यले अनुसुची बमोजिमको रकममा नबढने र दोहोरो नपर्ने गरी सुविधा पाउने व्यवस्था भएकोमा पालिकाले पदाधिकारी सुविधा भुक्तानी गर्दा उपाध्यक्ष श्री राजु देवी यादवलाई यातायात सुविधा वापत नियमानुसार रकम भुक्तानीका अतिरिक्त ईन्धन सुविधा वापत रु १०१६०५ भुक्तानी भएकोले यातायात वापतको दोहोरो सुविधा उपाध्यक्ष श्री राजु देवी यादवबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,०१,६०५

९७ **करार सेवा शुल्क** - यस पालिकाले २१ जना कर्मचारीहरुलाई बिभिन्न पदमा गत बिगत देखि करार नियुक्त गरेको देखियो । पालिकाको लागि आवश्यक कर्मचारीको दरबन्दी सम्बन्धी संगठन तथा ब्यवस्थापन सर्वे गरी एकिन नगरी कार्यपालिकाको निर्णय अनुसार ब्यक्तिगत रुपमा विभिन्न पदमा २१ जना कर्मचारीहरु नियुक्ति गरी बजेट खर्च नम्वर करार सेवा शुल्क शीर्षकबाट रु ८८,४७,७०४ पारिश्रमिक भुक्तानी खर्च लेखेको छ ।२१ जना कर्मचारीहरु मध्ये ७ जना कर्मचारीहरु संग सम्झौता तथा म्याद थप नगरी तलब भुक्तानी गरेको देखियो। यसरी कर्मचारी नियुक्ति गरेको उपयुक्त देखिएन । संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी कर्मचारी दरबन्दी एकिन गरी स्थायी पदपुर्ति गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९८ **तलबी प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गत कर्मचारीहरुको बार्षिक तलवी प्रतिवेदन आन्तरिक लेखापरीक्षकबाट र निजामती कर्मचारीको तलवी प्रतिवेदन निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने ब्यवस्था रहेको छ । यस बर्ष पालिकाका कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी तलव भत्तामा खर्च रु १,४५,३२,००० गरेको छ । यसरी तलवी प्रतिवेदन पारित नगराई खर्च गर्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन । कानुन अनुकुल तलवी प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नुर्दछ।

सैद्धान्तिक बेरुजु

९९ **डोर हाजिरी** - पालिकाले दैनिक ज्यालादारीमा डोर हाजिरी मार्फत वार्षिक रुपमा २० जना र विभिन्न अवधिमा विभिन्न व्यक्तिहरुलाई डोर हाजिरमा काम गरेको भनी यो बर्ष रु ३८,६७,२९६ खर्च गरेको देखिन्छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण को माध्यमबाट बास्तविक आवश्यक दरबन्दी एकिन नगरी पटके निर्णयद्धारा व्यक्तिहरुलाई डोर हाजिरमा राखी तलब खर्च लेखेको उचित देखिएन । यसरी दरबन्दी एकिन नगरी र बास्तविक कार्य मूल्यकाकंन द्वारा पद सिर्जना नगरी डोर हाजिरमा राखि पारिश्रमिक खर्च लेखिएका कर्मचारीहरुबाट भएको कार्य सम्पादन सम्बन्धमा आश्वस्त हुन सकिएन । डोर हाजिरमा तलब भुक्तानी भएका व्यक्तिहरुबाट बास्तवमा कार्य सम्पादन भए नभएको एकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०० **श्रेस्ता पेश नभएको** - पालिकाले बजेट अनुसार खर्च भएको निम्न गोश्वारा भौचर लेखापरीक्षणका लागि पेश नभएकोले लेखापरीक्षण गर्न नसकिएको रु.

गौ.भौ.नं	भुक्तानी पाउने	रकम
३-०७९।६।१२	संतोष कुमार राय	४०००००
७-०७९।६।१२	संतोष कुमार राय	४०००००
३१६-०७९।१२।१५	फ्युचरहब मिडिया मल्टिप्रपोज प्रा लि	२४९७६०
३१७-०७९।१२।१५	बन्धन एडभरटाईजिङ प्रा लि	५७६३०
७५४-०८०।०३।३१	पिङकी कुमारी राय	५७५५२१
जम्मा		१६८२९११

प्रमाण पेश नगरेको	१६,८२,९११

१०१ **स्वकीय सचिव र सल्लाहकार** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धीऐन, २०७५ मा मधेश प्रदेशमा स्थानीयतहका प्रमुख तथा उपप्रमुखले स्वकीयसचिव तथा सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । कानुनले ब्यबस्था गरेको भन्दा भिन्न तरिकाले कानुनी सल्लाकार र स्वकीय सचिवका रुपमा नियुक्ती गरी रु १३२४०७२ गरेकोले खर्च रकम अनियमित भएको रु

सि नं	पदको नाम	नाम	बार्षिक भुक्तानी रकम
१	कानुनी सल्लाकार	ओम प्रकास यादव	४६१४९०
२	स्वकीय सचिव	कपिल मुखिया	१९२२६८
३	सहायक कर्मचारी	राजकिशोर गुप्ता	६७०३१४
जम्मा रु			१३२४०७२

अनियमित भएको	१३,२४,०७२

१०२ **मूल्य अभिवृद्धि कर कट्टी** - मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु. ३५७१५९ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ ।

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम	प्यान नं.	मुअकर कर रकम	३० प्रतिशत रकम
१४९-०७९।०८।२२	जय माँ काली ट्रेडर्स एण्ड सप्लायर्स	६९८८४९	६१०७४०१३६	८०३९८	२४१२०
१५८-०७९।०८।२३	सरस्वती स्टेशनरी एण्ड जेनेरल अडर सप्लायर्स	९८३०४०	६१७३७४१८१	११३०९३	३३९२७
१५७-०७९।०८।२३	दिपक ट्रेडर्स एण्ड सप्लायर्स	९८३३४१	६००३४९१६७	११३१२७	३३९३८

३३५-०७९।१२।१९	नितिका ट्रेडर्स एण्ड सप्लायर्स	४९३०५३	६००३४२८१२	५६७२२	१७०१६
२६४-०७९।११।०८	विष्णुलक्ष्मी स्टोर	८५५२३८	६१८३४९९९६	९८३९०	२९५१७
५३५-०८०।०२।२५	सुमित ट्रेडर्स एण्ड सप्लायर्स	४९८७६०	६१५२४८४८४	५७३७९	१७२१३
५७०-०८०।०३।१०	श्याम खाधान्न सप्लायर्स एण्ड खरिद विक्रि केन्द्र	१९९७२७	३०१४४४६३५	२२९७७	६८९३
५७१-०८०।०३।१०	सरस्वती जेनेरल स्टोर	७२९१७७	३०१०२५६५६	८३८८७	२५१६६
५७२-०८०।०३।१०	दिब्यासी सप्लायर्स	३४३५३१	६१४३१८४८५	३९५२१	११८५६
५९६-०८०।०३।१४	दिपक ट्रेडर्स एण्ड सप्लायर्स	७९९८७०	६००३४९१६७	९२०२०	२१२३५
६६८-०८०।०३।२३	नितिका ट्रेडर्स एण्ड सप्लायर्स	२५३१२०	६००३४२८१२	२९१२०	८७३६
५२९-०८०।०२।२४	सम्झना ट्रेडर्स एण्ड सप्लायर्स	४९९००८	६१४९५१५५८	५७४०८	१७२२२
६८९-०८०।०३।२४	मिना ट्रेडर्स एण्ड सप्लायर्स	६९९९२२	६१७२३२२८३	८०५२२	२४१५६

५४०-०८०।०२।२६	माँ जमुना ट्रेडर्स एण्ड सप्लायर्स	४९९९९४	६०६१६१६५३	५७५२१	१७२५६
६९१-०८०।०३।२४	नेहा ट्रेडर्स एण्ड अफिस सप्लायर्स	४९८२१५	६१९९७३८९३	५७३१६	१७१९५
५५२-०८०।०२।२९	एन सी जेनेरल एण्ड सप्लायर्स	४९८७८२	६०३१८८१६९	५७३८२	१७२१४
६४५-०८०।०३।२०	धर्मराज ट्रेडर्स एण्ड सप्लायर्स	९९९५९८	६१५०४५१४८	११४९९८	३४४९९
जम्मा					३५७१५९

असुल गर्नुपर्ने	३,५७,१५९

१०३ **वितरणमुखी खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न शिर्षकबाट ब्याग, कपडा, चापा कटर, स्प्रेय, सिरक, कम्बल खरिद गरी देहायका फर्म तथा व्यक्तिलाई रु.१,१७,२९,१२७ भुक्तानी दिएको छ। खरिद गरेको सामाग्री मध्ये पालिकाले वितरण गरेको र पालिकाले सामग्री वडाहरुमा वितरणको लागि पठाएकोमा वितरणको प्रमाणित भरपाई पेश भएको छैन। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ । साथै उक्त सामग्री सम्वन्धित लाभग्राहीले बुझेको भरपाई पालिकाले संलग्न नगरेको हुँदा लाभग्राहीको परिचय पत्र नम्वर तथा सम्पर्क नम्वर खुल्ने कागजात लगायत वितरणको भरपाई पेश गर्नुपर्ने रु.

गो.भौ.नं. मिति	भुक्तानी पाउने	खरिद समाग्री	रकम	कैफियत
१४३-०७९।०८।२२	न्यु सगरमाथा एग्रोभेट	चार्जर स्प्रेय ११६ थान	७९७५००	१३ थानको वितरण भरपाई नरहेको, लाभग्राही छनौटको आधार नरहेको, स्पेशिफिकेशन वेगर खरिद

१४९-०७९।०८।२२	जय माँ काली ट्रेडर्स एण्ड सप्लायर्स	कपडा	६९८८४९	वितरण भरपाई नरहेको, खरिद आवश्यता पहिचान नभएको
१५८-०७९।०८।२३	सरस्वती स्टेशनरी एण्ड जेनेरल अडर सप्लायर्स	led tv ७ थान, फाईल कायौ आदी	९८३०४०	वितरण भरपाई नरहेको, खरिद आवश्यता पहिचान नभएको, स्पेशिफिकेशन वेगर खरिद
१५७-०७९।०८।२३	दिपक ट्रेडर्स एण्ड सप्लायर्स	ब्याग ५१२ थान	९८३३४१	वितरण भरपाई नरहेको, खरिद आवश्यता पहिचान नभएको
३३५-०७९।१२।१९	नितिका ट्रेडर्स एण्ड सप्लायर्स	कम्बल २०१ थान	४९३०५३	लाभग्राही छनौटको आधार नरहेको, स्पेशिफिकेशन वेगर खरिद
२६४-०७९।११।०८	विष्णुलक्ष्मी स्टोर	ब्लायन्केट २४८ थान	८५५२३८	१० थानको वितरण भरपाई नरहेको, लाभग्राही छनौटको आधार नरहेको, स्पेशिफिकेशन वेगर खरिद
९८१२०	९८१२०	९८१२०	९८१२०	लाभग्राही छनौटको आधार नरहेको, स्पेशिफिकेशन वेगर खरिद, सम्बन्धित फर्मको नाममा भुक्तानी नभई व्यक्तिलाई भएको
२९४-०७९।११।२९	रमेश प्रसाद यादव	विउ १५६८ के जी	२०००००	उर्बरा शक्ति तथा प्राविधिक गुणस्तर परिक्षण नभएको, लाभग्राही छनौटको आधार नरहेको, , सम्बन्धित फर्मको नाममा भुक्तानी नभई व्यक्तिलाई भएको
४७२-०८०।०२।१०	ललिता इलेक्ट्रोनिक्स ट्रेडर्स एण्ड सप्लायर्स	चार्जर स्प्रेय २४ थान	२०००००	४ थानको वितरण भरपाई नरहेको, लाभग्राही छनौटको आधार नरहेको, स्पेशिफिकेशन वेगर खरिद

५३५-०८०।०२।२५	सुमित ट्रेडर्स एण्ड सप्लायर्स	मल्टिफाई बेन्च डम्बल लगायत जिम समाग्री	४९८७६०	वितरण भरपाई नरहेको, खरिद आवश्यता पहिचान नभएको
५७०-०८०।०३।१०	श्याम खाधान्न सप्लायर्स एण्ड खरिद विक्रि केन्द्र	साबुन ३५० थान, मग १०० थान, बालटिन १०० थान, भाडाकुडा १० थान लगायात अन्य समाग्री	१९९७२७	वितरण भरपाई नरहेको, खरिद आवश्यता पहिचान नभएको
५७१-०८०।०३।१०	सरस्वती जेनेरल स्टोर	ब्याग ५३७ थान	७२९१७७	वितरण भरपाई नरहेको, खरिद आवश्यता पहिचान नभएको स्पेशिफिकेशन वेगर खरिद
५७२-०८०।०३।१०	दिब्यासी सप्लायर्स	ब्याग १५० थान, पेन्सिल ४५ थान ,कटर लगायत शैक्षिक समाग्री	३४३५३१	वितरण भरपाई नरहेको, खरिद आवश्यता पहिचान नभएको
५९६-०८०।०३।१४	दिपक ट्रेडर्स एण्ड सप्लायर्स	सर्ट कपडा ६०५ सेट पेन्ट कपडा ६०५ सेट	७९९८७०	वितरण भरपाई नरहेको, खरिद आवश्यता पहिचान नभएको स्पेशिफिकेशन वेगर खरिद
६६८-०८०।०३।२३	नितिका ट्रेडर्स एण्ड सप्लायर्स	स्कुल ड्रेस कपडा ११२ जोडी	२५३१२०	वितरण भरपाई नरहेको, खरिद आवश्यता पहिचान नभएको स्पेशिफिकेशन वेगर खरिद
६४६-०८०।०३।२०	सिकेन्द्र फलफुल नर्सरी वगवानी फर्म	आँप, लिचि, कागतीको विरुवा	६९८०००	उम्रना शक्ति र गुणस्तर परिक्षण नभएको, विरुवा लगायको फोटो नरहेको
५२९-०८०।०२।२४	सम्झना ट्रेडर्स एण्ड सप्लायर्स	ब्याग २०० थान पेन्सिल कटर लगायत शैक्षिक समाग्री	४९९००८	वितरण भरपाई नरहेको, खरिद आवश्यता पहिचान नभएको स्पेशिफिकेशन वेगर खरिद

६८९-०८०।०३।२४	मिना ट्रेडर्स एण्ड सप्लायर्स	झुल ७६० थान	६९९९२२	४ थानको वितरण भरपाई नरहेको, लाभग्राही छनौटको आधार नरहेको, स्पेशिफिकेशन वेगर खरिद
५४०-०८०।०२।२६	माँ जमुना ट्रेडर्स एण्ड सप्लायर्स	चापा कटर ८ थान	४९९९९४	१ थानको वितरण भरपाई नरहेको, लाभग्राही छनौटको आधार नरहेको, स्पेशिफिकेशन वेगर खरिद
६९१-०८०।०३।२४	नेहा ट्रेडर्स एण्ड अफिस सप्लायर्स	हविल चेयर ८ थान, लट्ठी१३० थान, वैसाखी ४० थान, श्रवन यन्त्र २ डिस	४९८२१५	१ थान चेयर र अन्य समाग्रीको घटी वितरण भरपाई रहेको, लाभग्राही छनौटको आधार नरहेको,
५५२-०८०।०२।२९	एन सी जेनेरल एण्ड सप्लायर्स	ब्याग ४० थान रेनकोट ४० थान छाता ३६ थान	४९८७८२	वितरण भरपाई नरहेको, खरिद आवश्यता पहिचान नभएको स्पेशिफिकेशन वेगर खरिद
६४५-०८०।०३।२०	धर्मराज ट्रेडर्स एण्ड सप्लायर्स	टोपिया, लोहिया, कठौत, बाल्टिन, करछुल, छोलनी सबै २१ थान र जग ४० थान	९९९५९८	वितरण भरपाई नरहेको, खरिद आवश्यता पहिचान नभएको स्पेशिफिकेशन वेगर खरिद
जम्मा			१२७२८७२५	

प्रमाण पेश नगरेको	१,२५,२६,८४५

१०४ **मर्मत आदेश र अभिलेख** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली बमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । कार्यालयले मर्मत खर्च भुक्तानी गर्दा वेगर मर्मत आदेश र साबिकको मर्मत म.ले.प.फा.नं. २ तयार नगरी रु. ३१०२१४ खर्च लेखेको देखिएकोमा नियम विपरित खर्च गरिएकोले नियमित गर्नुपर्ने रु

गो.भौ.नं. मिति	भुक्तानी पाउने	मर्मत समाग्री	रकम
५-०७८।०६।१२	शत्रुधन राउत	टायर पलेट बलेसर आदी	११०७०२
३९३-०८०।०१।०८	रोमन अटो ट्रेडर्स	पिकप मर्मत	१९९५१२
जम्मा			३१०२१४

अनियमित भएको	३,१०,२१४

१०५ **टिफिन बक्स** (१५९-२०७९-८-२३): दलित बालबालिकाहरुलाई टिफिन बक्स वितरण कार्यक्रमका लागि रु ८३८ का दरले १०४० थान टिफिन खरिद गरी आयुष ट्रेडर्स एण्ड सप्लायर्सलाई रु ९८५६६० भुक्तानी भएको देखिन्छ।पालिकाले दिएको जानकारी अनुसार १०४० थान टिफिन खरिद गरी वितरण नभई स्टोरमा राखिएको छ। तर लेखापरिक्षणको क्रममा थान गन्ती गर्दा स्टोरमा जम्मा २४० थान टिफिन रहेको देखियो सो बाँकी रहेको ८०० थान टिफिन खरिद नभई बिल मात्र पेश भएकोले ८०० थान टिफिनको खरिद वापत पर्ने रकम मु.अ.कर सहित रु ७,५७,५५२ असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	७,५७,५५२

१०६ **गैर सरकारी संस्था मार्फत खरिद**

१०६.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ५६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । साथै सम्झौता गरेर कार्य आदेश दिनुपर्ने, खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ । सोका साथै स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।साथै पालिकाले संस्थाहरुबाट भएको कामको प्राविधिक मूल्याङ्कन, प्रतिफल तथा अनुगमन प्रतिवेदन बेगर भुक्तानी गरेको पाईयो । नमूना छनौट गरी परीक्षण गरीएकामा देहायका व्योहोरा रहेका छन।

(क) स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ अनुसार स्थानिय स्तरका सीप तथा क्षमता विकास तालिमका लागि आवास बस्नु नपर्ने अवस्थामा खाजा तथा खाना वापत रु २५० सम्म खर्च गर्न सक्ने व्यवस्था छ। देहायका कार्यक्रममा खाना तथा खाजाका लागि तोकिएका मापदण्डको दर भन्दा बढी दरमा खर्च विवरण बनाई भुक्तानी भएकोले बढी भुक्तानी असुल उपर गर्नुपर्ने रु

गो भौ नं	भुक्तानी पाउने	कार्यक्रम	संख्या	भुक्तानी दर	बढी दर	असुल गर्नुपर्ने
७००	सेभ द नेपाल	अगरबत्ती बनाउने तालिम (२ दिन)	२५	४८०	२३०	११५००
६९९	प्रगतिशिल विकास नेपाल	माटो नमुना संकलन तथा जाचको लागि शिविर संचालन	७५	५७०	३२०	२४०००
६९४	युवा जागरण अभियान नेपाल	महिलाहरुको सिलाइकटाइ तालिम (३ दिन)	३०	५८०	३३०	२९७००
६८१	पक्षपातरहित बैकासिक सशक्तिकरण संघ नेपाल	लागु औषध ओसार पसार दुव्रेसन नियन्त्रण सम्बन्धी जनचेतनामूलक कार्यक्रम	७००	४००	१५०	१०५०००
६४१	दिपेन्द्र प्रसाद यादव	छाला रोग सम्बन्धी शिविर संचालन	२०	५७५	३२५	६५००
६०८	सुजित दास	बाटो घाटो तथा टोल टोलमा सरसफाइ तालिम	१५०	५७०	३२०	४८०००
२७५	प्रदिप कुमार यादव	व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतनामूलक सडक नाटक कार्य	९०	५७०	३२०	२८८००

१७८	दीपक मेहता	वडा नं जनप्रतिनिधीलाई कम्प्युटर सम्बन्धी तालिम (१० दिन)	११	४५०	२००	२२०००
२४९	सुजित दास	बालविवाह विरुद्ध सडक नाटक	९०	५७०	३२०	२८८००
१८	सन्तोष कुमार राय	विधार्थी मूल्यांकन सम्बन्धी कक्षा	१४९	७००	४५०	६७०५०
१८	सन्तोष कुमार राय	विद्यालयका शिक्षक तथा प्र.अ हरुलाइ वार्षिक अध्यापन योजना तथा साप्ताहिक रुटिन सम्बन्धी कार्यक्रम	४०	७००	४५०	१८०००
१८	सन्तोष कुमार राय	अक्षराङ्कन पद्धति अभिमूखिकरण कार्यक्रम	२४०	७००	४५०	१०८०००
१०	विद्यापति सामाजिक विकास केन्द्र नेपाल	५ वटा नाट्य कार्यक्रम	५०	४००	१५०	३७५००
७०८	मानव कल्याण तथा सामुदायिक विकास केन्द्र	वडा नं ७ मा बाल विवाह सम्बन्धी सचेतनामूलक कार्यक्रम	१६०	६०५	३५५	५६८००
जम्मा						५९१६५०

असुल गर्नुपर्ने	५,९१,६५०

१०६.२ स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ अनुसार स्थानिय स्तरका सिप तथा क्षमता विकास तालिमका लागि प्रशिक्षक भत्ता वापत रु १००० दिनुपर्ने व्यवस्था छ। देहायका कार्यक्रममा प्रशिक्षक भत्ता तोकिएका मापदण्डको दर भन्दा बढी दरमा खर्च विवरण बनाई भुक्तानी भएकोले बढी भुक्तानी असुल उपर गर्नुपर्ने रु

गो भौ नं	भुक्तानी पाउने	कार्यक्रम	संख्या	दिन	भुक्तानी दर	बढी दर	असुल गर्नुपर्ने
७०८	मानव कल्याण तथा सामुदायिक विकास केन्द्र	वडा नं ७ मा बाल विवाह सम्बन्धी सचेतनामूलक कार्यक्रम	१	४	१५००	५००	२०००
७०६	अपाङ्ग पुर्नस्थापना केन्द्र	वडा नं १ मा सिलाइ कटाइ तालिम	२	९	२०००	१०००	१८०००
७००	सेभ द नेपाल	अगरबत्ती बनाउने तालिम	१	२	२०००	१०००	२०००
६९९	प्रगतिशिल विकास नेपाल	माटो नमूना संकलन तथा जाचको शिविर संचालन	१	१	१५००	५००	५००
६९९	प्रगतिशिल विकास नेपाल	माटो नमूना संकलन तथा जाचको शिविर संचालन	१	१	२५००	१०००	१५००
६९८	सामुदायिक संरक्षण केन्द्र हनुमाननगर	महिलाहरुलाइ पापड बनाउने तालिम खर्च	२	२	२०००	१०००	४०००
६९६	विवेक विकासशिल समाज नेपाल	किशोरीहरुलाइ महिनावारी स्वच्छता सम्बन्धी जनचेतनामूलक कार्यक्रम	२	३	२०००	१०००	६०००
६९४	यूवा जागरण अभियान नेपाल	सिलाइकटाइ तालिम	२	३	१५००	५००	३०००
६७८	यस शुभम टेक्निकल इन्स्टिच्युट प्रा.लि	विद्यालय तथा सामुदायिक स्तरिय सचेतना कार्यक्रम	४	४	१६००	६००	९६००

६८१	पक्षपातरहित बैकासिक सशक्तिकरण संघ नेपाल	लागु औषध ओसार पसार दुर्वयसन नियन्त्रण सम्बन्धी जनचेतनामूलक कार्यक्रम	४	७	२५००	१५००	४२०००
६०८	सुजित दास	वडा नं ५ सरसफाइ तालिम	३ १	४ ४	२००० १५००	१००० ५००	१२००० २०००
२७५	प्रदिप कुमार यादव	व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतनामूलक सडक नाटक कार्यक्रम	१ १	३ ३	२००० १५००	१००० ५००	३००० १५००
१७८	दिपक मेहता	वडा नं ४ का जनप्रतिनिधीलाई कम्प्यूटर सम्बन्धी तालिम	१	१०	४२००	३२००	३२०००
२०५	पिङकी कुमारी राय	बालबालिकाहरुलाई नेतृत्व विकास तालिम	२	६	२०००	१०००	१२०००
२१९	दीपक मेहता	खेलकुद टुर्नामेन्ट संचालन	२	१५	१४००	४००	१२०००
२५८	पिङकी कुमारी राय	युवाहरुलाई खेलकुद प्रतियोगिता सम्बन्धी कार्यक्रम संचालन	४	७	२०००	१०००	२८०००
२४९	सुजित दास	बालविवाह विरुद्ध सडक नाटक	१ १	३ ३	२००० १५००	१००० ५००	३००० १५००
१८	सन्तोष कुमार राय	शिक्षकहरुलाई आवश्यकताका आधारमा तालिम	२	२०	१५००	५००	२००००

जम्मा	२१५६००

असुल गर्नुपर्ने	२,१५,६००

१०७ **ब्लायकेट वितरणः**

१०७.१ पालिकाले यो वर्ष ब्लायङकेट वितरण कार्य उपभोक्ता समिति मार्फत गराएको दखियो। अति विपन्न परिवारहरुलाई ब्लायङकेट वितरण गर्न कार्यका लागि ५०० थान ब्लायङकेट खरिद गरी रु १४००००० उपभोक्ता समिति भुक्तानी भएकोमा देखिएका व्यवहोरा निम्नानुसार रहेको छ।

सैद्धान्तिक बेरुजु

१०७.२ लाभग्राही छनौटः पालिकाले लाभग्राही छनौट गर्दा अति विपन्न परिवारहरुको पहिचान गरी छनौट गर्नुपर्नेमा अनुगमन मुल्याङ्कन तथा पहिचान वेगर वितरण गरेकोमा यसले वास्तविक लाभग्राही यो लाभबाट वञ्चित रहेको देखियो र पालिकाले कुन आधारमा लाभग्राही छनौट गरिएको हो सम्बन्धी प्रमाण पेश नगरेकोले यकिन गर्न सकिएन।

सैद्धान्तिक बेरुजु

१०७.३ गुणस्तर र स्पेशिफिकेशनः पालिकाले समाग्री खरिद गर्दा स्पेशिफिकेशन खुलाई लागत अनुमान बनाउनु पर्नेमा लागत अनुमान नबनाई स्पेशिफिकेशन नखुलाई तथा गुणस्तर परिक्षण वेगर ब्लायङकेट खरिद गरेकोले नियमसम्मत नदेखिएको रु

अनियमित भएको	१२,६०,०००

१०७.४ लागत सहभागिताः पालिकाको योजना तथा कार्यक्रम उपभोक्ता समिति मार्फत गराउदा न्युनतम १० प्रतिशत लागत सहभागिता हुनुपर्ने व्यवस्था छ। उपभोक्ता समितिले १४ लाखको ब्लायङकेट वितरण गर्दा न्युनतम १४०००० व्यहोर्नु पर्नेमा ५०० थान ब्लायङकेटको पुरै रकम तथा १४ लाख कार्यालयवाट भुक्तानी लेखेकोले उपभोक्ता समितिको लागत सहभागिता देखिएन सो १४ लाखको १० प्रतिशतले हुने रु १४०००० उपभोक्ता समितिवाट असुल उपर गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१,४०,०००

१०८ **कार्यक्रम संचालन** - पालिकाले आ.व. २०७९।०८० मा पालिकाका कर्मचारीहरुलाइ पेश्की रकम दिई विभिन्न कार्यक्रमहरु सम्पादन गरेकोमा सम्पादित कार्यक्रमहरुको सञ्चालन कार्यविधी, कार्यक्रमको दिगोपना, लाभग्राहीहरुको अर्थपूर्ण सहभागिता, कार्यक्रमहरुको वस्तुनिष्ठ लागत अनुमान तथा अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका,२०७५, मधेश प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम मितव्ययी, कार्यदक्षता, प्रभावकारी ढङ्गले कार्यक्रम सञ्चालन गरी सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन र सोको प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन समेत पेश गर्नुपर्नेमा सो बमोजिम नगरी सहभागिहरुको लागि यातायात भत्ता, प्रशिक्षक भत्ता, मसलन्द तथा खाजा, नास्तामा अधिकतम रकम खर्च गरेको देखिन्छ ।तसर्थ यसरी सञ्चालन भएका कार्यक्रमहरु नियम सम्मत तथा प्रभावकारी ढङ्गले सम्पन्न भएको सम्बन्धमा आश्वस्तता हुन सकिदैन । कार्यक्रमका केहि नमूना तपशिल बमोजिम रहेका छन।

गौ.भौ.नं र मिति	भुक्तानी पाउने व्यक्ति/ संस्था	रकम	व्यहोरा
२५८-२०७९।११।०८	पिङ्की कुमारी राय	५०००००	युवाहरुको लागि खेलकुद प्रतियोगिता
२५४-२०७९।११।०७	बाल कुमार यादव	४०००००	वडा स्तरीय सरसफाई कार्यक्रम
२४९-२०७९।१०।२७	सुजित दास	३०००००	बाल विवाह विरुद्ध सडक नाटक
२१९-२०७९।१०।२३	दीपक मेहता	६०००००	खेलकुद टुर्नामेन्ट
८९-२०७९।०७।०५	सन्तोष कुमार राय	४०००००	सरसफाई कार्यक्रम
२०५-२०७९।१०।०१	पिङ्की कुमारी राय	२०००००	बाल बालिकाको नेतृत्व विकास कार्यक्रम
१७८-२०७९।०९।१८	दीपक मेहता	२०००००	जनप्रतिनीधिहरुलाइ कम्प्यूटर तालिम
१२१-२०७९।०८।१५	बाल कुमार यादव	३०००००	धार्मिक तथा सांस्कृतिक कार्यक्रम
२६१-२०७९।११।०८	पिङ्कि कुमारी राय	४०००००	वडा नं १ मा बहुक्षेत्रिय पोषण सम्बन्धी जनचेतनामुलक तथा सडक नाटक कार्यक्रम
२६५-२०७९।११।१३	पिङ्की कुमारी राय	३०००००	वडा नं ३ बहुक्षेत्रिय पोषण सम्बन्धी कार्यक्रम
२७५-२०७९।११।२७	प्रदिप कुमार यादव	३०००००	वडा नं १ मा व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यक्रम
२७६-२०७९।११।२७	सुजित दास	१५००००	वडा नं ५ मा सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम
२७९-२०७९।११।२७	सुजित दास	१५००००	वडा नं ५ मा रहेका सामुदायिक विद्यालयका शिक्षकहरुलाइ तालिम

२८०-२०७९।११।२७	सुजित दास	२५००००	वडा नं १ मा सामाजिक सुरक्षा भत्ता सम्बन्धी कार्यक्रम
२९६-२०७९।११।२९	बाल कुमार यादव	५०००००	सुनौला हजार दिनका महिलाहरुलाइ सरसफाई तथा पोषण सम्बन्धी कार्यक्रम
५२१-२०८०।०२।२३	गजेन्द्र प्रसाद मंडल	२०००००	वडा नं ५ मा सांस्कृतिक कार्यक्रम
५२८-२०८०।०२।२४	सन्तोष कुमार राय	१४८४१५५	कर्मचारी तालिम खर्च
६०८-२०८०।०३।१५	सुजित दास	२४७५५०	वडा नं ५ मा सरसफाई कार्यक्रम
५९१-२०८०।०३।१३	सुजित दास	१५००००	घटना दर्ता सम्बन्धी सडक नाटक कार्यक्रम
६५३-२०८०।०३।२२	संगिता कुमारी चौधरी	१७५०००	वडा नं ७ मा खेलकुद कार्यक्रम
६८८-२०८०।०३।२४	दीपक मेहता	१४७०००	वडा नं ५ जनप्रतिनिधी तथा कर्मचारीहरुलाइ क्षमता विकास कार्यक्रम
६८७-२०८०।०३।२४	दीपक मेहता	८०००००	बेरोजगार दलित विपन्न युवा युवती तथा विधार्थीहरुलाइ कम्प्यूटर सम्बन्धी कार्यक्रम
६१२-२०८०।०३।१८	अरुण कुमार यादव	१००००००	उपभोक्ता तथा अनुगमन समितीहरुलाइ अभिमूखिकरण कार्यक्रम
१९-२०८०।०३।२३ सामाजिक विकास	सन्तोष कुमार राय	१००००००	क्रिकेट टुर्नामेन्ट संचालन
१८-२०८०।०३।१४ सामाजिक विकास	सन्तोष कुमार राय	१४८१४७२	शिक्षकहरुलाइ तालिम संचालन
२२-२०८०।०३।३१ सामाजिक विकास	दीपक मेहता	२०००००	कर्मचारीहरुको लागि आइ.सि.टि तालिम
३४-२०८०।०२।०२ बहुक्षेत्रिय पोषण कार्यक्रम	पिङ्की कुमारी राय	३५००००	सुनौलो हजार दिनका महिलाहरुलाइ पोषण कार्यक्रम

सैद्धान्तिक बेरुजु

१०९ **जरिवाना** - गो.भौ.नं ६२० मिति २०८०।०३।१८ मा पालिकाले विभिन्न सवारी साधनको बीमा र नवीकरण बापत रु.२५६०००। खर्च लेखेकोमा रु.५२२५२ जरिवाना समेत बापत भुक्तानी गरेको छ । यस सम्बन्धमा पालिकाले समयमानै सवारी साधनहरुको नवीकरण गराउने तर्फ उचित ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

११० सोझै खरिद

११०.१ कार्यालय तथा विभिन्न वडाहरुमा वर्षभरमा आवश्यक पर्ने सामानहरुको एकमुष्ठ विवरण बनाइ सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान बमोजिम खरिद योजना निर्माण गरी प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरि मसलन्द तथा कार्यालय सामाग्री खर्च रु. ३५८७००० पुस्तक तथा सामाग्री खर्च रु.९५००० र अन्य कार्यालय सञ्चालन खर्च रु.३९५०००। गरी जम्मा रु.४०७७००० खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारबाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । सोझै खरिद गर्ने परिपाटिमा नियन्त्रण गरी कानुनको पालना गरी सार्वजनिक खरिदलाइ मितव्ययी तथा प्रतिस्पर्धी बनाउनु पर्दछ । सोझै खरिदका केहि नमूनाहरु देहाय बमोजिम रहेका छन

गो.भौ.नं. मिति	आपूर्तक	विवरण	रकम
३८४-०७८ ०८०।०१।०६	काली माँ इन्टरप्राइजेज	समाग्री मर्मत	९८१२०
३८५-०८५।०१।०६	काली माँ इन्टरप्राइजेज	समाग्री मर्मत	८९२००
३९०-०८०।०१।०८	दिपेन्द्र प्रसाद यादव	ब्याग डटपेन लगायत शैक्षिक समाग्री	४७९१२०
२०४-०७९।१०।०१	ओम ट्रेडर्स	मोबाइल १ थान	८५८८०
४०५-०८०।०१।२३	एस पी ट्रेडर्स एण्ड सप्लायर्स	फ्यान सडकवत्ती	९४९१४
४०६-०८०।०१।२३	एस पी ट्रेडर्स एण्ड सप्लायर्स	सडकवत्ती	४१८१३
४५१-०८०।०२।०२	काली माँ इन्टरप्राइजेज	टोनर माउस किवोर्ड बैटरी आदी	९५१४६
१५६-२०७९।०८।२३	आर इन्टरप्राइजेज एण्ड सप्लायर्स	कार्यालय मसलन्द सामाग्री	९९४६८२
४७३-२०८०।०२।१०	इन्द्रेणी अफसेट प्रेस	कार्यालय मसलन्द सामाग्री	४१७७०४
५७३-२०८०।०३।१०	जय माँ काली ट्रेडर्स एण्ड सप्लायर्स	कार्यालय मसलन्द सामाग्री	५५८६२६

६९०-२०८०।०३।२४	शिवशक्ति प्रिन्टिङ्ग प्रेस	कार्यालय मसलन्द सामाग्री	५८४२१

सैद्धान्तिक बेरुजु

११०.२ पालिकाले वार्षिक रुपमा विनियोजन भएका कार्यक्रमहरुका लागि चाहिने एकै प्रकृतिका सामानहरु प्रतिस्पर्धात्मक तवरले खरिद नगरि टुक्रा टुक्रा पारी खरिद गरेको देखियो । तसर्थ लाभग्राही पहिचान गरी आवश्यक पर्ने सामानहरु प्रतिस्पर्धात्मक तवरले खरिद गर्ने तर्फ ध्यान दिनुपर्दछ । केहि कार्यक्रमहरुका नमूना देहायबमोजिम रहेका छन

ब्लाङ्केट खरिद			
२६४-२०७९।११।०८	वडा नं ५ का एकल महिलाहरुलाइ ब्लाङ्केट वितरण	विष्णु लक्ष्मी स्टोर	८९८१६०
२६३-२०७९।११।०८	७ वटै वडाका अपांगहरुलाइ ब्लाङ्केट वितरण	निलम स्टोर	७९९३२८
२८३-२०७९।११।२८	विपन्न वर्गहरुलाइ ब्लाङ्केट वितरण	लाटेश्वरी इन्टरप्राइजेज	९०९८७६
२८५-२०७९।११।२८	वडा नं ४ का एकल महिलाहरुलाइ ब्लाङ्केट वितरण	बालाजी इन्डष्ट्रिज	९९८०१६
३३५-०७९।१२।१९	कम्बल २०१ थान	नितिका ट्रेडर्स एण्ड सप्लायर्स	४९३०५३
जम्मा			४०९८४३३

सैद्धान्तिक बेरुजु

१११ **गुणस्तर परीक्षण** - गौ.भौ.नं २८६ मिति २०७९।११।२८ मा कार्यालयले वडा नं ५ किसानहरुको लागि तरकारी बीउ खरिद गर्न सूचिकृत फर्महरुबाट कोटेशन माग गरी न्यून दर कबोल गर्ने फर्म सगरमाथा एग्रोभेट सेन्टरबाट ५८५ प्याकेट रु.१२००।०० का दरले रु.७०२०००।०० को खरिद गरि वितरण गरेको छ। कार्यालयमा पेश हुन आएका प्रस्तावित दररेट हरुमा केरमेट गरी सच्याइएको हुदा प्रतिस्पर्धा गरी खरिद गरेको हो भन्नेमा आश्वस्त हुन सकिएन साथै बीउको उर्वरा शक्तिको गुणस्तर परिक्षण नभएकोले उन्नत जातको बीउ हो होईन भन्ने अवस्था नरहेकोले प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	७,०२,०००

११२ **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु ५ लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट ५ लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस बर्ष पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु.२२०००००। खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ ।पालिकाले भुक्तानी दिएका अधिकांश पत्रपत्रिकाले सूचना प्रकाशनको स्पेशिफिकेशन नखुलाई एकमुष्ट बील जारी गरी भुक्तानी लिएको पाइयो । यसरी भुक्तानी दिदा प्रथम पृष्ठ,भित्री पृष्ठ र अन्तिम पृष्ठ, प्रति शब्द ,रंगीन वा स्यामस्वेत र के कति सीसीमा सूचना प्रकाशन गरेको जस्ता स्पेशिफिकेशनहरुलाई ध्यान दिनुपर्दछ । साथै सूचना प्रविधीको वर्तमान युगमा प्रचलित कानून बमोजिम पत्रपत्रिकामा प्रकाशित गर्नुपर्ने सूचनाहरु बाहेक अन्य शुभकामना तथा जनचेतनामूलक सन्देशहरु कार्यालयको वेभसाइट, फेसबुक पेज ,SMS लगायतका सामाजिक सञ्चालहरुबाट सम्प्रेषण गरी सार्वजनिक खर्चमा मितव्ययिता हासिल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११३ **वडा संचालन खर्च** - पालिकाले यस वर्ष वडा संचालन खर्च बापत विभिन्न शिर्षकहरु जस्तै खाजा,नास्ता, इन्धन,अतिथि संस्कार र मसलन्द तथा कार्यालय सामाग्री जस्ता शिर्षकमा रु.५१२०००० खर्च गरेको छ । विभिन्न वडाहरुलाई समान किसिमले बजेट विनियोजन गरेको ।वडाहरु मध्ये सबैभन्दा बढी रकम वडा नं ३ लाइ १६ लाख विनियोजन भएको देखिन्छ भने सबै भन्दा कम वडा नं ७ लाई ४ लाख रुपैयामात्र विनियोजन गरी सोही अनुरुप खर्च भएको देखिन्छ । वडा नं ३ अतिथि सत्कार,खाजा र नास्तामा बढी रकम खर्च भएको देखिन्छ ।वडा नं ३ मात्र बढी बजेट विनियोजन गरी विविध प्रकृतिका खर्च गर्नुको कारण समेत खुल्न सकेन । तसर्थ यस किसिमका खर्चमा के कस्तो कामका लागि कति खर्च गर्ने,विविध प्रकृतिका खर्चहरुलाई कसरी कम गर्न सकिन्छ भन्ने विषयमा उचित मापदण्ड अपनाइ नियन्त्रण गर्नुपर्दछ ।पालिकाले कुनै वडाहरुमा शिर्षक अनुसार विनियोजन र खर्च लेखेको छ भने कुनै वडाहरुमा एकमुष्ट वडा संचालन खर्च भनी खर्च लेखेको छ यसबाट कुन शिर्षकमा कति र स्वीकृत बजेटको सीमा भित्र रहेर खर्च भयो कि भएन भनेर यथार्थ मूल्यांकन गर्न नसकिने हुँदा नेपाल सरकारको आर्थिक संकेत,वर्गीकरण र व्याख्या बमोजिम बजेट विनियोजन र खर्च लेख्नु पर्दछ छ । साथै वडाहरु र कार्यालयलाई वार्षिक रुपमा आवश्यक पर्ने मसलन्द तथा कार्यालय सामाग्रीहरुको अनुमान गरी खुल्ला प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्ने र खरिद भएका सामाग्रीहरुलाई PAMS प्रविष्ट गरी प्रत्येक वडाहरुमा हस्तान्तरण गर्नुपर्दछ । वडाहरुलाइ विभिन्न शिर्षकमा वार्षिक रुपमा विनियोजित रकम र खर्च रकम अनुसूचि ३ बमोजिम रहेको छ ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरूजु दफा ११३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

११४ **अनुदान तथा सहायता वितरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार पालिकाले आर्थिक सहायता तथा कार्यक्रमगत सहयोग दिन मिल्ने व्यवस्था भएको देखिदैन । पालिकाले आन्तरिक चालू तथा नेपाल सरकारको चालू खर्च शीर्षकबाट मेला, पर्व, पुजा तथा धार्मिक कार्यक्रम लगायत अन्य कार्यका लागि विभिन्न संघ संस्था तथा व्यक्तिलाई विल भरपाई वेगर यस्तो रकम दिएको छ । पटक पटक पदाधिकारीको तोक आदेशमा यस्तो खर्च हुने गरेको पाइयो ।आर्थिक सहायता र सहयोग प्रदान गर्दा मापदण्ड बनाएको छैन ।यसरी अनुउत्पादक क्षेत्रमा रकम खर्च गर्दा रकमको उपादेयता नरहने र दिगो रुपमा रकमको उपयोग नहुने भएकोले यसरी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ । अनुदान र सहायता वितरणका केहि नमूनाहरु निम्नानुसार रहेका छन् ।

गौ.भौ.नं र मिति	भुक्तानी पाउने संस्था/व्यक्ति	रकम	व्यहोरा
५०३-२०८०।०२।२२	एजाजिया मुस्लिम एजुकेशनल सोसाइटी नेपाल	५०००००	रोजा पर्व
६२१-२०८०।०३।१८	गजेन्द्र नारायण सिंह अस्पताल	२०००००	चिकित्सक भर्ना
६३५-२०८०।०३।२३	छिन्नमस्ता स्पोर्टस क्लव	२०००००	अनुदान
६५५-२०८०।०३।२२	सामुदायिक रेडियो प्रसार संघ	१०००००	अनुदान
३९५-२०८०।०१।११	गजेन्द्र प्रसाद मण्डल	१०००००	सांस्कृतिक कार्यक्रम
१०-२०८०।०१।०७	युवा शक्ति क्लव	१०००००	क्रिकेट टुर्नामेन्ट

सैद्धान्तिक बेरुजु

११५ **बिल भर्पाई** - आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५७ अनुसार कार्यालयले लेखा राख्दा सो लेखालाइ प्रमाणित गर्ने बिल भरपाई तथा अन्य कागजात सिलसिलावद्ध रुपमा राख्नुपर्दछ ।कार्यालयले तपशिलमा उल्लेखित भए बमोजिमका व्यक्ति तथा संस्थालाई भुक्तानी दिदा सोलाई प्रमाणित गर्ने कागजातहरु पेश भएको नदेखिएकोले प्रमाण तथा बील भरपाइ पेश गर्नुपर्ने रु

गो.भौ.नं मिति	भुक्तानी दिएको व्यक्ति/संस्था	रकम रु.	कैफियत
४-२०७९।०६।०६	सखडा भगवती मन्दिर व्यवस्थापन समिती	५१०००	दशै पुजा सामाग्री खरिद
९१-२०७९।०७।०५	जितेन्द्र कुमार झा	६३२१५०	छिन्नमस्ता मन्दिर परिसरमा जागरण कार्यक्रम
१७०-२०७९।०८।२५	सिप्रदी ट्रेडिङ प्रा.लि.	९३७६४	सवारी साधन मर्मत
१८६-२०७९।०९।२१	सुजित दास	१९४०३८	सामाजिक तथा घटना दर्ता सम्बन्धी तालिम सञ्चालन
१९२-२०७९।०९।२१	नागरिक एक्सप्रेस प्रा.लि.	५००००	सूचना प्रकाशन
१७२-२०७९।०८।२७	प्रविन कुमार मेहता	१२०००	सवारी साधन भाडा
६६१-२०८०।०३।२२	सुरक्षा खवर राष्ट्रिय दैनिक	३८०००	सूचना प्रकाशन बापत फोटोकपी बिल पेश गरि भुक्तानी लिएकोमा सक्कल बिल पेश गर्नुपर्ने ।

प्रमाण पेश नगरेको	१०,७०,९५२

११६ **अनुगमन प्रतिवेदन** (८२-२०७९-८-१): ईटहरी स्कुल पूर्व बरही जाने बाटो नहर सम्म माटो ग्रावेलको लागि गत आ.व.को भुक्तानीको बाँकी योजनाको लागि माँ कुन्ति निर्माण सेवालाई ९६७०८६ भुक्तानी गरेकोमा माटो ग्रावेल कार्यमा क्रस सेक्सन तयार बेगर कार्य गराएको, र भुक्तानी गर्दा अनुगमन समितिको प्रतिवेदन बेगर भुक्तानी गरेकोले कानुनी प्रकृयाको पालन गरी कार्य गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

११७ **घरभाडा** - सार्वजनिक खरिद नियमावलीको नियमावलीको नियम ९४ मा घरजग्गा भाडामा लिने सम्बन्धी व्यवस्था रहेको छ ।उक्त नियम अनुसार घरजग्गा भाडामा लिने सार्वजनिक निकायले नियम ९४ को उपनियम २(१) बमोजिमका कुराहरु खुलाइ सात दिनको सूचना टास गर्ने उक्त अवधिभित्र पर्न आएका प्रस्तावहरुलाई जिल्ला घरभाडा निर्धारण समितीमा पेश गरी निर्धारण समितीले निर्धारण गरे बमोजिमको दरमा घरजग्गा धनीसँग सम्झौता गरी भाडामा लिनुपर्ने हुन्छ।पालिकाले सो बमोजिम नगरी सोझै विभिन्न व्यक्तिहरुसँग बिजुली खपतको रकम पनि पालिकालेनै व्यहोर्ने सम्झौता गरी घरभाडा बापत रु.१६५७००० खर्च लेखेको छ ।पालिकाले उपलब्ध गराएको घरधनीहरुसँगको सम्झौता बमोजिम वार्षिक रु.११३०००० घरभाडा हुने हुँदा बढी खर्च लेखेको प्रमाण पेश गर्नुपर्ने रु.

घरधनीको नाम	सम्झौता मिति	सम्झौता अवधि		भाडा दर मासिक घर बहाल कर बाहेक	जम्मा रकम
		देखि	सम्म		
सरिता कुमारी यादव	२०७९।११।२८	२०७९।१२।०१	२०८०।०३।३१	२४०००	९६०००
संगीता देवी ठाकुर	२०७९।०८।२३	२०७९।०९।०१	२०८०।०३।३१	१२०००	८४०००
कुमारी देवी चौधरी	२०७९।०८।०१	२०७९।०८।०१	२०८०।०३।३१	४००००	३२००००
रिंकु देवी यादव	२०७९।०६।१४	२०७९।०६।१४	२०८०।०३।३१	१००००	१०००००
शंकर दास	उल्लेख नभएको	२०७९।०४।०१	२०८०।०३।३१	१२०००	१४४०००
अरविन्द कुमार साह	२०७९।०८।०१	२०७९।०८।०१	२०८०।०३।३१	१२०००	९६०००
संगीता देवी ठाकुर	२०७९।०४।११	२०७९।०४।०१	२०८०।०३।३१	२४२००	२९०४००
जम्मा रु.					११३००००

प्रमाण पेश नगरेको	५,२७,०००

११८ **बढी भुक्तानी** (१४९-२०७९-८-२२): छात्रछात्राहरुलाई पोशाक वितरण कार्यक्रमका लागि जय माँ काली ट्रेडर्स एण्ड सप्लायर्सलाई रु ७६७०७८ भुक्तानी भएको देखिन्छ। दर रेट पेश पत्रमा स्वीकृत भएको दर भन्दा बिलमा बढी दर राखि भुक्तानी भएको देखिकोमा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

विवरण	स्वीकृत दर (१सेट बराबर १.५ मि.)	भुक्तानी दर	बढी भुक्तानी दर	परिमाण सेट	असुल गर्नुपर्ने रकम (vat सहित)
पाईन्ट	६१५	६७५	६०	५३२	३६०६९
सर्ट	४४२.५	४८७	४४.५	५३२	२६७५२

जम्मा	६२८२०

असुल गर्नुपर्ने	६२,८२०

११९ **गाडी भाडा** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३(२) मा सवारी साधन भाडामा लिने प्रयोजनार्थ सो सम्बन्धी ज्ञान भएका दक्ष प्राविधिकहरुको समिती गठन गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै उपनियम ३ मा समितिले लागत अनुमान तयार गर्दा भाडामा लिने सवारी विवरण, स्पेशिफिकेशन, अवस्था र आयु, प्रचलित बजार,भाडामा लिने अवधि, इन्धनको मूल्य र खपत जस्ता विषयहरुलाई विचार पुर्याउनुपर्ने उल्लेख छ ।तर पालिकाले यो वर्ष कार्यालय प्रयोजनको लागि सवारी साधन भाडामा लिई रु.३१४१००० खर्च लेखेको छ ।उपर्युक्त व्यवस्था अनुरुप भाडाको लागत अनुमान तयारी गरी प्रतिस्पर्धात्मक तरिकाले खरिद नगरी व्यक्ति तथा संस्थासँग सोझै सम्झौता गरेको पाइयो ।यसरी खरिद नियमावलीले तोकेको प्रक्रिया अपनाएको नदेखिएकोले खर्च रकम अनियमित देखिएको रु.

सवारी धनीको नाम	सम्झौता मिति	सम्झौता अवधि		भाडा दर (इन्धन बाहेक)	कार्यालयले सवारी साधन भाडा बापत खर्च लेखेको रु.
		देखि	सम्म		
मो.आजाद	२०८०।०२।३२	२०८०।०३।०१	२०८०।०३।२१	५०००। प्रतिदिन	१०००००।
विनोद कुमार साह	२०८०।०२।१०	२०८०।०२।११	२०८०।०२।३१	५०००। प्रतिदिन	१०००००
आयुष एण्ड बिराट कन्स्ट्रक्सन,प्रो श्याम देव यादव	२०७९।०४।११	२०७९।०४।११	२०८०।०३।३१	१३५०००।प्रति महिना	१३५००००।
बाबा सप्लार्यस	२०७९।०४।११	२०७९।०४।११	२०८०।०३।३१	प्रति महिना १४४०००।	१५३९०००
प्रविन कुमार मेहता	उल्लेख नभएको				५२०००

अनियमित भएको	३१,४१,०००

१२० **खर्च शीर्षक फरक भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४१ मा सरकारी रकम खर्च गर्दा स्वीकृत भएको कार्यक्रम तथा शीर्षकमा खर्च भए नभए यकिन गरी मात्र खर्च लेख्नु पर्ने व्यवस्था छ। पालिकाले देहाय बमोजिम अनियमित देखिएको रु.

गो.भौ.नं. र मिति	भुक्तानी भएको खर्च शीर्षक	भुक्तानी गर्नुपर्ने शीर्षक	भुक्तानीको व्यहोरा	रकम रु.
३६२-०७९।१२।२३	विविध	मसलन्द	टेवल कर्सी खरिद	९८६६७
४४२-०८०।०२।०२	विविध	मसलन्द	केबल चार्जर पेपर रिङ्ग आदी	७८४२२
९४-०७९।०७।०६	मसलन्द तथा कार्यालय सामाग्री	विविध	खाजा, नास्ता वापत यम्मी स्वीट्स एण्ड बेकरी उद्योग	१७५६०
९५-०७९।०७।०६	मसलन्द तथा कार्यालय सामाग्री	विविध	खाजा, नास्ता वापत होटल पराडाइज	५९८५८
१०१-०७९।०७।२४	मसलन्द तथा कार्यालय सामाग्री	विविध	खाजा, नास्ता वापत मिथलेस कुमार मण्डल	२६०५१
४५०-०८०।०२।१२	मसलन्द	वैठक भत्ता	पदाधिकारी बैठक भत्ता	२२३२००
९४-२०७९।०७।०६	विविध	मसलन्द	कार्यालय सामान	१७५६०
९५-२०७९।०७।०६	विविध	मसलन्द	कार्यालय सामान	५९८५८
१०१-२०७९।०७।२४	विविध	मसलन्द	कार्यालय सामान	२६०५१
जम्मा				६०७२२७

अनियमित भएको	६,०७,२२७

१२१ **मर्मत तथा सम्भार खर्च**

१२१.१ कार्यालयले यो वर्ष मेशिनरी तथा औजार मर्मत सम्भार तथा सार्वजनिक सम्पत्तिको मर्मतमा रु ३,३५,००० खर्च लेखेको छ ।मर्मत खर्च लेखेका समानहरुमा डेक्सटप, कम्प्युटर, ल्यापटप, प्रिन्टर, चार्जर, माउस लगायतका समाग्री रहेका छन।कार्यालयले मेशिन औजार समाग्री मर्मतको स्थायी अभिलेख र लगसिट तयार नगरेकोले मर्मत खर्च यथार्थ हो भन्नेमा विश्वत हुन सकिएन।मेशिन औजार मर्मतको अभिलेख नराख्दा गत आब मा भएको खर्च संग तुलना गरी भिडाउने आधार देखिएन। नियमको पालना गरी खर्च व्यवस्थित गर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१२१.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकाले मर्मत खर्च भुक्तानी गर्दा म.ले.फा.नं ४१५ तयार नगरी सवारी साधन मर्मतमा रु.१०७०००० खर्च लेखेको छ ।अतः नियमको पालना गरी खर्च व्यवस्थित गर्नेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१२२ **भ्रमण अभिलेख एवं प्रतिबेदन** - भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूचि ६ बमोजिमको ढाचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न पदाधिकारी तथा कर्मचारीले विभिन्न स्थानमा अनुगमन तथा भ्रमण गरेको भनी भ्रमण खर्चमा रु.१३,२७,०००। खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन । कार्यालयमा देहायका निम्न कर्मचारीहरूको दैनिक हाजिरी रजिष्टरमा उपस्थिति देखिएको र सोही मितिमा दैनिक भ्रमण भत्ता भुक्तानी भएकोले सो रकम असुल गर्नुपर्ने रु

गो.भौ.नं. मिति	भ्रमण जानेको नाम	असुल गर्नुपर्ने रकम
१२२-०७९।०८।१५	सन्तोष कुमार राय	२०३००
५२६-०८०।०२।२४	प्रदिप कुमार यादव	१५०००
जम्मा		३५३००

असुल गर्नुपर्ने	३५,३००

१२३ **इन्धन खर्च** - आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९ अनुसार खर्चको बील भर्पाइ सहितको लेखा राखु पर्दछ । पालिकाले विभिन्न गोश्वरा भौचर र मितिबाट इन्ध पदाधिकारी रु. ३८२०००। इन्धन कार्यालय प्रयोजन रु.२४५२०००। र इन्धन अन्य प्रयोजन रु.२५००००।गरी जम्मा रु.३०८४०००।को इन्धन खरिद गरी आयल स्टोरलाई भुक्तानी गरेको छ ।म.ले.फा.न ९०५ मा प्रत्येक सवारी साधनको लागि बेग्लाबेग्लै लगबुक राख्नुपर्ने तथा सबै महल भर्नुपर्नेमा पालिकाले सवारी साधनको लगबुक राखेको देखिएन जसले गर्दा सवारी साधनको इन्धन खपत र गुडेको किलोमिटर बिश्लेषण गर्न सकिएन ।इन्धन बापतको खर्च पालिकाले नै भुक्तानी गर्ने गरी अध्यक्ष र कार्यालय प्रयोजनका लागि २ वटा चार पाङ्ग्रे गाडी वर्ष भरिलाई र अन्य केहि गाडी पटके रुपमा भाडामा लिएको साथै पालिका आफ्नै २६ मोटरसाइकल चालु अवस्थामा रहेको देखियो । तपशिलमा उल्लेख गरिएको तालिका अनुसार कार्यालय तथा पदाधिकारीले वार्षिक इन्धनमा गर्नुपर्ने औषत खर्च भन्दा बढी इन्धन खर्च गरेकोले अनियमित देखिएको रु

सवारी साधन	सवारी साधन संख्या	वार्षिक इन्धन खपत लि.	प्रति लिटर दर औषतमा	वार्षिक इन्धन बापत हुनुपर्ने खर्च औषतमा रु.	खर्च भएको रु.	बढि खर्च भएको रु.
गाडी कार्यालय प्रयोजन	१	१२०० डिजल औषतमा	१६०	१९२०००।	२७०२०००।	२००४५६०।
मोटर साइकल कार्यालय प्रयोजन	२६	३१२० औषतमा	१६२	५०५४४०।		
गाडी अध्यक्षको सेवा सुविधा	१	१२०० डिजल मापदण्ड अनुसार	१६०	१९२०००।	३८२०००।	१९००००।

अनियमित भएको	२१,९४,५६०

१२४ **प्राविधिक मुल्याङ्कन** - आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५७ अनुसार कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल भरपाइ तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नुपर्दछ।कृषि शाखाको ग्रिल तथा फर्निचर लगाउने कार्यको लागि प्राविधिक मुल्याङ्कन वेगर झ्याल ठोका टेवल दराज पलङ्ग खरिद गरी ॐ शिव शक्ति काष्ठ उधोगलाई रु ३९८६३५ भुक्तानी भएको देखिन्छ।लागत अनुमान प्रविधिक मुल्याङ्कन कार्य सम्पन प्रतिवेदन पेश नभएकोले कार्य भएको हो होईन यकिन गर्न सकिएन सो लागत अनुमान प्रविधिक मुल्याङ्कन कार्य सम्पन प्रतिवेदन प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	३,९८,६३५

१२५ **विविध खर्च** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण र कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ ।वडा कार्यालय बाहेक पालिकाले मात्र यो वर्ष विविध खर्च

वापत रु.३९९८००० खर्च गरेको छ । खर्च गरेको रकमको विल पेश गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन अर्थात गोश्वरा भौचर साथ बिल मात्र राखि बिलकै आधारमा भुक्तानी भएको देखिन्छ । विविध खर्च बापतको यस्तो रकम खाजा, नास्तामा खर्च गरेको र के कस्तो काममा संलग्नला के कति मापदण्डका आधारमा खाजा, नास्ता दिएको हो सो सम्बन्धी प्रयोजन, औचित्यतता र आधार समेत स्पष्ट गरेको देखिएन । आन्तरिक आय रु १२,९८,४२९ लाखको तुलनमा यो खर्च ३०७ प्रतिशत देखिएकोले यस्तो खर्चको उद्देश्य उपादेयता प्रमाणित नहुने गरी खर्च लेख्ने परिपाटीमा नियन्त्रखण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

नोटः प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन र अन्तिम लेखापरीक्षण प्रतिवेदनमा जारी भएको दफाको क्रम संख्या हेरफेर हुन सक्नेछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : छिन्नमस्ता गाउँपालिका, सप्तरी , छिन्नमस्ता गाउँपालिका , सप्तरी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	ललन कुमार यादव	२०७९-४-११	हाल सम्म कार्यरत
लेखा प्रमुख	संजय मेहता	२०७९-५-२२	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरणः

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१४,९९०,३६०	२२,१५०,०१६	३३,५७३,५२८	०	०	७५५,५१५
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					७१,४६९,४१९
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौंट गरी संपरीक्षण भएको रकम रु.					०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					७१,४६९,४१९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४१९४३४०१३.२२	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२६११२६५००	चालु खर्च	३५०७५२४६२.१९
प्रदेश सरकारबाट अनुदान	१६३१५०००	पूँजीगत खर्च	२६३४९९८७२
राजश्व बाँडफाँट	६६२९६५६७.९५	वित्तीय/अन्य व्यवस्था	३६६९८९८९.९
आन्तरिक आय	६६७६४०८.६		
अन्य आय	२०३९०८०.३३		
कुल आय	३५२४५३५५६.८८	कुल खर्च	६५०९५१३२४.०९
बाँकी मौज्दात		१२०९३६२४६.०१	

बेरूजु दफा ११३ सँग सम्बन्धित विवरण - अनुसूची -३

वडाहरु	विनियोजित बजेट				खर्च			
	विविध	मसलन्द तथा कार्यालय सामाग्री	इन्धन,भ्रमण	वडा संचालन खर्च	विविध	मसलन्द तथा कार्यालय सामाग्री	इन्धन,भ्रमण	वडा संचालन खर्च
१	२०००००	१५००००	१५००००		२०००००	१४९०००	१४९०००	
२		५००००		७५००००		५००००		७५००००
३		५०००००		११०००००		३८६०००		१०७७०००

४				७०००००				६१२०००
५				७०००००				६९९०००
६				७०००००				६९९०००
७				४०००००				३९९०००